विधाकेन्द्रित साहित्यिक पत्रिका

# वैजयन्ती



## अन्तर्वार्ता-अङ्क

८३

ISSN 2362-1117

Vaijayanti Nrs. 50.00

प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १५ अङ्क ५ पूर्णाङ्क ८३ विधाकेन्द्रित साहित्यिक पत्रिका २०७९ पुस-माघ

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}ohGtLdf k|sflzt /rgfsf] ;DkÚf{lhDd]jf/ :jod\n]vs g}xg\5g\.

# सम्पादकीय

• नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

• अन्तर्वार्ता, नाटक⁄एकाङ्की, चाड⁄पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि आठ सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौं रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

• अन्तर्वार्ता साहित्यको कविता, नाटक, समीक्षा, आख्यान, निबन्ध पाँच विधामा निबन्ध वा गैर आख्यान भित्रभित्रको हो भन्ने लागे पनि कताकता निबन्धकै उपविधा हो भनेर स्वीकार्न कठिन भइरहेको अवस्थाा छ । अन्तर्वार्ताले साहित्यको मात्र नभई सम्बन्धित स्रष्टाको साहित्यप्रतिको विचारका साथै निजी जीवनका अनेक पाटाहरू पनि केलाएको हुन्छ भन्ने विश्वास गरिन्छ ।

• वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

• वैजयन्तीको ८३ औं अङ्कका लागि १० स्वनामधन्य साहित्यकारका स्वनामधन्य साहित्यकारहरूले नै लिनुभएको अन्तर्वाताहरू यस अङ्कमा समावेश गरिएको छ । स्रष्टाको जीवनप्रतिको दृष्टिकोण 'जीवन दर्शन' उजागार होस् भन्ने उद्देश्यलाई विशेष महत्त्व साथ हेरिएको छ ।

• आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ ।

• वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

• **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www. khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

अन्तर्वार्ता-१, हाइकु-१, संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड⁄पर्व-१, गीत-१, नाटक⁄एकाङ्की-२, विदेशयात्रा-३, मुक्तक-४, गजल-४, लघुकथा-५, स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-७, संस्मरण-७, गद्यकविता-७, निबन्ध-८ समीक्षा-८, छन्दकविता-१२ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

८४ औं अङ्क **छन्दकविता-अङ्क १३** हुनेछ ।

## यस अङ्कमा


| क्रम. के | कसको | पृष्ठ |
|---|---|---|
| निबन्धकार आत्माराम खरेलसँग स्वअन्तर्वार्ता | | ५ |
| आख्यानकार श्रीगीता केशरीसँग | साहित्यकार रामकुमार पण्डित क्षत्रीको प्रश्न | ९ |
| समालोचक प्रा. गोपीकृष्ण शर्मासँग | साहित्यकार डा. विश्वदीप अधिकारीको कुराकानी | १३ |
| साहित्यकार डा. गोविन्द सिंह रावतसँग | साहित्यकार सुरेन उप्रेतीको जिज्ञासा | २२ |
| कवि बालकृष्ण भट्टराईसँग | साहित्यकार यादव भट्टराईको जिज्ञासा | २८ |
| कवि भुवनहरि सिग्देलसँग | साहित्यकार तिलस्मी प्रभासको प्रश्न | ३१ |
| समालोचक प्रा.डा. यादवप्रकाश लामिछानेसँग | साहित्यकार उत्तमकृष्ण मजगैयाँको कुराकानी | ३७ |
| नियात्राकार रामप्रसाद पन्तसँग | साहित्यकार कमल ज्ञवालीको भलाकुसारी | ४९ |
| समालोचक प्रा.डा. लक्ष्मणप्रसाद गौतमसँग | साहित्यकार डा. ज्ञानु अधिकारीको जिज्ञासा | ५५ |
| आख्यानकार सुलोचना मानन्धर धितालसँग | साहित्यकार हंसा कुर्मीको कुराकानी | ६२ |


## स्थायी स्तम्भ

**आवरण चित्र** : सुबोध घिमिरे, क्यालिफोर्निया अमेरिका

**अब हाम्रो पालो**

छन्दकविता, कथा आदि अङ्क ।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी shabdarthaprakashan@gmail.com मा पठाउन सक्नुहुनेछ ।

# वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्दुप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाईं (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |
| अङ्क ५५. माधव पोखरेल गोज्याङ्ग्रे (लघुकथा) | अङ्क ५६. शीतल गिरी (निबन्ध) |
| अङ्क ५७. आत्माराम खरेल (निबन्ध) | अङ्क ५८. दुर्गाकिरण तिवारी (गद्यकविता) |
| अङ्क ५९. डा. रमेश शुभेच्छु (गद्यकविता) | अङ्क ६०. विनोद नेपाल (स्वदेशयात्रा) |
| अङ्क ६१. सूब सेन (नाटक) | अङ्क ६२. विष्णुप्रसाद शर्मा पराजुली (कथा) |
| अङ्क ६३. ज्ञान उदास (मुक्तक) | अङ्क ६४. डा. विष्णु केसी. (समीक्षा) |
| अङ्क ६५. लक्ष्मण अर्याल (लघुकथा) | अङ्क ६६. प्रह्लाद पोखरेल (छन्दकविता) |
| अङ्क ६७. हरि पाण्डे पथिक (राष्ट्रियव्यक्तित्व) | अङ्क ६८. बालकृष्ण भट्टराई (राष्ट्रियव्यक्तित्व) |
| अङ्क ६९. जनक वाग्ले (गीत) | अङ्क ७०. खगेन्द्र खोल्साघरे (संस्मरण) |
| अङ्क ७१. रासा (कथा) | अङ्क ७२. रुद्र ज्ञवाली (छन्दकविता) |

# निबन्धकार आत्माराम खरेलसँग स्वअन्तर्वार्ता

यो मन हरबखत केही न केहीमा जिज्ञासा राखिरहन्छ । उत्तरको खोजी गरिरहन्छ । केही गनगन पनि गरिरहन्छ । 'जन्म लिएँ - एक्लै । सपना बुनें - एक्लै । सपनाको खोजीमा हिँडिरहें - एक्लै । कहिले गरिरहें - आफैलाई प्रश्न । कहिले खोजिरहें - आफैमा उत्तर ।' घरीघरी थुप्रै प्रश्नद्वारा घेरिइरहन्छु । अनुत्तरित हुँदा पिल्सिइरहन्छु । उत्तरको खोजी गर्दै आफैभित्र पस्छु र घोत्लिन्छु अनि खोज, अनुसन्धान र चिन्तनतर्फ उन्मुख भइरहन्छु ।

**के कति कारणबाट लेखनमा अग्रसर हुनुभयो ?**

म नौ वर्षको हुँदा हजुरआमा बित्नुभयो । त्यतिबेला म निकै रोएको थिएँ । सिनेमाको गीति पुस्तक बेच्नेहरूले गाएको सुन्ने गर्थें । त्यस्तै झ्याउरे गीति पुस्तक बिक्री गर्नेहरूले गाएको पनि सुन्ने गर्थें । सायद त्यही शोकपूर्ण घटना र सुनिएका गीतका कारण लेखौं-लेखौंको भाव ममा पलाएको हुनुपर्छ ।

**लेखनको कुन अवस्थामा लेखक बन्न सक्छु जस्तो लाग्यो ?**

कपन बानेश्वर, भानु, दायित्व, वैजयन्ती आदिबाट सम्मानित हुँदा ममा निकै उत्साह र उमङ्ग पलायो । त्यस्तै साहित्यिक अग्रज, सम्पादक, प्रकाशक, पाठक आदिबाट पनि सकारात्मक टिप्पणी आइरह्यो । यिनै प्रतिफलका कारण लेखकमा दरिन सक्छु भन्ने लाग्यो ।

**लेखन र सामाजिक सङ्गतबारे ?**

लेखन पूर्णकालीन हुँदै जाँदा सामाजिक सङ्गत पातलिएका छन् ।

**यसमा दुःख लाग्दैन ?**

सङ्गतमा रहेका-नरहेका सबैलाई लेखनले जोड्छ ।

**कस्तो जीवन शैली बिताउन चाहनुहुन्छ ?**

समयसापेक्ष रमाइलो जीवन शैली ।

**एकल जीवनयापनमा कत्तिको अभाव र असहज अनुभव हुन्छ ?**

एक्लोपना ऐकान्तिक परिवेश हो । रुचिका कारण एकान्तमा बसेर गरिने पूर्णकालीन लेखनमा आनन्द लाग्छ । यस्तो परिवेशमा अभाव र असहजताको अनुभव भएको छैन ।

**यहाँको शारीरिक तन्दुरुस्ती र मानसिक सक्रियताबारे केही शब्द.?**

मेरो स्वास्थ्य राम्रै-छरितै छ । मुटुको धमनीको एक ठाउँमा सानो ब्लक

देखिएकोले सामान्य औषधी खाँदै आइरहेको छु । जीवनशैली अनुशासित छ । समय-समयमा गरिने स्वास्थ्य परीक्षणका नतिजा सकारात्मक रहँदै आएका छन् । धड्कनमा समस्या देखिएपछि पेशमेकर लगाएँ । अहिले मेरो धड्कन सामान्य छ ।

**तपाईंको रचनामा ऐनाका प्रसङ्ग निकै हुन्छन् नि ?**

ऐना हेरेर कहिले रोदन योग त कहिले हाँसो योग गर्छु । कहिले ऐनासित आक्रोश पोख्छु त कहिले ठट्टा पनि गर्छु । यो मेरो शारीरिक र मानसिक स्वास्थ्य योग हो । आफै प्रश्नकार, आफै उत्तरकार होइन यो एक स्ववार्ता पनि हो ।

**स्ववार्ताका केही सकारात्मक पक्ष पनि छन् कि ?**

यसबाट कतिपय बिर्सिएका घटना पुनर्स्मृत हुन्छन् । कसैसित खट्किएका प्रसङ्गबारे हुने ऐना संवादले मन हलुङ्गो बनाउँछन् । प्रश्न र विचारमाथि तर्क-वितर्क गर्दा आफूभित्रका डर, त्रास र आक्रोश हराएर जान्छन् ।

**आफूलाई साहित्यबाट पर राख्दाको कल्पना पनि गर्नुहुन्छ ? गर्नुहुन्छ भने कस्तो लाग्छ ?**

त्यस्तो कल्पना कहिलेकाहीँ गरिन्छ । साहित्यबाट पर रहँदाको यो जीवन त एकदमै नीरस, स्वादहीन र उद्देश्यहीन लाग्छ ।

**मनको भाव कसरी शब्दमा रूपान्तरित हुन्छन् ?**

मनका भावलाई चित्रको रूपमा आँखासामु ल्याएर शब्दमा रूपान्तरण गरिन्छन् ।

**शब्दकलाबाट मनको भाव कसरी मूर्त हुन्छ र कस्तो अनुभूत गर्नु हुन्छ ?**

गर्भमा रज र वीर्यको सम्मिश्रणबाट बन्ने मासुको डल्लो विकसित हुँदै जान्छ । डल्लोले निश्चित समय (करिब चार महिना) मा पूर्ण शरीरको आकार लिन्छ । त्यो शरीरमा पहिलो पटक प्राकृतिक शक्ति (करेन्ट) उत्पन्न हुँदा शिशु चल्बलाउन सुरु गर्छ । जब शब्दकलाबाट मनको भाव प्रसूत हुन्छ तब मैले उक्त गर्भवती महिलाले झैं आनन्दको अनुभूत गर्छु ।

**साहित्य कस्तो हुनुपर्छ ?**

साहित्यमा जतिसक्दो धेरै विचार अटाउनुपर्छ । साहित्यले समयलाई जोड्नुपर्छ, सत्यको पक्ष अँगाल्नुपर्छ र समाजलाई सुधारोन्मुख गराउनुपर्छ ।

**साहित्य के-कस्ता कुराले रङ्गिएको हुन्छ ?**

साहित्य भाव र कलाले रङ्गिएको हुन्छ । विनाभावको रचनाले कुनै अर्थ राख्दैन न त कला विनाको रचनाले ।

**भाव र शैलीका बारेमा केही सुनौ न ?**

भाव सर्जकको हृदय हो, शैली उसको मस्तिष्क ।

**साहित्य कसरी लेखिनुपर्छ ?**

भावुकतामा पनि बौद्धिकता नहराओस् । निबर्न्धतामा पनि संयमता रहिरहोस् । सिर्जनाको रफ्तारमा पनि प्रसङ्ग नबहकियोस् ।

**साँचा साहित्य कस्ता हुन्छन् ?**

स्वतस्फूर्त जनस्तरबाट लेखिएका साहित्य साँचा हुन्छन् । तिनमा सर्वसाधारणका पीडा-व्यथा र सुख-दुःख हुन्छन् ।

**किन सिर्जनामा शब्दचयनलाई महत्त्व दिइन्छ ?**

शब्द भन्नु साँचो-ताला हो । सही शब्दले कसैको मुखमा बुजो लगाउन र कसैको बन्द मुख खुलाउन पनि सक्छ । साथै बोली र गोली कहिल्यै नफर्कनेमा पनि ख्याल गरिन्छ ।

**कस्ता साहित्य दीर्घायु हुन्छन् ?**

सामाजिक समस्या र समाधानका बारेमा गरिएका सही बहस र व्याख्यामा नै सिर्जनाको आयु भरपर्छ ।

**लेखक र पाठकको सम्बन्धबारे केही शब्द ?**

सिर्जनामा सामाजिक दर्पण जति सफा हुन्छ त्यति नै त्यो लेखक पाठक-प्रिय हुन्छ ।

**जीवनमा गर्न नपाइएका कुरा पनि छन् कि ?**

कुनै अन्तर्राष्ट्रिय भाषाका माध्यमबाट विश्व साहित्य अध्ययन पाइएको छैन । केही अनूदित पुस्तकहरू पढ्न पाउँदा सन्तोष लागिरहेछ ।

**जीवनमा गर्न नभ्याइएका कुरा पनि छन् कि ?**

छापिएका फूटकर लेख-रचनाहरू सङ्कलन गर्न भ्याइएको छैन । सङ्कलित भई पुस्तक बनेर रह्यो भने आउने पुस्ताका लागि रहिरहन्छ ।

**जीवनमा गर्न छुटेका कुरा पनि केही छन् कि ?**

जीवनमा नछुटेका भन्दा छुटेका कुरा अत्यधिक हुन्छन् । तिनको तपसिल एकदमै लामो हुन्छ ।

**यतिबेला 'सर'को रूपमा नभई 'मिस'को रूपमा अन्तर्वार्ता दिइरहनु भएको भए ?**

'मिस'को रूपमा हुँदो हुँ त तपाईंको आँखाको घुमाइ र शब्दको प्रयोगमा ध्यान दिन्थें हुँला । तपाईं समयभन्दा अगावै आउनुहुन्थ्यो होला । दिएको समय अवधीभन्दा अझ बढी रहनुहुन्थ्यो होला । साथै प्रसङ्गविनै मुस्काउँदै भन्नुहुन्थ्यो होला - 'म पनि एकल जीवनयापन गरिहेको छु ।'

**प्रश्न र उत्तरमा कुन चाहिं बेशी हुन्छन् होला ?**

लेखन कहिले प्रश्नै प्रश्नका चाङमा जकडिएका हुन्छन् । कहिले उत्तरै-

उत्तरको झरनामा रमाएका हुन्छन् अनि लाग्छ जिन्दगी आफैमा प्रश्नोत्तर हो। हर दैनिकी आफैमा स्ववार्ता हो।

**न प्रश्न न उत्तरको अवस्थामा के सोचिन्छ होला ?**

न मलाई सोध्ने प्रश्न नै लिएर आउनुहुन्छ न तपाईंलाई दिने उत्तर नै लिएर आउँछु।

**कतिपय व्यक्ति पठनका प्रसङ्गमा निधार खुम्च्याउँछन्, किन होला ?**

कतिपय व्यक्ति जति पढ्छन् उति डराउने पनि हुन्छन्। कतिपयमा पुस्तक खरिदका लागि वजेट अभाव र पुस्तकालय सुविधाबाट खुम्चिन पुगेको अवस्था पनि छ।

**कर्तव्य र जिम्मेवारीका सम्बन्धमा केही बताइदिनुहुन्छ कि ?**

आफ्नो उन्नति सँगसँगै अरूको भलो चिताउनु मानवता हो। जिम्मेवारीको बोध हुनु र आफ्नो दायित्व निर्वाह गर्नु सामाजिक सुदृढिकरणमा उन्मुख हुनु हो।

**आजको साहित्य भोलिको निम्ति के होला ?**

आजको साहित्य भोलिको इतिहास र भावि सन्ततिका लागि मार्गदर्शक हो।

**छुटेका केही प्रश्न छन् कि ?**

साहित्यलाई 'अनुपात्पादक' वस्तुको घेरामा राख्दा चेतना र सुन्दरताको अभाव हुने गर्छ।

काठमाडौं।

ä ã

**शब्दार्थ प्रकाशन**ले

**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र

अझै अरू प्रकाशन गर्दै छ।

के तपाईं पनि कोशकार हुनुहुन्छ ?

आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

# आख्यानकार गीता केशरीसँग रामकुमार पण्डित क्षत्रीको प्रश्न

नेपाली आख्यानका क्षेत्रमा गीताकेशरी सुपरिचित नाम हो । नेपाली समाजमा व्याप्त कुरीति, विसङ्गतिहरूलाई पर्गेल्दै आफ्नो बलियो धारणा र विचार कथा र उपन्यासहरूका माध्यमबाट नेपाली समाजलाई दिने उपन्यासकार गीता केशरीका (१९९७) २०३४ देखि हालसम्म तेह्रओटा उपन्यास कृति प्रकाशित भइसकेका छन् । २०२१ विसं.देखि नै कथा लेख्दै आउनुभएकी केशरीका तीनओटा कथाकृतिका साथ महाकवि लक्ष्मीप्रसाद देवकोटा को जीवनी *नेपाली साहित्यका ध्रुवतारा* नामक कृति पनि प्रकाशित भएका छन् । नेपाल वायु सेवा निगमको प्रमुख र प्रज्ञा-प्रतिष्ठानको सदस्यसचिव समेत रहिसक्नुभएकी कथाकार केशरी ८३ वर्ष लाग्दा समेत नेपाली साहित्यमा सक्रिय हुनुहुन्छ । करिब दुई दर्जन सम्मान र पुरस्कारहरूद्वारा सम्मानित आख्यानकार गीताकेशरीसँग ***वैजयन्ती*** पत्रिकाका लागि साहित्यकार रामकुमार पण्डित क्षत्रीद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**आफूले बाँचेको जीवन हेरेर तपाईंको जीवन दर्शन के हो ?**

जीवन सङ्घर्षमय रहेछ । सङ्घर्ष विना केही पनि प्राप्त गर्न सकिँदो रहेनछ । बौद्धिक तर्क र मिहेनत जाना शक्तिको आवश्यकता हरेक क्षेत्रमा पर्ने रहेछ ।

**भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ, यहाँलाई ?**

भोलिको साहित्यले भावनालाई छोएर मस्तिकको निर्देशनमा चल्न प्रेरित गर्ने व्यवहारिक होस् र मानवले हरेक क्षेत्रको सुझबुझ राखी व्यवहार गर्न प्रेरित गरोस् भन्ने लाग्छ ।

**तपाईंले जीवनमा गर्नुपर्ने लागेको तर गर्न नसकेको कार्य साहित्यमा कुन हो ? नसक्नाको कारण अरू छन् कि ?**

मलाई लाग्थ्यो टोल टोलमा सानो भए पनि पुस्तकालय होस् जहाँ केटाकेटीहरू जम्मा भई पढ्ने पुस्तक पाउन सकुन र बीचमा विषयगत वहस पनि गर्न थालून् । यसले बौद्धिक विकास हुन्थ्यो । कुनै कुनै ठाउँमा यो खुल्दै आएको पनि छन् । यसले निरन्तरता पाओस् भनि आशावादी पनि भएकी छु ।

**आफूले लेखेर आफैले पढ्दा वाह यो त राम्रो लेखेछु भनेर आनन्द लागेको रचना वा कृति कुन हो तपाईंको ?**

महाकवि लक्ष्मीप्रसाद देवकोटा बारे लेखिएको उहाँको जीवनी जुन नेपाली साहित्यका ध्रुवताराको नाममा प्रकाशित छ ।

**के कारणले आनन्द लागेको होला ?**

एउटा महान् नेपाली महाकविको बारेमा पुस्तक लेखेर आफ्नो तर्फबाट श्रद्धा अर्पण गर्न पाएकीमा ।

**धर्म र दर्शन के हो तपाईंको दृष्टिमा र दर्शनलाई धर्मबाट अलग राखेर हेर्न सक्नुहुन्छ ?**

धर्म र दर्शन एकअर्काको पुरक हुन् । जसलाई अलग राखेमा यी अपूर्ण र महत्त्वहीन हुन्छन्, अर्थहीन हुन्छन्

**तपाईं छोटै उमेरमा पतिको साथ छोड्न विवश हुनुभयो । जुन उमेरमा उहाँले छोडेर जानुभयो लगभग त्यति नै उमेर यहाँले एक्लै हिंडिसक्नुभयो । यस अवस्थामा रूमलिँदा रूमलिँदै पनि यहाँले समाज र साहित्यमा अमूल्य गुण लगाउनुभएको छ । अचेल समाजमा पनि पति-पत्नीबीच पनि बेमेल हुने अल्पायु मै बिछोड भएका महिला वा पुरुषमा वितृष्णा देखिने गरेको छ । त्यस्ता मानिसहरूलाई के सन्देश दिनुहुन्छ ?**

पारिस्थितिसँग भागेर होइन सामना गरेर अगाडि बढ्ने प्रयास गर्नुपर्छ सुख या दुःख भनेको आफैले सिर्जना गर्ने हो । घरको शान्ति, उन्नति र बच्चाहरूको चरित्र निर्माणको लागि भए पनि घरमा शान्ति, आपसमा मेलमिलाप र स्नेहयुक्त वातावरण हुनु आवश्यक छ । एकआपसमा समझदारी दुवै नारी र पुरुष (पति पत्नी) ले परिवारको बीचमा राख्नुपर्छ ।

**साहित्यकार भनेर चिनिन के गर्नु पर्ला ?**

स्तरिय साहित्य लेख्दै र छाप्दै जानुपर्छ जुन व्यवहारिक र मन छुने होस् । यसरी लेखन समयानुकुल, पाठकको रुचि र ज्ञानबर्द्धक भएमा सो धेरैले पढ्ने छन् र लेखकको परिचयमा तिनले साहित्यकारको सम्बोधन पाउन सक्छन् ।

**समाजमा जसको रचना पाठ्यक्रममा बस्यो उसैलाई साहित्यकार भन्ने र चिनिने सम्भावना बढी छ, भलै उसले एक दुईवटा मात्र रचना कोरेको किन नहोस् ! यहाँ दर्जनौ कृति प्रकाशन गरेर थोरै साहित्यकार माझ परिचित व्यक्तिसमेत पाठ्यक्रम विज्ञ सामु अपरिचित भएका कारण राम्रा साहित्य र साहित्यकार ओझेलमा परेको जस्तो लाग्छ कि लाग्दैन होला ? लाग्छ भने निराकरणको उपाय के होला ?**

पाठ्यक्रमका लागि पुस्तकको छनोटको निमित्त एउटै निकायबाट सुहाउँदो नियम बनाई त्यसै अन्तर्गत पुस्तकको छनोट गर्नु उपयुक्त हुन्छ जहाँबाट लेखकको होइन कृतिको छनोट हुन महत्त्वपूर्ण छ ।

**साहित्य लेखनमा कला पक्षको आवश्यकता बढी छ या वर्णात्मक शैलीको ?**

दुवैको आवश्यकता छ किनकि वर्णनको शैलीले आल्मलाएको वेला साहित्य लेखनको कला पक्षले बुझाउँछ ।

**समाजमा पुरस्कार पाउने कृति र कृतिकारलाई नै महत्त्व दिने प्रचलनले गर्दा पुरस्कार पाएको कृतिभन्दा ओजनदार कृतिलाई छायामा पारेको हुन्छ ? यस प्रकारको प्रवृतिलाई हटाउन के गर्नु पर्ला ?**

यस विषयमा पुरस्कार छनोट गर्ने कमिटीले यस कुरालाई मध्यनजर राखी आफ्नो दायित्व पूरा गर्नुपर्ने हुन्छ ।

**यहाँले प्रज्ञाप्रतिष्ठान जस्तो संस्थाको सदस्य सचिव र अन्य अन्तर्राष्ट्रिय स्तरका साहित्यिक सङ्स्थामा समेत बसेर काम गर्नुभयो यहाँले त्यस्ता पदमा बसेर गर्न लायक गरेको काम र चाहँदाचाहँदै पनि गर्न नसकेको कामको विषयमा बताइदिनसक्नुहुन्छ कि ?**

देश द्वन्द्व कालको भुमरीमा नै थियो । यसको असर गइसकेको थिएन । के कसो गर्नु पर्ला भने सोच बनाउँदैमा हाम्रो अवकास भयो ।

**आफ्नो सन्दर्भमा प्रज्ञा प्रतिष्ठान लगायत निजी साहित्यक संघसंस्थाको गतिविधि कस्तो लाग्छ ?**

साहित्यलाई उत्थान गर्नुपर्छ र यही नै उपयुक्त माध्यम हुनेछ भनेर लागि परेको देख्दा ठीक मार्ग अपनाएको थिएँ जस्तो लाग्छ तर कताकता अल्मालिएको पनि हो कि जस्तो लाग्छ ।

**तपाईं राजनीतिशास्त्रको पनि विद्यार्थी, सानैदेखि दरबाररिया संस्कार देख्नुभएको थियो । पञ्चायत, २०३६, २०६२-२०६३ को राजनीतिक महत्त्वपूर्ण घटनाहरूको साक्षी हुनुहुन्छ, कस्तो लाग्छ आजको राजनीति ? विश्व परिदृश्यमा नेपाली राजनीति कस्तो पाउनुहुन्छ ?**

नेपाली राजनीतिले आजको परिवेशमा जरुरतअनुसार समाज बदल्न अझै सकेको छैन तर कोसिस गरिरहेकै देखिन्छ ।

**तपाईं एउटी कुशल गृहिणी र कुशल अविभावक पनि हो । आफ्नो जीवनमा लिङ्गीय जाति र वर्गीय भेदभाव मनग्गे देख्नुभयो र भोग्नु पनि भयो जुन व्यवहार आजका पुस्ताले भोग्नुपरेको छैन । लिङ्गीय जातिय र वर्गीय उन्मुक्तिको नाममा आजको समाज कुन दिशामा उन्मुख भए जस्तो लाग्छ ?**

यस पक्षमा आजको समाज निकै परिर्वतन भई समानताको दिशातर्फ अगाडि बढिरहेको छ ।

**तपाईंसँग नेपाल वायुसेवा निगमको उच्च्व पदमा रहेर काम**

**गर्नुभएको अनुभव छ, प्रशासन र साहित्यलाई एकै साथ लैजान कत्तिको गाह्रो या सजिलो के कस्तो अनुभव छ ?**

गाह्रो नै पर्थ्यो तर म एकलाई आफ्नो रुचि र अर्कोलाई कर्तव्यको रूपमा लिन्थें र समयअनुसार मिलाउँथे ।

रामहिटी, काठमाडौं ।

ä ã

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**१. 'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

२०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
२०७० बुनू लामिछाने
२०७१ भुवनहरि सिग्देल
२०७२ लक्ष्मीकुमार कोइराला
२०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
२०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
२०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
२०७७ प्रा.डा. रामप्रसाद ज्ञवाली
२०७८ शैलेन्दुप्रकाश नेपाल

**२. 'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

२०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी, काठमाडौं
२०६९ चिसाखोला आश्रम, पोखरा
२०७० भागवत् सन्न्यास आश्रम, पशुपति, काठमाडौं
२०७१ पवित्र समाज सेवा नेपाल, धापासी, काठमाडौं
२०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
२०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
२०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी, काठमाडौं
२०७५ द ओरफान होम, बाजुरा
२०७७ नेपाली शिक्षा परिषद्, सोह्रखुट्टे, काठमाडौं
२०७८ ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट

**३. 'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**

२०७० प्रा.डा. केशवप्रसाद उपाध्याय
२०७१ प्रा. शिवगोपाल रिसाल
२०७२ प्रा. मोहनराज शर्मा
२०७३ प्रा. ठाकुर पराजुली
२०७४ प्रा. दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल
२०७८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# समालोचक प्रा. गोपीकृष्ण शर्मासँग डा. विश्वदीप अधिकारीको कुराकानी

विसं. १९९७ माघमा तानसेन पाल्पामा जन्मनुभएका प्राध्यापक गोपीकृष्ण शर्मा (गौतम) २०१४ सालदेखि निरन्तर पाठ्यपुस्तक, समालोचना, निबन्ध, कविता-काव्य लेखनमा सक्रिय हुनुहुन्छ । *नेपाल परिचय २०३०, नेपाली निबन्ध परिचय २०४०, अवलोकन र विवेचन २०४४, सरल निबन्ध परिचय २०४८, केही कथा उपन्यास केही कविता काव्य २०४९, एक भाषा अनेक साहित्य २०५०, महिमा काव्य २०७३ र आरोहण महाकाव्य २०७४* संयुक्त, *पर्यवेक्षण (समालोचना सङ्ग्रह २०७५)* आदि प्राध्यापक शर्माका प्रमुख कृति हुन् । नेपाली बृहत् शब्दकोशका समेत सहसम्पादक शर्माले नेपालीमा एमए र संस्कृतमा वनारसबाट व्याकरणाचार्य गर्नुभएको हो । श्री शर्माले २०१९ सालदेखि माध्यमिक विद्यालयमा, २०२१ देखि २०३५ सालसम्म त्रिभुवन कलेज, तानसेन पाल्पामा र नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयमा २०३५ देखि २०५९ सम्म प्राध्यापन गर्नुभयो । करिब दुईदर्जन सम्मान र पुरस्कारहरूद्वारा सम्मानित समालोचक गोपीकृष्ण शर्मासँग ***वैजयन्ती*** पत्रिकाका लागि डा. विश्वदीप अधिकारीद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**आफूले बाँचेको जीवन हेरेर तपाईंको जीवनप्रतिको दृष्टि के हो ? तपाईंको जीवन र जीवनप्रतिको दृष्टिमा के भिन्नता छ ?**

नैतिक धरातलमा सामाजिक मर्यादा कायम रहने गरी प्राणी मात्रले खास गरी मानवले जन्मदेखि मृत्युसम्म सुख र दुःखका साथ बाँच्ने प्रक्रिया जीवन हो र त्यस जीवनलाई सुखद तथा शिष्ट तुल्याउन अँगाल्नुपर्ने सात्त्विक र योगयुक्त जीवन दृष्टि वा मार्ग चाहिँ जीवन दर्शन हो । चिन्तनका रूपमा वेदान्त दर्शन, साङ्ख्य दर्शन र बुद्ध दर्शन आदि विविध दर्शनहरू प्रचलित छन् । समय क्रममा बाल, वृद्ध, युवा सबैले अपनाउनुपर्ने जीवन यात्रामा भौतिक सुख सुविधाप्रति निरपेक्ष रही तृष्णालाई त्याग गरेर विशेष गरी आध्यात्मिक जीवन बाँच्ने दार्शनिक प्रक्रिया आनन्दका लागि अपेक्षित पनि हुन्छ । आफ्नो मात्र सुख सुविधाको चाहना गर्ने, अरूले दुःख पाउँदा खुसी हुने र अरूले सुख पाउँदा ईर्ष्याका साथ दुखित रहने आसुरी प्रवृत्तिलाई राम्रो मानिँदैन । यसरी मानव मात्रमा प्रेम, दया, सेवा र शान्तिको वातावरणमा रहेर दैवी प्रवृत्ति अँगाल्नु मानवताको लक्षण पनि हो ।

म आफैले बाँचेको जीवन र मेरो जीवनप्रतिको दृष्टिमा मेल खाँदैन, यी दुई पक्ष भिन्न भिन्न छन् । आफूले बाँचेको जीवन यथार्थ हो भने आफूले सोचेको जीवनदृष्टि चाहिँ आदर्श हो । सबैले आदर्श जीवन बाँच्न चाहेका हुन्छन्, तर त्यो आदर्श जीवन पर पर गएको हुन्छ सजिलै भेटाउन सकिँदैन । चोर डाँकाले पनि राम्रो तथा सुखी जीवन बाँच्न चाहन्छन्, तर उनीहरूको व्यवहार आसुरी प्रकृतिको हुन्छ र आदर्शमा पुग्न सक्दैनन् । राम्रो सोचाइ राख्नेहरूलाई पनि त्यो उचाइमा पुग्न हम्मे हम्मे परेको हुन्छ । हरेक व्यक्तिले जति बाँचिन्छ, सुख शान्तिसँग हिँडन् पाइयोस् भन्ने आकाङ्क्षा राखेको हुन्छ । सुखी जीवन बाँच्नका लागि को लालायित हुन चाहँदैन र ? सबैले आनन्दमय जीवन होस् भन्ने चाहना राख्छन्, तर गलत संस्कार र दुषित वातावरण भयो भने त्यस प्रकारको धारणा पूरा हुन सक्दैन । त्यसो हुनाले आनन्दमय जीवनका लागि बाह्य परिवर्तन मात्र होइन आन्तरिक परिवर्तन पनि आवश्यक हुन्छ । आन्तरिक परिवर्तन भनेको मनोगत परिवर्तन हो । ईर्ष्या, द्वेष, कटुता, क्रोध, लोभ, अहङ्कारजस्ता खराब प्रवृत्तिलाई मनमा आउन नदिई प्रेम, दया, भ्रातृत्व, सेवाभाव, परोपकारिता आदि अँगाल्ने हो भने मनमा शान्ति हुन्छ, आनन्दैआनन्द हुन्छ । पूर्वीय शास्त्रहरूले पनि घुमाई फिराई विविध दृष्टान्तद्वारा यस्तै सन्देश दिएका हुन्छन् ।

आफ्नो जीवनलाई सुखी तुल्याउन सबै व्यक्तिले सोचाइ राखेका हुन्छन् । सगरमाथा शिखरमा पुग्न धेरैले चाहन्छन् तर केही आरोहीलाई मात्र त्यो सफलता मिलेको हुन्छ, त्यसकारण बाहिरी सुख सुविधाप्रति निरपेक्ष रहेर आन्तरिक शान्ति, मनोगत सन्तुष्टि र सेवापरक आचरण अँगालेमा त्यो उचाइमा पुग्न सकिन्छ र वास्तविक शान्ति र सन्तोष प्राप्त हुन्छ ।

**तपाईंको दृष्टिमा धर्म र दर्शन के हो ? दर्शनलाई धर्मबाट अलग राखेर हेर्नुपर्दछ कि साथै ?**

स्थूल दृष्टिमा धर्म र दर्शन अलग-अलग हुन् । धर्म वस्तुकेन्द्री हुन्छ भने दर्शन चाहिँ आत्मकेन्द्री हुन्छ । वस्तुमा निहित गुण, प्रवृत्ति, विशेषता, उपयोगिता आदि सबै धर्म हुन् । स्थावर, जङ्गम वा चर अचर सबैमा आ-आफ्नो धर्म हुन्छ । पानीको धर्म शीतलता हो भने आगोको धर्म चाहिँ उष्णता हो तर यहाँ दर्शनका साथ धर्म शब्द आएकाले मानव धर्मलाई सङ्केत गरेको प्रतीत हुन्छ । मानवको धर्म मानवता हो, शान्ति, दया, प्रेम, सहयोगी पन, सामाजिकता, मेलमिलाप आदि मानवीय गुणहरू मानव धर्म हुन् ।

समाजमा देवदेवीको पूजाआजा र यज्ञ अनुष्ठानसँग जोडेर भक्तिमार्गका आचरणका रूपमा पनि व्याख्या गरिएको छ । नित्य स्नान गर्नु, देवताका पूजा गर्नु, मन्दिरमा पूजा वा दर्शन गर्न जानु, पुराण सुन्नु र तीर्थ जानु आदि पनि धर्म

हुन् भनिएको पनि छ । जनसाधारणले मोटामोटी यही भक्ति-भावलाई धर्मका रूपमा बुझेका पनि हुन्छन् । धर्मलाई शारीरिक प्रक्रिया र मनोगत व्यापार गरी दुई दृष्टिबाट पनि हेर्न सकिन्छ । भक्तिमार्गका देवदेवी पूजा र तीर्थयात्रा आदि शारीरिक प्रकार्य हुन् र यसको विपरीत ज्ञानमार्गका मनोगत ध्यान, धारणा, अतीन्द्रिय एकाग्रता तथा सर्वशक्तिमान् अयोनिज सत्यं ज्ञानम् अनन्त ब्रह्मतर्फ दृष्टि लीन गराएर समाधि तथा त्योभन्दा पनि अगाडि गएर एकमात्र परमात्मा स्वरूप ब्रह्म वा परमात्म तत्त्वको मानसिक व्यापार पनि धर्म नै हो, अतीन्द्रिय चिन्तन स्थिति । यस्तै मिल्दोजुल्दो अभिव्यक्ति श्रीमद्भगवद् गीतामा पनि आएको छ - सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।

अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच ॥

यसरी असल आचरणका पृष्ठभूमिमा धर्मका नाममा गरिने शारीरिक प्रकार्य स्वरूप धर्मतर्फबाट मुख मोडेर एकमात्र ब्रह्मतत्त्वको चिन्तन गर भनेर शरणागतिको गरिमा बताइएको छ । यस क्रममा धर्मलाई पापको सापेक्षबाट पनि हेर्न सकिन्छ । पाप भनेको खराब आचरण हो भने धर्म भनेको असल आचरण हो । भनिएको पनि छ- परोपकार गर्नु भनेको धर्म हो भने परपीडा (अरूलाई पीडित गराउने) गराउने काम चाहिँ पाप हो । वेद, उपनिषद् र धर्मशास्त्र आदिमा यी दुवै (धर्म र पाप) को विस्तृत व्याख्या गरिएको छ । हिंसा, क्रोध, दुर्वाच्य आदि पाप हुन् र यिनबाट जोगिनु धर्म हो ।

दर्शन भनेको सांसारिक जीवनमा सामाजिक क्रियाकलापप्रति हेर्ने र मनन गर्ने दृष्टि विशेष हो । आध्यात्मिक र भौतिक दृष्टिबाट सर्वसंसार प्रपञ्च हेर्ने काम अध्यात्म दर्शन र भौतिक दर्शनले गरेका हुन्छन् । यसरी अध्यात्म र भौतिक दर्शन प्रचलित रहेका छन् । पूर्वीय वाङ्मयमा षड्दर्शन प्रचलित छन् । शास्त्रमा दर्शनका धेरै कृतिहरू प्रकाशित छन् । त्यसभित्र पसेर जीवन दर्शनलाई पर्गेल्ने काम यहाँ विस्तार भयले पनि गरिएको छैन ।

धर्म र दर्शन दुवै अलग-अलग देखिन्छन् नै तर पनि यी दुईबीच उपकार्य-उपकारक सम्बन्ध रहेको हुन्छ । सूक्ष्म दृष्टिमा धार्मिक आचरणले दर्शनलाई पृष्ठपोषण गर्दछ भने दार्शनिक तथ्यहरूले धर्मलाई मार्गदर्शन गरेको हुन्छ ।

**तपाईंको आफ्नो विषय-विधा कुन हो ? किन पढाउनुभयो ? र किन लेख्नु हुन्छ ?**

साहित्य र व्याकरण मेरा प्रमुख विषय-विधा हुन् । पेशागत रूपमा साहित्यका कविता, कथा, उपन्यास, नाटक, समालोचना, अनुसन्धान आदिका साथै व्याकरणको प्राध्यापन र प्रशिक्षण गर्नु मेरो कार्यक्षेत्र हो ।

साहित्यका उल्लिखित विधाहरूमध्ये मलाई कविता विधा बढी मनपर्छ । कविताका पनि उपभेदहरू छन् । फूटकर कविता, खण्डकाव्य र महाकाव्य

कविताका प्रमुख उपभेदहरू हुन् । कवितामा विचारको तीव्रता र भावतीक्ष्णता रहेका हुन्छन् । लोकसाहित्यलाई कविताको आदिस्रोत मानिएको छ । लोक-जीवनमा आदिम भाषिक अभिव्यक्तिहरू लोकगीत र लोकपद्यका रूपमा व्यक्त हुन्छन् र आदिम कविताका रूपमा देखापर्दछन् । पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले उपलब्ध कविताका आधारमा कविता सिद्धान्तहरू बनाएका हुन् । यस सन्दर्भमा पूर्वीय विद्वान् मम्मटले कविताको स्वरूप बारेमा भनेका छन् -

नियतिकृत नियमरहितां ह्लामैक मयी मनन्य परतन्त्राम् ।
नवरसरुचिरां निर्मितिम् आदधती भारती कवर्जयति ॥

कविता स्वतन्त्र हुन्छ, कुनै पनि नियम वा सिद्धान्तले कवितालाई बाँध्न सकिँदैन । कविता आल्हादकारी हुन्छ र परतन्त्रत्ममा रहँदैन । साहित्यका शृङ्गार, वीर आदि नौ रस वा कुनै एक रसले कवितालाई रुचिर र मिठासपूर्ण बनाएका हुन्छन् । भाव, भाषा र लय कविताका प्रमुख तत्त्व हुन् । सुन्दर भाव, आलङ्कारिक भाषा र सुन्दर लय वा छन्दोविधान कविताका प्रमुख उपकरण वा तत्त्व हुन् । प्रबन्ध काव्यहरूमा पनि यी तीन तत्त्व रहेका हुन्छन् ।

मैले वनारसबाट संस्कृत व्याकरणमा आचार्य तह पूरा गरेपछि लगत्तै २०१९ सालदेखि माध्यमिक विद्यालयमा र २०२१ सालदेखि तत्कालीन कलेजहरूमा पढाउन थालेको हुँ । पढाउने काम २०६५ सालसम्म कायम रह्यो । किन पढाएको भन्ने कुरामा मैले मूलतः पेसागत रूपमा र साथै छात्रछात्राहरूलाई निर्धारित पाठयवस्तु बारे बोध गराउन पनि पढाएको हुँ । अर्कोतर्फ मेरा पिताजीले पनि संस्कृत पाठशालामा पढाउने गर्नुहुन्थ्यो र आनुवंशिक प्रभाव पनि पढाउनुको कारण रहेको छ । किन लेख्नुहुन्छ भन्ने जिज्ञासामा मेरो लेखनको प्रेरणा मलाई खास गरी क्याम्पसतहमा पढाउँदै गर्दा प्राप्त भएको हो । पहिलो सहलेखन नेपाल परिचय (भाग १ २०३०) मा प्रकाशित भएको हो । त्यसपछि स्वलेखन र सहलेखनमा एक दर्जन जति कृतिहरू प्रकाशित छन् । सहलेखन चाहिँ दोस्रो लेखन हो । पहिलो लेखनमा क्याम्पस तहमा पाठयवस्तुको लेखन हो भने समालोचना, परिचयात्मक टिपोट चाहिँ मूल प्रकाशित लेखनका आधारमा तिनै विषय दोहरिने हुनाले दोस्रो लेखन हो । मेरा स्वतन्त्र प्रकृतिका निबन्ध, कथा, कविता आदि प्रकाशित छन् । मेरो लेखनको मूल पक्ष चाहिँ आत्मसन्तुष्टि हो । खासगरी कविता लेखनबाट आत्मसन्तोष प्राप्त हुन्छ । भनिएको पनि छ -

काव्यं यशसेऽय कृते व्यवहारविदे शिवेतरक्षतये ।
सद्य परनिर्तये कान्त सम्मिततयो पदेशयुजे ।

**तपाईंका कति कृति प्रकाशित छन् ? छाप्न बाँकी पनि छन् कि ?**

सहलेखनसमेत गरेका मेरा डेढ दर्जनजति कृति प्रकाशित छन् । ४/५ कृतिहरू छाप्न बाँकी छन् । मेरा पहिला प्रकाशित कृति हो, नेपाल परिचय

(भाग- १ २०३०), यी मध्ये चार कृति सहलेखनका हुन् र बाँकी सबै मेरा एकल लेखनका हुन् । सहलेखनमा समीक्षा तथा विवेचनाका कृतिहरूका साथै एकल लेखनमा कविता, महाकाव्य र खण्डकाव्य छन् । कवितातर्फ सहलेखनमा आरोहण (महाकाव्य २०७४), र खण्डकाव्य त्रयोदश (खण्डकाव्य सङ्ग्रह) प्रकाशित छन् । समालोचनातर्फ केही भाषा केही साहित्य (सहलेखन २०४५), केही व्यथा उपन्यास र केही कविताकाव्य (सहलेखन २०४९) आदि प्रकाशित छ ।

मेरो एकल लेखनमा पहिलो कृति हो नेपाली निबन्ध परिचय (२०४०), त्यसपछि संस्कृत साहित्यको रूपरेखा (२०५३), पर्यवेक्षण (समालोचनासङ्ग्रह २०७५) आदि कृतिहरू प्रकाशित छन् । एक यात्रा संस्मरण पनि प्रकाशित छ- मेरो अमेरिका यात्रा (२०६३), तीसको दशकमा नै मैले लेख रचनाहरू कतिपय पत्रिकामा प्रकाशित गर्दै रहें । यस समयमा केही कविता र समालोचनाका सङ्ग्रहहरू प्रकाशित छन् । यिनमा अवलोकन र विवेचना (२०४४) चाहिँ पहिलो समालोचना हो । यसरी मेरा कृतिहरू समय-समयमा प्रकाशित छन् ।

**तपाईं कविता, निबन्ध र समालोचना तीनै विधामा कलम चलाउने मान्छे कुन विधा सहज र कुन विधा कठिन लाग्छ ?**

मलाई लेखनका लागि कविता विधा सहज लाग्छ र अन्य विधा अपेक्षाकृत कठिन लाग्छ । कवितामा हृदयको आवाज हुन्छ । दिमागी कसरत गर्नुपर्दैन । समालोचनामा भने आधार कृतिको गम्भीर किसिमले अध्ययन गरेर साहित्य सिद्धान्तका दृष्टिबाट अथवा प्रभावपरक कोणबाट कृतिको चिरफार गरिएको हुन्छ । यसमा दिलको भन्दा दिमागको कसरत बढी हुन्छ । साथै कविता लेखन पहिलो लेखन हो भने समालोचना चाहिँ त्यसै माथि दृष्टि प्रक्षेपण गर्ने दोस्रो लेखन हो । यसैगरी कवितामा हृदयको स्वस्फूर्त अभिव्यक्ति हुन्छ भने समालोचनामा मस्तिष्कको प्रतिविम्बन रहन्छ । पारसमणि प्रधानको एउटा उक्ति यहाँ राख्नु प्रासङ्गिक हुन्छ, उनी भन्छन् -

कवि कविता होस् कविता कवि होस् तब पो कविता बन्छ
शब्द थुपारीकन के हुन्छ ? भाव भए पो कविता हुन्छ ।

साहित्यमा छन्द कविता र गद्य कविता गरी दुई प्रकार छन् । छन्द कवितामा छन्द वा लयको प्राधान्य हुन्छ भने गद्य कवितामा व्यक्ति लयको संयोजन हुन्छ । छन्द कविता र गद्य कविता दुवै त्यत्तिकै महत्त्वपूर्ण छन्, भाव प्रक्षेपण, व्यङ्धर्मिता वा विम्ब विधान तथा प्रतीकात्मकतामा रहनु कविताको धर्म पनि छ । त्यसो हुनाले कविता लेख्न सहज लाग्छ भने समालोचना लेख्न अपेक्षाकृत कठिन अनुभूत हुन्छ ।

**तपाईंको रचना तपाईंले नै पढेर वाह भन्ने लागेको रचना वा कृति कुन हो ? त्यसरी आनन्द लाग्नुको कारण के होला ?**

आफ्नो रचना वा कृति स्वयंलाई मन नपर्ने भन्ने हुँदैन । आफ्ना छोरा-छोरी कसलाई राम्रो लाग्दैन र ? कुरा यत्ति हो कि त्यो कृति वा रचना वाह भन्ने खालको छ छैन ? कविता रचनामा स्वस्फूर्तता र हृदय संवेदना कस्तो छ ? गद्य रचनामा पनि वस्तु संयोजन र प्रस्तुतिमा आकर्षण दिन कति सफल भएको छ ? यस खालको प्रश्नमा यसरी गरिने मापनले सकारात्मक देखिने कृति वा रचनाहरू नै वाह भन्ने खालका हुन्छन् भन्ने मेरो मान्यता छ । यसप्रकारको कृति वा रचना समाजमा केही स्रष्टामा मात्र रहेको हुन्छ । चरम तृप्ति र आत्म सन्तुष्टि दिने रचनामा सबै स्रष्टाहरू प्रयासरत हुन्छन् र म पनि त्यस यात्रामा लागेको जस्तो अनुभव हुन्छ ।

मेरो रचनाका सन्दर्भमा पद्यतर्फ उमा (शोक काव्य) र गद्यतर्फ संस्कृत साहित्यको रूपरेखा (समीक्षासङ्ग्रह) केही हदसम्म आत्मतृप्ति गराउने कृति बनेका छन् भन्ने मैले सम्झेको छु । उन्नत भाव, प्रायः सङ्गीतात्मक लय वा प्रस्तुति र आलङ्कारिक भाषा भएका सिर्जनाहरूको खोजीमा म लागेको हुन्छु । यस पक्षलाई कतिसम्म अँगाल्न सकें त्यो त क्रान्तदर्शी पाठक महानुभावहरूले पर्गेल्ने कुरा हो ।

**साहित्य सिर्जना गर्न सजिलो कि समालोचना गर्न सजिलो ?**

साहित्य सिर्जना र समालोचना दुवै साधनाशील साहित्यकारका यात्रापथ हुन् । सिर्जना लेखकमा लागेको प्रतिक्रियात्मक प्रस्तुति हुन् र प्रथम लेखन हुन् भने समालोचना चाहिँ पहिलो लेखनका बारेमा साहित्य सिद्धान्तको मापनअनुसार गरिने प्रतिक्रिया हुन् । जहाँसम्म सापेक्षतामा सजिलो भन्ने कुरा छ त्यो भने लेखकको प्रवृत्ति र साधनामा भरपर्ने कुरा हो ।

साहित्य सिर्जनामा संवेदना, भावुकता, हार्दिकता र तर्कनाशक्ति भएका लेखकहरू प्रायः कविता सिर्जनामा लागेका हुन्छन् । कुनै वस्तुमा टेकेर त्यसको उपयोगिता र विवेचनातर्फ कलम चलाउने लेखकहरू कथा, उपन्यासको समीक्षा गर्न मन पराउँछन् । यहाँ के स्पष्ट पार्नु उचित हुन्छ भने सिर्जनामा कुशल व्यक्तिले समालोचना पनि गर्नसक्छ । यसैगरी समालोचनामा दखल भएका लेखकले सिर्जना (कविता, आख्यान) पनि गरेका देखिन्छन् । त्यसैले सिर्जना र समालोचना एकअर्काका उपकारक हुन् । जहाँसम्म कुन सजिलो कुरा चाहिँ कठिन भन्ने कुरा छ, त्यो चाहिँ लेखकको प्रवृत्तिमा भरपर्ने कुरा हो । मलाई भने अपेक्षाकृत सिर्जना मन परेको छ - पढ्न र लेख्न पनि । समालोचना पनि साथसाथै सजिलो लाग्छ । मलाई दुवै मन पर्छन् ।

**साहित्य फाँटमा गर्नुपर्ने भन्ने लागेको तर तपाईंले गर्न नसकेको कार्य कुन हो ? नसक्नाको कुनै खास कारण छन् कि ?**

साहित्य फाँटमा व्यक्ति लेखकले र संस्थागत निकायहरूले पनि धेरै

काम गरेका छन् र गर्दै रहेका पनि छन् । मूल कुरा त व्यक्ति साहित्यकार र संघ संस्थाहरूले साहित्य लेखनको अभिमुखीकरण वा प्रशिक्षणको आयोजनाको गतिलाई बढाउनुपर्छ । साहित्यका कविता काव्यको रचना सन्दर्भमा केही प्रशिक्षण भए पनि निकै न्यून मात्रा हुने गरेको छ । यस प्रयासले मात्र पूरा गर्न सकिने होइन । साहित्य प्रबर्द्धन कार्यमा त्यति दृष्टि पुगेको छैन । यो कार्य व्यक्ति लेखकले मात्र गर्न सकिने होइन, मैले पनि यही महसुस गरेको छु । गहिरिएर हेर्दा नाटक पक्षको प्रशिक्षण प्रायः हुन सकेको छैन । हामी सर्वसाधारणले साहित्यका सर्वाङ्ग संवर्द्धन गर्न सकेको स्थिति छैन । यसको मूल कारण हो साहित्यको संवर्द्धन र विकासका लागि संस्थागत तहबाट त्यति हुन नसक्नु । नाटक चाहिँ दृश्य साहित्य हुनाले दृश्य पक्षमा विशेष ध्यान दिनुपर्छ ।

नाटकमा स्थान, पात्रहरूको भेषभुषा, संवाद, नाट्यशाला आदि प्रदर्शन पक्षलाई पनि विशेष ध्यान दिनुपर्ने महसुस हुन्छ । यसतर्फ श्रव्य साहित्यमा केही काम हुँदै रहे पनि दश्य साहित्यमा खास विकास हुन अरू समय पर्खनु परेको छ । प्रयास भने निरन्तर आवश्यक पर्छ ।

**समालोचना गर्दा वा निबन्ध र कवितामा कलम चलाउँदाका विशेष अनुभव छन् कि ?**

समालोचना चाहिँ कुनै रचना वा कृतिमाथि गरिने शल्यक्रिया हो । पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त बारे विद्वान्हरूले भनेका आधारमा पनि कृतिको छानबिन गर्न सकिन्छ । यसबाहेक प्रभावपरक दृष्टिका कोणबाट पनि समालोचना गर्न सकिन्छ । समालोचना गर्दा कुनै कृति वा रचना मनोयोग पूर्वक पढेर त्यसको भाव, प्रस्तुति, शब्द, वाक्य (मार्मिक पक्ष), सन्देश आदि पक्षलाई समालोचना गर्नुपर्छ । के कति र कसरी प्रयुक्त छन् त्यसको समेत चासो राख्नुपर्ने हुन्छ ।

निबन्ध र कवितामा कलम चलाउँदा पनि दुवै विधामा सैद्धान्तिक पक्षलाई जानकार हुनुपर्छ र यसतर्फ पनि म सचेत हुने गरेको छु । गद्य र खास गरी पद्य रचनाको भूमिका लेखिदिन स्रष्टाहरूबाट अनुरोध वा आग्रह आउने गरेका छन् । त्यसमा पनि कृतिको विशेष अध्ययन गर्नुपरेको हुन्छ । सैद्धान्तिक आधारमा कृतिको अध्ययन गर्दा प्रायः गुणात्मक पक्षबाट चर्चा गर्ने मेरो प्रवृत्ति छ । दोष दृष्टिमा म त्यति जान चाहन्न, स्रष्टाको पनि यही धारणा रहेको पाइन्छ ।

**प्राध्यापन, समालोचना र साहित्य सिर्जना तपाईंका पेशा हुन वा होइनन् ? उसो भए साहित्य र समालोचना जीविकोपार्जनका माध्यम हुन् वा सोख ?**

प्राध्यापन, समालोचना र साहित्य यी तीन वटै कार्यलाई एकै ठाउँमा राखेर वर्णन गर्न मिल्दैन । यी अलग-अलग कार्य हुन् । प्राध्यापन भनेको कुनै

शैक्षिक तह पूरा गराउनका लागि स्कूल र कलेजको कक्षा कोठामा गएर निर्धारित पाठयक्रमको पाठयवस्तुबारे विद्यार्थीलाई जानकार गराउने कार्य हो भने समालोचना र साहित्य सिर्जना भने आफ्नो रुचिअनुसार कुनै साहित्यिक कृति वा रचनाबारे विवेचना गर्नु र स्वेच्छाले कविता र आख्यानका कृतिहरू स्वयंले सिर्जना गर्नु हो। यी तीनै कार्य अलग-अलग रहेर पनि एकअर्कामा उपकारक बन्न सक्छन्। समालोचनामा समालोचकले समालोचनाका चिन्तनहरूलाई प्राध्यापनका क्रममा उपयोगमा ल्याउन सक्छन्।

जहाँसम्म पेसाको प्रसङ्ग छ त्यहाँ प्राध्यापन चाहिँ शिक्षक वा प्राध्यापकको जीविकाका लागि पेसा पनि हो। समालोचना र साहित्य चाहिँ सोखले गरिने लेखन हो। सबै शिक्षक वा प्राध्यापक वास्तवमा समालोचक वा साहित्यकार हुन सक्तैनन्। साहित्यकार र समालोचकहरू पनि सबै प्राध्यापन गर्ने क्षमता राख्दैनन। केहीले दुवै क्षेत्र अँगालेका छन्। त्यसकारण साहित्य सिर्जना र समालोचना जीविकोपार्जनका माध्यम होइनन्, मूलतः सोख हुन्।

**समाजले तपाईंलाई साहित्यकार वा समालोचक के भनेको रुचाउनु हुन्छ ?**

समाजले हेर्ने दृष्टि हो साहित्यकार वा समालोचक। मेरो कविता वा काव्य केही प्रकाशित भएका छन्। साथै सममालोचनाका कृतिहरू पनि प्रकाशित छन्। प्राध्यापन गर्ने क्रममा कृतिगत विशेषता र उपलब्धिका चर्चा गर्नुपरेकाले पनि लामो समयसम्म समालोचना मै काम भएको हो। त्यसैले सिर्जनाभन्दा समालोचना नै बढी गर्नुपरेको छ। यस आधारमा मलाई समाजले साहित्यकारभन्दा समालोचक नै भन्न मन पराउँछ। यो समाजको दृष्टि हो। मैले आफू स्वयंलाई साहित्यकार वा समालोचक भन्दिनँ।

प्राध्यापन कालमा साहित्यभन्दा समालोचना क्षेत्रमा बढी संलग्न भइयो। साहित्य सिर्जनाभन्दा साहित्य समालोचना बढी गर्नुपरेको थियो। क्याम्पसबाट सेवा निवृत्त भएपछि मात्र साहित्य (कविता-काव्य) सिर्जनाले गति लिएको हो। त्यसैले मलाई साहित्यकारभन्दा समालोचक भन्न मन पराउँछन् यसमा मेरो केही भन्नु छैन। समाजले मलाई जे भने पनि अर्थात् साहित्यकार वा समालोचक भने पनि मैले स्वीकार नै गरेको छु।

**वास्तवमा साहित्य के हो ? यो आफ्नै लागि हो कि समाजको लागि पनि हो ?**

साहित्यको चिनारी दिने क्रममा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले विविध परिभाषा गरिदिएका छन्। त्यो सबै पर्गेल्न अहिले सम्भव पनि छैन। साहित्यलाई चिनाउने ग्रन्थहरू नेपाली भाषामा पनि प्रकाशित भएका छन्। यहाँ साहित्यको परिचयको मैले स्पर्श मात्र गरेको छु।

कमै साहित्यिक रसहरू भएको भाषिक रचनालाई काव्य वा साहित्य भनिएको छ । यसैगरी चमत्कारपूर्ण अर्थ भएको शब्दलाई साहित्य भनिएको पनि छ । यसैगरी अन्तर्मनको उन्मुक्त अभिव्यक्तिलाई पनि काव्य वा साहित्य भनिएको छ । वास्तवमा साहित्य भनेको जीवन-जगत्प्रति भावुक व्यक्तिले गरेको प्रतिक्रिया हो । कविता भाव, भाषा र लयको संयोग भएको साहित्य वा काव्य हो भने चमत्कारपूर्ण अभिव्यक्ति साहित्य हो ।

साहित्य मूलतः आफ्नै लागि हो र यसको सकारात्मक प्रभाव परेकोमा समाजका लागि पनि हो । साहित्यले दिने सन्देश चाहिँ समाजका लागि पनि दिएको हुन्छ ।

**तपाईंलाई भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ ?**

आजको सापेक्षतामा भोलिको नेपाली साहित्य अझ बढी समुन्नत होस् र नेपाली भाषामा मात्र होइन, अन्य भाषामा पनि साहित्य लेखन कार्य बढ्दै रहोस् भन्ने मेरो धारणा छ ।

साहित्यका विविध फाँटमा कलम चलाउने व्यक्ति-प्रतिभाले पनि साहित्यका विभिन्न क्षेत्रमा आफ्नो संलग्नता बढाउँदै गर्नेछन् भन्ने मलाई लागेको छ । गद्य साहित्य र पद्य साहित्य दुवै गुणस्तरिय हुँदै रहुन् र समाजमा बढी उपयोगी हुन् भन्ने चाहना हामी सबैको पनि रहेको छ । भोलिको सिर्जनामा कविता काव्य भावुकतापूर्ण र सन्देशप्रद होऊन् भन्ने मलाई लागेको पनि छ र यसतर्फ लेखकका प्रवृत्ति पनि बढ्दै गएको छ । कथा र उपन्यास पनि रुचिपूर्ण र सन्देशमूलक होऊन् । साथै अन्य विधा र निबन्ध, नियात्रा, नाटक आदि पनि भोलि समुन्नत हुनेछन् भन्ने मैले सोचेको छु ।

मेतीदेवी, काठमाडौं ।

ä ã

**http://www. nepalipublisher. com वा**

**http://www. khabarinepal. com को Hotlink वा**

**http://nepalipublisher. com/downloads-vajyanti\dayitwa**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

# साहित्यकार डा. गोविन्द सिंह रावतसँग सुरेन उप्रेतीको जिज्ञासा

स्कुल पढ्दादेखि नै टोलमा नाटकसँग जोडिएका डा. रावत बिस्तारै साहित्यतिर आकर्षित हुँदै गए । रेडियो नेपालको रसरङ्ग कार्यक्रममा रावत जोडिए । हास्यव्यङ्ग्य क्षेत्र रावतको मनपर्दो क्षेत्र बन्न गयो । २०३७ विसं.मा सर्वनाम थिएटरको जग हाले । २०३९ देखि सडक नाटकमा लागे । सन् २००४ मा क्यानडाको अटवामा गएर अन्तर्राष्ट्रिय नाटक/रङ्गमञ्च संघको अन्तर्राष्ट्रिय सम्मेलनको अयोजना डा. रावतले गरे । क्यानडामा पनि भाषा साहित्य क्षेत्रमा केही गर्नुपर्छ भनेर सन् २००४ मा नेपाली साहित्य समाज, क्यानडाको स्थापना गराए । सन् २००६ मा नेपाली संस्थासँग सहकार्य गरेर टोरोन्टो स्कुल बोर्डसँग हप्तामा एक दिन नेपाली भाषा पढाउने व्यवस्था मिलाए । उनले लेखेका अनुसन्धानमा आधारित *'विश्व रङ्गमञ्चमा सडक नाटक'* कृति निकै गहन छ । साहित्यकार डा. रावतसँग ***वैजयन्ती*** पत्रिकाका लागि साहित्यकार सुरेन उप्रेतीद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**यहाँको बाल्यकाल र शिक्षाले कसरी रेडियो कर्मी र रङ्गमञ्च हुँदै साहित्यतर्फ लाग्न प्रेरित गऱ्यो ?**

मेरो घर नजिकै नै ठूलो प्रेक्षागृह थियो । त्यहाँ विभिन्न भाषाका नाटकहरू मञ्चन हुँदा बाल्यकालदेखि नै झ्यालमा उभिएर नाटक हेर्ने गर्थें । विद्यालयमा अध्ययनरत् रहँदा कक्षा आठदेखि नै वार्षिक कार्यक्रममा नाटक र प्रहसन गरेको सम्झना छ । दिदीहरूले लेखेर दिने गरेका उपन्यासहरू पुस्तकालयबाट ल्याउन जाँदा त्यहाँ राखिएका पत्रिकाहरू केही बेर बसेर पढ्ने गर्थे । त्यहींबाट पत्रपत्रिका र पुस्तक पढ्ने बानी बस्यो । जसले मलाई सहित्यतर्फ तान्यो । त्यसैले विद्यालयमा साहित्यकारहरूको जन्मजयन्ती मनाउँदा कवि गोष्ठी हुँदा जबरजस्ती कविता लेखेर सुनाउने गर्थें । मित्र मण्डली संस्थाबाट साहित्यिक र सांस्कृतिक कार्यक्रम हुँदा सहभागी बन्ने गर्थें । टोलमा पनि हामी सांस्कृतिक कार्यक्रम गर्दा मञ्चमा पुग्ने औसर पाउँथ्यौं । यसरी नाटकसँगै साहित्यप्रति रुचि बढ्दै गएयो र निरन्तरता पाउँदै गयो । त्यसबेला रेडियो एकमात्र प्रचारको माध्यम थियो । रेडियो नेपालको रसरङ्ग कार्यक्रममा सहभागी हुँदै गएपछि रेडियोलाई चिन्न थालें । प्रज्ञाको गाईजात्रा महोत्सवले हास्यव्यङ्ग्यको सिर्जनालाई निरन्तरता दिँदै गयो । हिन्दी बङ्गलाली नाटकमा अभिनयतर्फ तानिँदै गएँ । २०३७ मै

कीर्तिपुर क्याम्पसबाट नाटक मञ्चन गरेर सर्वनामको जग हाल्यौं । निरन्तर नाटक मञ्चन गर्न प्रेक्षागृह भाडा लिन असमर्थ भएपछि सन् १९७५ मा नै भारतमा अभिनय गरेको नुक्कड नाटकलाई सडक नाटकको नाम दिएर २०३९ देखि नै चोक र गल्लीहरूमा सडक नाटक गर्न थाल्यौं अनि २०४६ को आन्दोलनपछि पहिलो पटक प्रजातान्त्रिक तरिकाबाट चुनाव गर्ने तत्कालीन सरकारको निर्णय भएपछि सडक नाटक र रेडियोबाट चुनावबारे शिक्षा दिनेखालका छोटो नाट्य संवादको प्रस्तुतिमा प्रत्यक्ष रूपमा संलग्न भएपछि रेडियोलाई राम्ररी चिन्न पाएँ । अनि २०४८ पछि रेडियो नेपालका तत्कालीन महाप्रबन्धक प्रचण्डमानजीले यस्तै कार्यक्रमलाई निरन्तरता दिने प्रस्ताव दिएपछि २०४८ सालदेखि 'दिन प्रतिदिन' कार्यक्रम सञ्चालन गर्न थाले । केही समय 'गीति गन्थन' साङ्गीतिक कार्यक्रम पनि सञ्चालन गरेको थिएँ ।

**तपाईं रेडियो र रङ्गमन्चभन्दा जीवनको उत्तरार्धमा पुग्दा भाषा र साहित्यमा समर्पित भएर लाग्नुभयो नि किन ?**

साहित्यप्रतिको रुचि सानैदेखि नै थियो र नेपालमा रहँदा पनि लेख्दै आएको थिएँ तर पछिल्लो समयमा नाटकप्रति रुचि बढ्दै गयो । सडक नाटक हुँदै सामुदायिक नाटकमा काम गर्न थालेपछि आफ्नै प्रयासबाट नेपालबाहिर नाटकले सेतु बनाउँदै गएँ । सर्वनामलाई नेपालबाहिरसम्म पुऱ्याएँ । संयुक्त नाटकको अवधारणा ल्याएर बहुभाषी नाटकको लेखन र निर्माणसम्म पुग्ने मौका पाएँ । नाटककै माध्यमबाट एघारवटा देशमा गएर नाटकको कार्यशाला र एकल अभिनय देखाउने मौका पाएको थिएँ । क्यानडा आएपछि नाटकप्रति रुचि राख्दै मैले यहाँका केही संस्थासँग सम्पर्क गरेर निरन्तरता दिन खोजें । सन् २००४ मा क्यानडाको अटवामा आयोजना भएको शिक्षामा अन्तर्राष्ट्रिय नाटक/रङ्गमञ्च संघ (आई डि ई ए) इन्टरनेशनल ड्रामा/थिएटर इन एजुकेशन एसोसिएसन) को शिक्षामा नाटक अन्तर्राष्ट्रिय सम्मेलनको समितिमा बसेर कार्यक्रमको अयोजना पनि गरेको थिएँ । यहाँ एकल अभिनय गर्ने तारतम्य पनि बनाइसकेको थिए तर यहाँको बक्स अफिसको चलनअनुसार आयोजकले नै व्यवस्थापनको खर्च बुझाएर टिकट बेचेर नाटक मञ्चन गर्नुपर्ने चलन रहेछ । त्यसलाई स्वीकार्न गाह्रो र यहाँका नाटकमा अभिनय गर्नेहरू नाटकको अध्ययन गरेर क्याम्पसबाट आएकाहरूले बढी प्राथमिकता पाउने गरेको देखेपछि अभिनयलाई तगारो गलाएर लेखनमा रुचि राख्न थाले ।

साहित्यप्रतिको रुचि बाल्यकालदेखि नै भए पनि अभिनयलाई बढी प्राथमिकता दिँदै गएको थिएँ । हुन त अभिनय गर्न पनि स्क्रिप्ट चाहिन्छ । दिनप्रतिदिनको लागि हप्तामा एउटा स्क्रिप्ट लेख्नुपर्थ्यो । केही साप्ताहिक पत्रिकाका लागि नियमित स्तम्भ पनि लेख्दै आएको थिए । क्यानडा आएपछि

अमेरिकामा बस्ने मित्रहरूबाट अमेरिकामा साहित्यिक संस्था र साहित्यिक गतिविधि हुने गरेको सुनेपछि क्यानडामा पनि भाषा साहित्यको क्षेत्रमा केही गतिविधि हुनुपर्छ भनेर सन् २००४ मा नेपाली साहित्य समाज, क्यानडाको स्थापना गराएर यसै अन्तर्गत नियमित साहित्यक गतिविधि गर्दै आएका छौं । त्यसपछि आप्रवासी नेपाली साहित्यको एउटा बेग्लै पहिचान हुनुपर्छ भन्ने उद्देश्यका साथ नेपाली साहित्यको विश्वव्यापीकरणको क्षेत्रमा काम गर्दै आएको छु ।

**प्रवासमा रहेर साहित्य सृजना गर्न र घरदेशमा रहेर साहित्य सृजना गर्दा कस्ता सजिला र असजिला अवस्थाहरू आँउदा रहेछन् ?**

सिर्जनालाई भूगोलले रोक्दैन । लेख्न चाहेको कुरा वा विषय हामी जहाँ बसेर पनि लेख्न सक्छौं तर प्रकाशनको अभाव भने खड्किने गर्छ । अहिले त विद्युतीय पत्रिकाले गर्दा तुरन्तै छापिन्छ । पहिले आफ्नो सिर्जना प्रकाशित गराउन यहाँबाट पठाउनै गाह्रो हुन्थ्यो तर पुस्तक प्रकाशनमा भने अहिलेसम्म पनि गाह्रो नै हुँदै आएको छ ।

**तपाईंको जीवनमा प्रभाव पार्ने एक जना आदर्श व्यक्तिको नाम लिनुपर्दा कसको नाम लिनु हुन्छ र किन ?**

म आठ महिनाको हुँदा बुवा बित्नुभयो । त्यसपछि आमाले नै मलाई शिक्षा र संस्कार दिएर हुर्काउनु भएकोले आज म यहाँसम्म पुग्न सफल भएको छु ।

**नेपाली भाषा र साहित्यमा अन्य भाषाको अतिक्रमण भइरहेको छ । यसलाई रोक्न र नेपाली भाषाको संवृद्धिको लागि कसले र कस्तो अभियान चलाउनु आवश्यक छ ?**

नेपाली भाषा साहित्यमाथि अतिक्रमण नेपालीहरूबाटै भएको छ । नेपाली प्रशासनले कमिसनका लागि सवारी साधनमा आफ्नो पहिचान भएको नेपाली भाषाको ठाँउमा अङ्ग्रेजीमा ईम्बोस्ड नम्बर प्लेट राख्न लगाएपछि सडकदेखि सदनसम्म तातिएको थियो । भाषा हाम्रो प्राण हो । भाषा हाम्रो पहिचान हो । भाषा रहेमा मात्र हामी रहन्छौं । क्यानडा आएपछि आमाबाबुले छोराछोरीसँग अङ्ग्रेजीमा कुरा गरेको देखेपछि मैले सबैमा नेपालीमा बोल्ने गर्नुस्, सुरुमा नबुझे पनि पछि बुझ्दै जान्छन् भनेर 'घरमा सन्तानसँग नेपालीमा कुरा गरौं, भाषा रहे हामी रहन्छौं, हाम्रो अस्तित्व रहन्छ' को स्टीकर बनाएर घरघरमा गएर फ्रिजमा टाँस्दै हिँडेको थिएँ । सन् २००६ मा नेपाली संस्थासँग सहकार्य गरेर टोरोन्टो स्कुल बोर्डसँग हप्तामा एक दिन नेपाली भाषा पढाउने व्यवस्था मिलाएर भाषाको कक्षा सुरु गराएका थियौं । अहिले हाम्रो भाषामा अङ्ग्रेजी हावी हुँदै गइरहेको । नेपाली लेखक साहित्यकारहरू साहित्यमा पनि नेपाली शब्दको ठाँउमा अङ्ग्रेजी मिसाउन थालेका छन् । आप्रवासी साहित्यलाई कताको जोरजुलुम र स्वार्थमा परेर डायस्पोरा साहित्य भन्न थालेका छन् । नेपाली साहित्य संस्था चलाएर बस्नेहरूको फेसबुकमा

अङ्ग्रेजीमा नै प्रतिक्रिया लेखिने गरेको देखिन्छ। हामीले भाषा जोगाउन नेपालीमा लेख्ने क्षमता बढाउन आवश्यक देख्छु। हामीले भारतीय नेपालीहरूले भाषाको लागि गरेको आन्दोलनलाई बिर्सनु हुँदैन। भाषाकै आन्दोलनबाट बङ्लादेश जन्मेको हो। भाषामाथिको अतिक्रमण रोक्न संस्थाका पदाधिकारीहरू नै बढी चनाखो हुनुपर्छ। भारतमा भाषा आन्दोलन हुँदा प्लेकार्डमा भाषा हाम्रो प्राण हो, भाषा बाँचे जाति बाँच्छ, जाति बाँचे संस्कृति बाँच्छ, संस्कृति बाँचे संस्कार बाँच्छ, लेखेर आन्दोलन गर्नुको औचित्य भनेको भाषा जोगाउनु रहेछ। त्यसैले भाषाको बढी प्रयोगलाई प्राथमिकता दिनु जरुरी छ।

**आफूले बाँचेको जीवन हेरेर तपाईंको जीवनप्रतिको दृष्टिकोण के छ ?**

मेरो विचारमा आफ्नो शक्तिलाई चिन्न सक्ने ज्ञान नै जीवन दर्शन हो। यही ज्ञानले हामीलाई हाम्रो समाजमा आफूले जानेको कुरा बाड्न र प्रयोग गर्न प्रेरित गर्ने गर्दछ। जीवन दर्शनले हाम्रो आत्मा र बुद्धिलाई नियन्त्रणमा राख्ने गर्छ। हामीलाई राम्रा नराम्रा कुराहरू सिक्ने ज्ञान दिने गर्छ अनि हामीले जानेका बुझेका र अनुभव गरेका राम्रा कुराहरू समाजमा बाड्ने गर्छौं। मैले बुझेको जीवन दर्शन यही नै हो।

**भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ यहाँलाई ?**

आज विद्युतीय पत्रकारिताले गर्दा साहित्यको मोल घट्दै गइरहेको जस्तो लाग्छ। हिजोका दिनहरूमा साहित्यिक कार्यक्रमहरूमा साहित्यका श्रोता/दर्शकहरूको उपस्थिति हुने गर्थ्यो तर आज लेखकहरूको मात्र उपस्थिति हुने गरेको देखिन्छ। साहित्यिक श्रोता/दर्शकहरू पातलिँदै गएका छन्। प्रकाशित कृतिको समीक्षा पनि प्रायोजित हुने गर्छ र मनखुसी लेख्न लगाइन्छ। रातारात साहित्यकार जन्मिन्छन् र संस्थाको भऱ्याङ चढेर महान् र वरिष्ठको पगरी लगाउन थाल्छन्। प्रायोजित पुरस्कार बाँडेर आआफै मनोरञ्जनमा रुमल्लिन्छन्। एकले अर्कोको हात समातेर पदमा तान्ने काम गर्छन्। बधाई र शुभकामना दिँदा पनि सानोदेखिको पद पहिचानलाई विशेषण बनाएर लेख्ने गर्छन्। यस्तो अवस्थामा भोलिको नेपाली साहित्य सङ्ख्यात्मक तरिकाबाट अगाडि बढे पनि गुणात्मक रूपमा भने ओरालो लाग्दै गएको हुन्छ। विश्वभरि नेपालीहरू पुगेको र साहित्य संस्था खोलिएको हल्ला फिजाउँदै बसेका छौं तर अहिलेसम्म हामीले आदिकवि भानुभक्तको जन्मजयन्तीलाई आन्तर्राष्ट्रिय भाषा साहित्य दिवस भनेर घोषणा गर्न र मनाउन सकिरहेका छैनौं। त्यसैले भोलिको नेपाली साहित्यलाई गुणस्तरीय बनाउनका लागि कृतिको राम्रो मूल्याङ्कन हुनु जरुरी छ। यथार्थ मूल्याङ्कनबाट हामीले कमी कमजोरीहरू पहिल्याउन सक्छौं। निष्पक्ष पुरस्कारको व्यवस्था हुन जरुरी छ। अझ विद्युतीयभन्दा छापाको साहित्यिक पत्रिका प्रकाशनतिर बढी

जोड दिनु जरुरी छ । साहित्यले समाजलाई डोऱ्याउने गर्छ । आजको साहित्य नै भोलिको इतिहास बन्छ, त्यसैले नेपाली साहित्यले आजको यथार्थतालाई समेटेको हुनु जरुरी हुन्छ ।

**तपाईंले जीवनमा गर्नुपर्ने भनी लागेको तर गर्न नसकेको कार्य कुन हो साहित्यमा ? नसकेको कारण केही छन् कि ?**

मैले सन् २०१२ मा नै नेपाली साहित्यको विश्वव्यापीकरणको क्षेत्रमा काम गर्न थालें । यसलाई गैरआवासीय नेपाली संघको भाषा साहित्य उपसमितिले प्रारम्भमा सहयोग गरेर पहिलो सम्मेलनको आयोजना पनि गरायो । नेपाली साहित्यको विश्व दर्पण प्रकाशित गर्न आठवटा मुलुकका नेपाली साहित्यको गतिविधिका बारेमा आलेखहरू पनि जम्मा गरिसकेको थिएँ तर यसले निरन्तरता पाउन सकेन । संघका नेतृत्व परिवर्तन भएसँगै योजनामा नै तगारो लाग्यो । मलाई आप्रवासको नेपाली साहित्यका विभिन्न विधाका उत्कृष्ठ रचनाको सङ्ग्रह निकाल्ने इच्छा छ ।

**आफूले लेखेर आफैले पढ्दा वाह यो त लेखें छु भनेर आनन्द लागेको रचना वा कृति कुन हो तपाईंको ? के कारण त्यसले आनन्द दिएको होला ?**

हुन त लेखकलाई आफूले सिर्जना गरेको आफ्नो सबै रचना आफ्ना सन्तानसरह राम्रो नै लाग्छ तर पनि मलाई कथामा 'मैले श्रीमती नबेचेको भए हुन्थ्यो' र 'मामी ते आमो', कवितामा 'भऱ्याङ' र 'भीड' अनि पुस्तकमा 'विश्व रङ्गमञ्चमा सडक नाटक' मन पर्छ । कथा र कवितामा यर्थाथतालाई समेटेको र सबैले मनपराएकोले आनन्द लाग्छ भने विश्व नाटकसँगै नेपाली नाटक र सडक नाटकको अहिलेसम्म गरिएको उत्कृष्ठ अनुसन्धान भनी पाठकले भनेको सुन्दा आनन्द लाग्छ । यस पुस्तकलाई त्रिविविले अनुसन्धान पुस्तकको रूपमा राखेको छ ।

**धर्म र दर्शन के हो तपाईंको दृष्टिमा ? दर्शनलाई धर्मबाट अलग राखेर हेर्न सक्नुहुन्छ ?**

मेरो बुझाइमा धर्म भनेको परम्परादेखि हामीले मान्दै आएको ईश्वरप्रतिको उपासना हो । हामीले मनबाट कसैको आराधना गर्छौं भने त्यहीं नै ईश्वर हो । मानवले धारण गर्ने आराधना र नृत्यकर्म नै धर्म हो भने दर्शन भनेको मानवले जीवन जगत्लाई बुझ्ने र हेर्ने दृष्टिकोण हो । समाजलाई हेर्ने हाम्रो दृष्टिकोणमा हामीले मान्दै आएको परम्परागत उपासना भएन भने हाम्रो धर्म र हाम्रो दर्शनको कुनै औचित्य नै रहँदैन । त्यसैले मान्दै आएको धर्मअनुसार समाजलाई हेर्ने दर्शन हुनुपर्छ र मेरो व्यक्तिगत विचारमा यी दुईलाई अलग्याएर हेर्न सकिँदैन ।

दर्शन भनेको जीवन र जगत्लाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने दृष्टिकोण हो ।

प्रकृति र मानव समाजको भित्री आँखा हो ।

दर्शन जीवन र जगत्लाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने दृष्टिकोण हो, प्रकृति र मानव समाजको भित्री आँखा हो । यही आँखाले हरेक वस्तुलाई हेर्ने, जाँच्ने, बुझ्ने र सोहीअनुरूप आफ्नो धारणा र जीवन व्यवहार निर्धारण गर्दछ । मार्क्सका शब्दमा हरेक सच्चा दर्शन आफ्नो समयको बौद्धिक सारतत्त्व र संस्कृतिको जीवन्त आत्मा हो ।

क्यानडा ।

ä ã


**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**४. 'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**

२०७० प्रा.डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा
२०७८ प्राडा. चूडामणि बन्धु

**५. 'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**

२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौँ
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे
२०७८ जनमत मासिक पत्रिका

**६. 'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**

२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा
२०७८ पद्मावती सिंह

**७. 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**

२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा. वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा. विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय
२०७८ तीर्थराज अधिकारी

# कवि बालकृष्ण भट्टराईसँग यादव भट्टराईको जिज्ञासा

*'ग्राम्य जीवन'* नामक कविता २०१५ लेखेर नेपाली साहित्यमा पदार्पण गरेका कवि भट्टराईका *प्रस्थान गर्नु अघि २०६५, नीतिका कुरा* २०६५ आदि कृति प्रकाशित छन् । प्राध्यापन पेशा गर्नुहुने कवि भट्टराईले आधा दर्जनभन्दा बढी मुखपत्रहरूको सम्पादन समेत गरेका छन् । करिब दुईदर्जन सम्मान र पुरस्कारहरूद्वारा सम्मानित कवि बालकृष्ण भट्टराईसँग ***वैजयन्ती*** पत्रिकाका लागि साहित्यकार यादव भट्टराईद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**आफूले बाँचेको जीवन हेरेर तपाईंको जीवन दृष्टि के हो ?**

जीवन एक अपूर्व अवसर पनि हो । जीवन कर्म हो । जीवन निष्ठा हो । जीवन सदाचार र कर्तव्य पनि हो । जीवन सङ्घर्ष र चुनौती पनि हो । प्राणीहरू मध्ये सबैभन्दा उत्कृष्ट जीवन मानिसले प्राप्त गरेको छ । समग्रमा जीवन सिकाइको पर्याय हो ।

**भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ यहाँलाई ?**

मलाई भोलिको नेपाली साहित्य अन्तर्राष्ट्रिय जगत्सँग प्रतिस्पर्द्धा गर्न लायक होस् भन्ने लाग्छ । नेपाली साहित्य विश्वस्तरको साहित्य बनोस् भन्ने लाग्छ । त्यसका लागि नेपाली समाजको सामाजिक, आर्थिक, रूपान्तरसँगै साहित्यको विषयवस्तु, शैली र लेखनको स्तरमा पनि परिवर्तन अपेक्षित छ ।

**तपाईंले जीवनमा गर्नुपर्ने भनी लागेको तर गर्न नसकेको कार्य कुन हो साहित्यमा ?**

मलाई नेपाली साहित्यको विविध विधामा कमसेकम एक एक कृति प्रकाशन गर्ने इच्छा छ तर समयले साथ दिइरहेको छैन । मेरा जीवनको उर्वर समय शैक्षिक, सामाजिक प्रतिष्ठानहरूसँग आबद्ध रहेर बित्यो । साहित्यिक उन्नयनका निम्ति संस्थागत गतिविधिहरूमा लागेर र अरूका लागि प्रेरणा दिने कार्यमा पनि मेरो समय र श्रमको लगानी भयो भन्ने लाग्छ । यसका अतिरिक्त विविध विधामा सिर्जना त भएको छ तर समयाभावले प्रकाशन ढीलो भएको छ ।

**आफूले लेखेर आफैले पढ्दा वाह यो त लेखेँ छु भनेर आनन्द लागेको रचना वा कृति कुन हो तपाईंको ? के कारणले त्यसले आनन्द दिएको होला ?**

आफूले लेखेर आफैले पढ्दा वाह यो त लेखेँ छु भनेर आनन्द लागेको

रचना 'जिन्दगी' शीर्षक कविता हो। यस कवितामा जीवनको यथार्थको प्रस्तुति छ।

**धर्म र दर्शन के हो तपाईंको दृष्टिमा ? दर्शनलाई धर्मबाट अलग राख्न सकिन्छ ?**

धर्म भनेको मानिसको कर्मसँग सम्बन्धित हुन्छ भने व्यक्तिको बृहत् दृष्टिकोण दर्शन हो। धर्मले जगत्को हितका निम्ति अँगालिने कर्मलाई जनाउँछ। त्यसैले धर्म असल आचरण हो। दर्शन प्रकृति, ज्ञानविज्ञान, वस्तु, जीवन र चेतनाबारे गरिने विश्लेषण हो। व्यक्तिका लागि कर्म र चिन्तन दुवै अन्योन्याश्रित भएर रहने हुनाले धर्म र दर्शनलाई सँगै राखेर हेर्नुपर्ने हुन्छ जस्तो लाग्छ मलाई।

**यहाँको जन्म कहिले र कहाँ भएको हो ?**

मेरो जन्म विसं. २००१ कार्तिक १७ गते तात्कालीन पाल्पा जिल्लाको कोधा गुम्बा गा.वि.स. वडा नम्बर ३ मा पिता रामप्रसाद भट्टराई र माता हरिकलादेवीको पुत्रका रूपमा भएको हो।

**यहाँले साहित्यका कुन कुन विधामा कलम चलाउनुभएको छ ?**

नेपाली साहित्यका कविता, कथा, निबन्ध, संस्मरण, समालोचना, भूमिका, अनुवादलगायत विधामा मेरा रचनाहरू प्रकाशित छन्।

**यहाँका प्रकाशित कृतिहरू के कति छन् ?**

*नीतिका कुरा* नैतिक कोशकाव्य नेपाली साहित्यका सुस्थापित स्रष्टाहरूसँगको सहलेखनमा प्रकाशित कृति र *प्रस्थान गर्नु अघि* भूमिकाहरूको सङ्ग्रह मेरा प्रकाशित कृति हुन्। अन्य विधाका केही कृति प्रकाशोन्मुख छन्।

**यहाँको पहिलो प्रकाशित रचना कुन हो र कहिले प्रकाशित भयो ?**

'*ग्राम्य जीवन*' शीर्षक कविता मेरो पहिलो रचना हो र त्यो विसं. २०१५ सालमा ऋषिकेश भारतबाट प्रकाशन हुने 'नयाँ पुकार' पत्रिकामा प्रकाशित भएको हो।

**पुरस्कारका बारेमा यहाँको के कस्तो धारणा रहेको छ ?**

पुरस्कारले स्रष्टालाई प्रोत्साहन दिने गर्छ। अझै भन्ने हो भने पुरस्कार भनेको जो कसेले गरेको राम्रो कामको अनुमोदन हो। पुरस्कारले सम्बन्धित विधा वा क्षेत्रमा थप जिम्मेवारीको बोध गराउँछ। आजभोलि थेरै सङ्घसंस्था स्थापना भएका छन् र तिनले प्रदान गर्ने विभिन्न विधामा थुप्रै पुरस्कारहरू स्थापित पनि छन्। पुरस्कारका निम्ति गरिने पात्रको चयन विश्वसनीय, निष्पक्ष र कुनै पनि किसिमका स्वार्थबाट पर हुनुपर्छ। पुरस्कारको भारी बोक्न सक्ने हुनुपर्छ, पुरस्कृत पात्र पनि। पुरस्कार विवादरहित हुनुपर्छ।

**साहित्यिक पत्रिकाको महत्त्वबारे यहाँ के भन्नुहुन्छ ?**

साहित्यिक पत्रिका भनेकै साहित्य-सिर्जनाका मूलआधार हुन्। साहित्यिक

पत्रिका प्रकाशनका माध्यमबाट नै स्रष्टाहरूले प्रथम पटक आफ्ना सिर्जना मार्फत प्रकाशित हुने अवसर प्राप्त गर्दछन् । यसैबाट पाठकहरूले साहित्यका विभिन्न विधासँग परिचित हुने र आफ्ना प्रतिक्रिया पनि व्यक्त गर्न सक्दछन् । एक ठाउँको प्रकाशन धेरै ठाउँमा पुग्ने अवसर हुन्छ । यसै सन्दर्भमा वैजयन्तीले अत्यन्तै छोटो समयमा साहित्यको उन्नयन र विस्तारमा गरेको योगदान उल्लेखनीय छ । अन्य थुप्रै पत्रपत्रिका जसले साहित्यसेवा गरिरहेका छन्, ती सबैप्रति म सम्मानभाव राख्दछु, प्रशंसा गर्दछु । यतिबेला म संरक्षक रहेर प्रकाशन हुने 'शब्दसिन्धु' साहित्यिक पत्रिकाको पनि स्मरण गर्न चाहन्छु ।

**अन्त्यमा केही भन्न चाहनुहुन्छ कि ?**

भन्ने कुरा त धेरै हुन्छन् तर पुत्रसँगको यो संवाद रमाइलो लागेको छ र सँगसँगै खुसी पनि । नेपाली साहित्य, साहित्यिक पत्रकारिता र स्रष्टाहरूको उन्नति-प्रगतिका निम्ति म विशेष कामना गर्दछु ।

नयाँ बानेश्वर, काठमाडौं ।

ä ã


**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**८. 'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**
२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ
२०७८ विनोदमणि दीक्षित

**९. 'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**
२०७४ रोहिणीविलास लुईटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल
२०७८ प्राडा. नारायणप्रसाद खनाल

**१०. 'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**
२०७४ नेपाल बाल साहित्य समाज
२०७५ प्रमोद प्रधान
२०७७ रञ्जुश्री पराजुली
२०७८ तेजप्रकाश श्रेष्ठ

**११. 'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान'बाट सम्मानित**
२०७७ विद्यानाथ उपाध्याय
२०७८ प्राडा. वीरेन्द्र मिश्र

**१२. 'नन्द आनन्द टुल्की साहित्य सम्मान'बाट सम्मानित**
२०७७ नारायण तिवारी
२०७८ श्रीओम श्रेष्ठ 'रोदन'

**१३. 'आमोई पद्याख्यान पुरस्कार'बाट सम्मानित**
२०७७ होमनाथ सुवेदी
२०७८ श्रीहरि फूयाँल

# कवि भुवनहरि सिग्देलसँग
# तिलस्मी प्रभासको प्रश्न

विसं. २००७ जेठमा काठमाडौंमा जन्मिएका कवि तथा आख्यानकार सिग्देलले २०२८ बाटै फुटकर रचना लेखे । उनले *आर्तनाद, धरणीधर, खाते, कानी, मेनुका, कुलबहादुर, डल्ले, विभुधारा, रो, तीतामीठा कुरा, समयचक्र, सुन सपना, तारा नखस्नू तिमी,* आरोहण आदि काव्यकृति २०५४ देखि २०७७ सम्ममा लेखे र छपाए । *अतीत जब वर्तमान बन्छ, रमीला नानी, सुरासुन्दरी, राम दाइ, जदौ मालिक, आमोइ* आदि कथा र उपन्यास कृति पनि २०६५ देखि २०७७ सम्ममा लेखेर छपाए । *यात्रा किसिम किसिमका, स्मृति तरङ्ग* आदि निबन्धात्मक कृति पनि प्रकाशित गरिसकेका कवि सिग्देल नेपाली साहित्यमा आज पनि उत्तिकै सक्रिय हुनुहुन्छ । करिब चारदर्जन सम्मान र पुरस्कारहरूद्वारा सम्मानित कवि तथा आख्यानकार भुवनहरि सिग्देलसँग ***वैजयन्ती*** पत्रिकाका लागि साहित्यकार तिलस्मी प्रभासद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**आफूले बाँचेको जीवन हेरेर तपाईंको जीवन दृष्टि के हो ?**

आफ्नो जीवन हेरेर कहिले मरीमरी हाँस्न मन लाग्छ, कहिले आश्चर्य । जीवन माने शरीर सम्झनुपर्छ पहिले किनभने जीवन हुन शरीर आवश्यक छ । यता नजाऊँ अर्कै दर्शन उपस्थित हुन्छ । मैले दुई कुरा उठाएँ हासो र आश्चर्य । पहिलो कुरो त मानिसको ज्यान नै सुन्दर छैन । स्वार्थमा मोहको उपस्थिति छ । त्यसैले सुन्दर भन्न लगाएको हो । म माने तपाईं पनि हो है । घोरिएर हेर्नोस् ज्यानमा दुइटा खुट्टा झुन्ड्याइएको छ अनि दुइटै हात । लुगा खोलेर हेर्नोस् के तन्द्रयाङतुन्द्रुङ यी ? बाटोमा लम्केको मानिसलाई हेर्नोस् गोडाको चालमा किन हात हल्लाएको होला ? तपाईं हात नहल्लाई दगुर्नोस् त, लड्नुहोला है । अचम्मको छालाको थैलोभित्र ज्यानका अवयव कोचिएको छ । नसाका त्यान्द्राले जेलिएको छ । त्यसका इन्द्रिय रे ! भुँडी रे ! यौनाङ्ग रे ! हाडका छेस्का रे ! रगत रे ! सबै खाँदिएको छ । एकनास सास तान्छ र छोड्छ । हावा तानेन जीवन छैन रे ! के गाईजात्रे शरीर बनाएको यो ? कतै टुट्न फूट्न नहुने, सकुन्जेल जोगाएर, बचाएर राख्नुपर्ने रे ! यो बाँचुन्जेलको भुर्नहत्ते होइन र ?

किन बचाउनुपर्ने ? जीवनसँगै मोह र मायाका उपस्थिति छन् । यी नितान्त स्वार्थी छन् । म र मेरोमा नै स्वार्थका खुराक छन् । व्यक्ति यसैभित्र जेलिएर समाप्त हुन्छ । तपाईं मेरा र मेरो भन्नुहुन्छ नि ! त्यहाँ मेरा छैनन्, मेरो मात्र छ ।

म मात्र छ । दुख्दा मलाई मात्र पीडा हुन्छ । मेरो पेटको भोक मेरा भनिनेले खाएर मेटिन्न । त्यस्तै तिर्खा मेटिन्न, चाह मेटिन्न । बाटोमा एक्लै हिँडेको हुन्छु । मेरो मुखको बोली मेराबाट बोलिन्न । खुसीमा एक्लै रमाएको हुन्छु र मर्दा धेरै मलामी जालान् तर मुर्दा म मात्र हुन्छु अनि मेरा रून्छन् नि त ! ती किन रोएका ? ती स्वार्थ रोएका हुन् । बाटोमा हिँड्दा कतै मलामी भेटियो रे ! त्यहाँ उसका छोरा वा आफन्त छन् भने ध्वाँध्वाँ ह्वाँह्वाँ किन रोएका ? म पनि त्यहीँ नजिक त छु नि तर म किन नरोएको ? किनभने त्यो मर्ने मानिससँग मेरो कुनै स्वार्थ छैन । उल्टै म साथीलाई भन्छु, बाटोमा मुर्दा देखियो साइत पऱ्यो । हैट् के यो आश्चर्य होइन ? उही मृत्यु हो कुनैलाई साइत, कुनैलाई सूतक रे ! हा हा कस्तो सामाजिक धारणा बनाएको होला । तपाईं प्रश्नले लामो उत्तर खोज्छ । मैले सारांश मात्र दिन खोजें ।

**भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ यहाँलाई ?**

दुरुस्त मै जस्तो, ठ्याक्कै तपाईं जस्तो, यही पल्लो घर जस्तो, उही धन्ने हली जस्तो, त्यही ठालु सामन्त जस्तो, मैले भोट दिएको उही घिनाहा नेता जस्तो, मेरै शिरमाथिको अनुपम हिमाल जस्तो, मेरै लेकबेसी र तराई जस्तो, यिनै खोला, खहरे, नदी र महानदी जस्तो । त्यहाँ समाजको रूपरङ्ग उही, दुरुस्तै हुनुपर्छ । भोलि यस्तै साहित्य लेखिनुपर्छ । तपाईं हेर्नोस् न, साहित्य सम्प्रेषणीय व्यवसाय पनि हो भनी मान्नुहुन्छ भने आफूसँग भएका सामग्री नै बेच्ने त होला नि ! त्यस्ता सामग्री के हुन् भन्नुहोला । यही प्रकृति, यही समाज, यही भाषा, यही संस्कृति त उठाउने होला, होइन र ?

**तपाईंले जीवनमा गर्नुपर्ने भनी लागेको तर गर्न नसकेको कार्य कुन हो साहित्यमा ? गर्न नसकेको कारण केही छन् कि ?**

एउटा महाआख्यान लेख्नुपर्थ्यो सकिएको छैन । उत्कृष्ट महाकाव्य लेखूँ भन्ने विचार केवल विचारमै अडेको छ । लेख्ने शिल्प नभएर होइन । महाख्यान वा महाकाव्यका लागि महान् विषयको जरुरत छ । त्यसको चाँजोपाँजो नमिलेर होला ।

**आफूले लेखेर आफैले पढ्दा वाह यो त लेखें छु भनेर आनन्द लागेको रचना वा कृति कुन हो तपाईंको ?**

तिलस्मीजी, आफ्ना सन्तान कुरूप नै भए पनि प्यारा लाग्छन् । कसैलाई काखा र कुनैलाई पाखा गर्न त कसैको मनले मान्दैन होला । गरिहाल्यो भने पारिवारिक असन्तुलन होला नि ! त्यसको निरूपणको झमेला आफैँलाई हुने हो । यद्यपि आफूले लेखेका सबै कृतिमा म सन्तुष्ट नै छु । सबै रचना एउटै ढक काँटामा कदापि आउन सक्दैनन्, सत्य हो । तपाईंको कानमा मात्र खुसुक्क एउटा कुरा भन्छु, कृपया हल्ला नगरिदिनोस् ल । त्यो के भने मलाई लेखेर अति नै सन्तोष लागेको पुस्तक आमोई, जीवन इतिवृत्त हो किनभने त्यसमा मैले

आफ्नै घरको सत्य घटना लेखेको छु । अर्को कुरा त्यो पुस्तक लेखेर साँच्चै आमोईको श्राद्ध गरेझैं महसुस हुन्छ ।

**धर्म र दर्शन के हो तपाईंको दृष्टिमा ? दर्शनलाई धर्मबाट अलग राख्न सकिन्छ ?**

दर्शनलाई म सिद्धान्त भनेर बुझ्छु । धर्म पनि एउटा सिद्धान्त पक्कै हो । तसर्थ यी दुई विधालाई म अलग राखेर हेर्न सक्दिनँ ।

**नेपाली साहित्यको महाकाव्य फाँटमा किन होला संस्कृत साहित्यको दशकुमार चरित, रघुवंश, किरातार्जुनीय, शिशुपाल बध, रावण बध, नैषधीयचरितमा जस्ता पदलालित्य, भावगाम्भीर्य, उपमा, अलङ्कार आदि नआएका होला ?**

लौ मार्‍यो, परेन के फसाद ! तपाईंले सजिला प्रश्न सोध्नुहोला भनेर उत्तर दिन सकारेको थिएँ । तपाईं त चतुर मात्र होइन अल्छीलाई बल्छी हान्ने खालकी पो हुनुहुँदो रहेछ गाँठे । अब सक्दिनँ भनेर भाग्न पनि भएन । भावगाम्भीर्य र उपमा अलङ्कारले सज्जित महाकाव्य किन लेखिएनन् त ? म भन्छु, समयसापेक्ष युगले सोच्नै नसकिने गरी फड्को मारेको छ । वातावरण फरक बनाइयो, विचारहरू फरक बने, सभ्यता बदलियो, खानपान त्यसका तरिका बदलिए, मनोरञ्जनका साधनमा सूचना प्रविधि पसेपछि त संसार बदलियो तर हामी उनै कालीदासका, भारविका, माघ आदिका काव्यको धङधङीले ग्रसित छौं । जतिखेर पूर्वीय साहित्यका हस्ती मानिएका सर्जकले ती काव्य दिए, त्यो वेला मनोरञ्जन वा दिमागी कसरतका अन्य सामग्री विकास भएकै थिएनन् । ज्यादै नै सोचेर, मनन गरेर मात्र अर्थ र भाव बुझ्नुपर्ने साहित्य लेखनको होडबाजी नै त्यति वेला थियो । तात्कालीन कविहरूले पनि त्यही होडमा काव्य रचना गरिदिए । कालक्रमिक रूपमा हरेक कुरामा सरलीकरण भए जस्तै साहित्य लेखनलाई पनि समयानुकूल तत्काल मनोरञ्जन दिनेतर्फ सर्जकहरू सजग भए । तपाईं हेर्नोस् न, अहिले मानिस दिनका काम छिनमै गर्छ । खोइ उसको घोरिने र दिमाग खियाउने समय र धैर्य ? खोइ त्यसरी गहिरिएर पढाउने गुरु ? अनि खोइ विम्ब, अलङ्कार, रस, ध्वनि, अर्थान्तरन्यास खुट्याएर पढ्ने चेला ? हालको पठन-पाठनका सामग्री देखेर हाँसो अवश्य उठ्छ । सरल, सहज र तत्काल प्राप्तिको दौडमा यहाँका व्यवसायी, शिक्षा र स्वास्थ्यकर्मी, समाजसेवी तल्लीन छन् । अझ कतिसम्म सहज र सरलको भऱ्याङ झर्नुपर्ने हो थाहा छैन । भनेपछि तिलस्मीजी, ती कोटिका रचना गरेर अभिलेख्य त बन्लान् तर तिनले आजको सन्दर्भमा सर्वदा पठन अध्यापनका दृष्टिले मान्यता पाउलान् र ? यसो भन्दैमा पहलमानी कुस्तीझैं अभिनयी, हचुवा खालका, विनाअध्ययन, भताभुङ्ग भाषा, नक्कली र विनाचिन्तनका काव्य लेखियोस् भनेको होइन । एउटा उखान छ नि ! रोगीले

खोजेको तातोपानी, वैद्यले दिएको पनि तातोपानी हुन थालेको चिन्ता भने अवश्य हो । वर्तमानमा कठिन काव्य पढ्ने मानसिकता कसैको छैन । लाग्छ, धन, श्रम र समय खर्च गरेर कठिन र दुरुह साहित्य किन लेख्ने होला ?

**तपाईं काव्य र आख्यानमा उत्तिकै सशक्त हुनुहुन्छ । एउटा कालजयी कृतिमा के के हुनुपर्छ जस्तो लाग्छ कालजयी बन्न ?**

फेरि तपाईंको प्रश्नले रनथन्यायो । एउटा संस्मरण सुनाउँछु- तीसको दशकमा काठमाडौँमा विभिन्न देशका पहलमान आएर दशरथ रङ्गशालामा कुस्ती प्रदर्शन गरे । यहाँ आएका केही कुस्तीवाजका नाम सम्भिन्छु, दारासिंह, एसएस रन्धवा, भाइकिङ द ब्रुट आदि थिए । साँझ प्रदर्शन हुने त्यो खेल हेर्न अपार दर्शकको भीड लाग्थ्यो । पहलमानहरूका मारमुक्का र भिडन्त देखेर लाग्थ्यो, पक्कै यी एकअर्कालाई घायल पार्ने गरी लड्दै छन् । केको सत्य हुन्थ्यो र ? त्यहाँ तयार गरिएको मञ्च नक्कली, कुस्ती केवल अभिनय, सबै बत्ती र वाद्यवादनको चमत्कार थियो । पछि चाल पाइयो, दर्शकलाई मात्र मूर्ख बनाइएको कुरो । त्यहाँ आएका सबै पहलमान एउटै क्लबका सदस्य पो रहेछन् । उही ड्याङका मुला, हाम्रा लागि ठूला ।

यो स्मृति किन सुनाएँ भने नक्कलीलाई सक्कली भनेर जति ढोल पिटिए पनि भोलि आउँदा सत्य खुल्दै जान्छ । कालजयी भनेको त समयलाई जित्ने पो हो त । साहित्यमा मात्र होइन, अन्य कलाकौशल र विकासका अग्रणी कालजयी हुन सक्छन् । हामी साहित्यका कुरा गर्दैछौं । तिलस्मीजी, म तपाईंलाई सोध्छु, प्याट्टै भन्नोस्, गएको पचासको दशकमा प्रकाशित भई विशेष कारणले तपाईंको सम्झनामा रहेको कसको कुन कृति हो ? हो, तपाईं म लगायत अन्य सयौंजनाका जिब्राबाट त्यो किताबको नाम सुन्यौं भने त्यसलाई कालजयीको बाटोमा छ भन्न सकिन्छ । दश वर्षभित्र त हजारौं किताब प्रकाशित भएका हुन्छन् । सोच्नोस् त पचासको, चलीसको, तीसको अझ बीसको दशकका किताबमध्ये कुनको नाम भन्न सक्नुहुन्छ हँ ? जसको नाम विशेष कारणले लिनुहुन्छ भने त्यसले समयलाई जित्दै गयो भन्नुपर्ने हुन्छ । त्यसभित्र के हुनुपर्छ ? भन्ने प्रश्न होइन । किताबले धेरैको मनमस्तिष्कमा युगौंयुगसम्म सकारात्मक सन्देश, विचार, तर्क, निष्कर्ष, प्रवाह गर्न सकेको छ भने त्यो कालजयी कृति हो ।

**साहित्य क्षेत्रमा लागेर के पाउनुभएको छ ? सन्तुष्ट हुनुहुन्छ ?**

समयले चालीसको दशक पूरा गर्दासम्म मलाई थाहा थिएन साहित्यको नशा । त्यो लत पनि कुनै अम्बलीको तृष्णा जस्तो हुन्छ भन्ने अनुभव पनि त थिएन नि ! माथि भनियो जीवन सर्वथा एकल यात्रा र स्वानुभव हो । रक्सीका अम्बलीले त्यो लतबाट केही पाउँदा हुन् । मेरो अनुभवमा साहित्यतर्फको संलग्नता पनि एक अम्बल नै रहेछ । तपाईंको प्रश्न छ, यसबाट के पाउनुभएको

छ। हेर्नोस् त पहिले तपाईं र तपाईंजस्तै हजारौं मित्र पाएको छु। सोध्नुहोला धन नि ? धन पाएको होइन, बरु नुनतेलको रकममा कमी गरेर करिब दुई दर्जन पुस्तक त आफ्नै खर्चमा छापेको छु त। त्यो लगानी केका लागि ? भन्नुहोला। जसरी रक्सीको अम्बलीले त्यो नशा सेवनको कारण भन्न सक्दैन, म पनि भन्न सक्दिनँ। किन ? केही पाउन केही गुमाउनु भनिन्छ। के पाउन त ? फेरि उही अन्योलमा फसिन्छ। मेरो सन्दर्भमा कारण पत्ता नलागेपछि भन्ने गरेको छु, ऋण तिर्न। फेरि सोध्नुहोला के ऋण, कस्तो ऋण ? आमाको गर्भबाट यो धर्तीमा खस्ने बित्तिकै त्यो ऋण सुरु हुन्छ। यही माटोका उपज, रस, रसायन खाएर तपाईं हामी बाँचेका होइनौं र ? के त्यो जीवनऋण हामीले तिर्नुपर्दैन त ? यहाँ हामी दैनन्दिनी नाटकमा अभिनय गरिरहेका छौं। यो मञ्चनबाट केही समय निकालेर पनि जन्मऋणको किञ्चित् साँवा वा ब्याजको अंशसम्म त तिर्न सक्छौं कि अन्यथा कृतघ्नी सन्तानको उपाधि भिरेर संसार छाड्ने अवस्था आउँछ। अब हेर्नोस् तपाईं हामी जहाँ जे कर्म गरिरहेका छौं, त्यहींबाट ऋण-मोचनतर्फ पनि सचेत रहनुपर्छ भन्ने आभास मैले पाएँ। भाषासेवा पनि जननीसेवा झैं पवित्र छ। यही विचारबाट म साहित्य लेखनमा अभिप्रेरित भएको हुँ। यो सेवामा समर्पित हुँदा मैले के कमाउने र के गुमाउने भन्ने प्रश्न होइन। धन कमाउनैका लागि त अर्कै व्यापार व्यवसायको संसार छँदै छ नि !

**साहित्य के हो तपाईंको दृष्टिमा ?**

मातृभाषालाई राष्ट्रको जननी भने हुन्छ। यसमा त्यो देशको स्पन्दन हुन्छ। यसैबाट शिरा-धमनी चल्छन्। देश जान्न त्यसको साहित्य पढ्न जरुरी छ। बुझ्नुभयो होला साहित्य के हो ?

**किन लेख्ने ?**

तपाईंलाईं पढ्ने खुराक दिन अर्थात् मैले जानेका कुरा आमपाठकमा सम्प्रेषण गर्न।

**लेखनमा धन प्राप्तिको लालस त रहला नि ?**

धनभन्दा यश प्राप्ति भन्नोस् न।

**भनेपछि लेखनमा लालसा त रहेछ नि ?**

गीताले *कर्मण्येवाधिकारस्तु माफलेषु कदाचन* भने पनि संसारमा निरुद्देश्य कर्म त कमै गरिएका होलान्।

**साहित्य लेखेर पूर्ण सन्तुष्ट हुनुहुन्छ त ?**

मैले आफ्नो सन्दर्भमा भन्नुपर्दा यो प्रश्नको उत्तर छोटो नहोला। यहाँ ऋण तिर्ने कुरा उठाएको छु नि, त्यसै होइन। मैले २०५४ सालदेखि पूरै साहित्य लेखनमा बाँकी जीवन समर्पण गर्न चाहेको थिएँ। मेरै अवस्था र बाध्यताले ४८ वर्षको उमेरमा अर्को काम खोज्नुपर्ने भयो। दैनिक १२ घण्टा खट्नुपर्ने यस्तो

काम पाएँ जहाँ शनिवारका कुरा छाडौं दशैंतिहारको टीकामा पनि अफिस जानुपर्थ्यो। तलब सुविधा सोचेभन्दा बढी नै थियो। नौ वर्ष त्यसरी खटेपछि मलाई अब पैसाले नै समाप्त गर्छ भन्ने आभास भयो र छाडिदिएँ त्यो जागिर। त्यसपछि म फूक्काफाल भएर साहित्यमा लाग्न पाएको छु। त्यसपछिका उपलब्धिमा आफू पूरा सन्तुष्ट पनि छु।

**यो काममा घरपरिवारको पनि कुनै अवरोध छैन त ?**

छैन, कुनै ऋण नलगाई, पैतृक अंश नचलाई तिनलाई बस्न खान पुग्ने अवस्थामा छाडेपछि के अवरोध गर्ने र ?

बौद्ध, काठमाडौं।

ä ã


# के तपाईंलाई थाहा छ ?

**हामी २०७८ र २०७९ को**
**वर्ष साहित्य पुस्तकमा**
**जुटिसकेका छौं।**
**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका**
**पुस्तकहरूको हामी टिप्पणीसहित**
**परिचय प्रकाशन गर्दछौं।**
**त्यसको लागि**
**हामीलाई पुस्तक उपलब्ध गराउनुहोस्।**

**साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन**

चाबेल, काठमाडौं **०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३**

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher . com/

# समालोचक प्रा.डा.यादवप्रकाश लामिछानेसँग उत्तमकृष्ण मजगैयाँको कुराकानी

विसं. २०११ मा धनकुटामा जन्मिएका समालोचक प्राडा. यादवप्रकाश लामिछानेको *छिन्नलता गीतिसाधना २०४९, नेपाली भाषशिक्षण २०५२, नेपाली कविता-काव्य र साहित्य तत्त्व २०५३, नेपाली भाषा र साहित्य २०५६, कविता-काव्य, नाटक-एकाङ्की र नेपाली साहित्यको इतिहास २०५८, कथा सिद्धान्त र समीक्षा २०६३, आधुनिक उपन्यासमा विसङ्गति बोध २०६३, सामान्य प्रायोगिक भाषाविज्ञान २०६८, आधुनिक नेपाली विसङ्गतिपरक उपन्यासका विशेषता २०६८, नेपाली उपन्यास : सिद्धान्त र समीक्षा २०६८, केही रचना केही विवेचना २०६८, विसङ्गतिपरक उपन्यास विश्लेषणका प्रतिमानहरू २०६८* आदि महत्त्वपूर्ण कृतिहरू प्रकाशित छन् । हाल नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति श्री लामिछाने आज पनि नेपाली साहित्यको समालोचना फाँटमा उत्तिकै सक्रिय हुनुहुन्छ । करिब दुई दर्जनभन्दा बढी सम्मान र पुरस्कारहरूद्वारा सम्मानित समालोचक लामिछानेसँग ***वैजयन्ती*** पत्रिकाका लागि कवि तथा निबन्धकार उत्तमकृष्ण मजगैयाँद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी प्राप्त भएपश्चात् यहाँको दिनचर्या कसरी व्यतीत भइरहेको छ ?**

शैक्षिक, प्राज्ञिक र प्रशासनिक क्षेत्रको नेतृत्व गर्नुपर्ने हुनाले तत् तत् क्षेत्रसँग सम्बन्धित काममा स्वाभाविक रूपले व्यस्त रहनुपर्ने हुन्छ । विश्वविद्यालयले प्रत्यक्ष र परोक्ष रूपमा सम्पर्क राख्नुपर्ने निकायहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, अर्थमन्त्रालय, चिकित्सा शिक्षा आयोगलगायत अन्य समन्वय कायम राख्नुपर्ने विभिन्न सङ्घ संस्थासँगका बैठक, छलफल, गोष्ठी, सेमिनार जस्ता विभिन्न कार्यक्रमहरूमा उपस्थित हुनुपर्ने र समन्वय गर्नुपर्ने कार्यमा समय व्यतीत भइरहन्छ ।

**यहाँको आजसम्मको कार्यावधिमा विश्वविद्यालयले प्राप्त गरेका विशेष उपलब्धिहरू के के हुन् र यसको उन्नयनका लागि यहाँले गर्नुभएको केही महत्त्वपूर्ण कार्यको जानकारी पाउन सकिन्छ कि ?**

अवश्य नै, मैले पद बहाली गरेपछि विगतदेखि सुचारु हुँदै आएका तर अधुरा कामहरूलाई पूर्णता दिँदै निरन्तरता दिने काम भएका छन् । विगत बाइस वर्षदेखि स्नातक तहको पाठ्यक्रममा परिमार्जन गर्न नसकिएको अवस्थामा

त्यसतर्फको कामको सुरुवात गर्दै तीन वर्षे स्नातक तहलाई चार वर्षे बनाउने र सोहीअनुसार विज्ञहरूद्वारा पाठ्यक्रम निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ । अहिले दोस्रो वर्ष पूरा भई तेस्रो वर्षको पाठ्यक्रम निर्माण र पठनपाठनलाई तदारूपताका साथ अघि बढाइएको छ ।

विश्वविद्यालयले विगत दशवर्षदेखि आयुर्वेदतर्फ स्नातक तह (बि.ए.एम.एस.) को पठन पाठन गराइरहेको परिप्रेक्ष्यमा आयुर्वेद, प्राकृतिक चिकित्सा, आधुनिक चिकित्सा र युनानी चिकित्साका लागि एकीकृत अस्पतालको आवश्यकता खड्किरहेको अवस्थामा सङ्घीय सरकारसँग अनुरोध गरेअनुसार दुई सय शैय्याको एकीकृत अस्पताल निर्माणका लागि आवश्यक रकमको व्यवस्था गरी प्रदेश सरकारका तर्फबाट अस्पताल निर्माणको प्रारम्भिक कार्य सुरु भइसकेको अवस्था छ । त्यसका अतिरिक्त प्राच्य विद्याहरूसँग अटुट सम्बन्ध कायम राख्दै वास्तुशास्त्रसँग सम्बन्धित स्थापत्यशास्त्र अध्ययन संस्थानको नियम विश्वविद्यालय सभाबाट पारित गरी आगामी शैक्षिकसत्रदेखि वास्तु इन्जिनियरिङको पठन पाठन सुरु गर्ने तयारी भइरहेको छ । त्यसका लागि इन्जिनियरिङको स्नातक तहको पाठ्यक्रम निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । त्यसै गरी स्नातकोतर तहको पाठ्यक्रम निर्माण प्रारम्भिक चरणमा रहेको छ ।

**आफ्नो बाँकी कार्यकालमा यहाँले सम्पन्न गर्न चाहेका अन्य केही विशेष कार्य योजनाहरू पनि छन् कि ?**

आगामी दिनमा विश्वविद्यालयतहबाट अनलाईन प्रविधिबाट संस्कृत प्राक्शास्त्रीको कक्षा सञ्चालन गर्ने साथै कर्मकाण्ड र पुराणवाचनमा विशिष्टता हासिल गराउने उद्देश्य राखी कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ । यस्ता कार्यक्रमबाट घरैमा बसी बसी पनि संस्कृत भाषा तथा त्यससम्बन्धी आधारभूत ज्ञान प्राप्त सकियोस् भन्ने मूल उद्देश्य राखिएको छ । उपर्युक्त कुराबाहेक वैदिक कृषिको पठनपाठनका लागि पाठ्यक्रम निर्माण भइसकेको अवस्था रहेकाले आवश्यक भौतिक संरचना तयार गरी कक्षा सञ्चालनको व्यवस्था गर्ने उद्देश्य रहेको छ । आयुर्वेदमा स्नातकतहको औषधी निर्माण (बि.फार्मेसी) सम्बन्धी कार्यक्रम सञ्चालनको योजना रहेको छ भने कानूनतर्फ विधि शास्त्रको पठनपाठनका लागि पाठ्यक्रम निर्माणको थालनी भइसकेको छ ।

**नेपाल संस्कृत विश्वविद्यालयमा पठन पाठनलगायत अन्य विषयलाई लिएर बेला बेलामा विभिन्न आन्दोलनहरू भइरहेका पाइन्छन्, किन यस्तो भइरहन्छ ? यसको स्थायी समाधान छैन ?**

नेपाल संस्कृत विश्वविद्यालयमा विगतदशकदेखि नै विभिन्न बहानामा तालाबन्दी गर्ने संस्कृति मौलाउँदै आएको इतिहास रहेको देखिन्छ । प्राच्य विद्याका लागि स्थापित शैक्षिक संस्थामा पटक पटक तालाबन्दी गरी दैनिक कार्य संचालन तथा शैक्षिक, प्राज्ञिक कार्यमा अवरोध सिर्जना हुने हुँदा दीर्घकालीन

असर पर्ने कुरा निश्चित छ । आन्दोलनकारी मानसिकता बोकेका व्यक्ति वा समूहबाट आफ्ना माग पूरा गर्ने विभिन्न बहानामा गरिएका बन्दको विश्वविद्यालयका तर्फबाट पूरा गर्न सकिने मागका बारेमा वार्ता छलफल आदिका माध्यमबाट समाधानमा पुग्न नसकिने कुरै हुँदैन तर विश्वविद्यालयतहबाट मात्र समाधान गर्न नसकिने मागका कारण बेला बेलामा समस्या आइरहेका हुन् । यस किसिमका समस्याको समाधान स्थायी रूपमा गर्न सकिन्छ, त्यसको उपाय भनेको पारस्परिक छलफल, औपचारिक तथा अनौपचारिक वार्ता नै हुन सक्छन् ।

**समय समयमा संस्कृत भाषाको सान्दर्भिकता र औचित्य माथि नै प्रश्न उठाउँदै विभिन्न प्रहार भइरहेका पाइन्छन् । यस्ता समस्या समाधानका दिगो उपायहरू केही छन् कि ?**

संस्कृतलाई केवल भाषा मात्र मान्ने, यो मृतप्रायः भइसक्यो भन्ने, यस भित्रको गहनता नबुझ्ने र बुझेर पनि नबुझेजस्तो गर्नेहरूले यसको सान्दर्भिकता माथि चुनौती दिइरहेको अवस्था जल्दोबल्दो रूपमै रहेको छ । संस्कृत वाङ्मय, पूर्वीय दर्शन, यसबाट निःसृत हुने जीवन पद्धति, संस्कार र संस्कृतिलाई निमिट्यान्न बनाएर शून्यतामा लान खोजेर केवल विदेशी भाषाको प्रभुत्व जमाउन खोज्नेहरूको कुटिल चाल हो भनेर बुझ्नुपर्ने हुन्छ । भाषामाथि आक्रमण भएपछि संस्कार र संस्कृतिमाथि प्रहार गर्न सजिलो हुन्छ । भाषा र मौलिक सम्पत्ति रित्याएपछि अरूको गुलाम बन्नुपर्ने बाध्यतात्मक स्थितिमा पुऱ्याएर पहिचानहीन बनाउन सक्दा मात्र आफ्नो स्वार्थ पूरा हुने र वर्चश्व कायम गर्न सकिन्छ भन्ने भित्री रहस्यलाई बुझ्नुपर्दछ । यस्ता कुराबाट जोगिने उपाय भनेको संस्कृतभित्रका अमूल्य निधिका रूपमा रहेका मूल ग्रन्थहरू तथा उपजीव्य ग्रन्थबाट निर्देशित जीवन पद्धति, आचरण, अनुशासन, रीतिथिति तथा मौलिकता जोगाउनु नै वर्तमानको अपरिहार्य आवश्यकता हो भन्ने कुरा बुझाउन सक्नुपर्दछ । यसो गर्न सकेमा मात्र संस्कृत भाषाको सान्दर्भिकता र औचित्यको पुष्टि गर्न सकिन्छ । स्थायी रूपमा समस्याको समाधानको उपाय भनेकै सबैका लागि यसको महत्त्व उच्च रहेको छ भन्ने चेतना जागृत गराएर अन्तर्हृदयदेखि नै यसको संरक्षण र संवर्द्धनमा जुट्नु नै प्रमुख पक्ष हो ।

**संस्कृति तथा भाषा साहित्यको अध्ययन, अनुसन्धान र संरक्षणको कार्यको अपेक्षित माग पूरा गर्न विश्वविद्यालय के कति सफल रहेको ठान्नु हुन्छ ?**

विविधता युक्त संस्कृतिको संरक्षणका लागि विश्वविद्यालयको राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका तर्फबाट जे जति काम भएका छन् तिनबाट सबै पक्ष र पाटालाई समेट्न सकेको त देखिँदैन तर जुन रूपमा अध्ययन परम्पराको थालनी भएको छ, त्यसबाट संस्कृतिको जगेर्नाका लागि गरिएको प्रारम्भिक कार्य मान्नुपर्दछ । यसका अतिरिक्त सातवटै प्रदेशमा त्यहाँको संस्कृति र

सांस्कृतिक महत्त्वतर्फ दृष्टिगत गरी विश्वविद्यालयको क्षमताले भ्याएसम्म क्रमशः काम गर्दै जाने रहेको छ । भाषा र साहित्यका सन्दर्भमा नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रबाट गराइने विद्यावारिधि तहको अध्ययन अनुसन्धानबाट अपेक्षित उपलब्धी हासिल गर्ने कार्यमा विश्वविद्यालय क्रमशः खुट्किलो उक्लने क्रममा रहेकै छ ।

**एउटा उच्च पदस्थ व्यक्तित्वका अतिरिक्त यहाँभित्र विद्यमान साहित्यिक तथा समालोचकीय व्यक्तित्वले पनि प्राज्ञिक क्षेत्रमा महत्त्वपूर्ण स्थान राखेको छ । यहाँको दृष्टिमा साहित्य के हो ?**

साहित्यका बारेमा पूर्व र पश्चिम दुवैतिर निकै लामो बहस, चिन्तन र ऊहापोह चल्दै आएको छ । साहित्य भन्नासाथ भावना, अनुभूति र वैयक्तिक रागसँग गाँसिएको विषय भएकाले चिन्तकहरू पिच्छे यसका विभिन्न परिभाषाहरू प्राप्त हुन्छन्, जुन स्वाभाविकै हो । ती सबै परिभाषाहरूको समीक्षा र विश्लेषण गर्न यहाँ गाह्रो छ ।

जहाँसम्म मेरो मान्यता छ, म साहित्यलाई समाजसापेक्ष विषय ठान्दछु । साहित्य वैयक्तिक अनुभूतिबाट निःसृत भए पनि यसको पृष्ठभूमिमा स्रष्टा र ऊ बाँचिरहेको समाज हुन्छ तसर्थ मेरो विचारमा साहित्य भनेको स्रष्टाले जीवन र जगत्सँगको अन्तर्क्रियाका क्रममा अनुभव गरेका भावना, संवेदना र रागहरूको कलात्मक अभिव्यक्ति हो । यस्तो अभिव्यक्ति समाजलाई काम लाग्ने खालको वा भनौं व्यक्ति र समाजको चेतनालाई परिष्कृत, उन्नत र समृद्ध तुल्याउने किसिमको हुनुपर्छ भन्ने मेरो मान्यता छ । सामाजिक, सांस्कृतिक रूपान्तरण तथा समतामूलक समाज स्थापनाका लागि उत्प्रेरणा जागृत गराउने किसिमको साहित्य सिर्जना आजको अवश्यकता हो भन्ने ठान्दछु । यस अर्थमा म साहित्यको समाजसापेक्ष प्रयोजनको पक्षपाती हुँ ।

**आफूले लेखिसकेपछि आफैले पढ्दा आनन्द लागेका यहाँका कुनै रचना छन् कि ? छन् भने के कारणले त्यसो भएको होला ?**

मेरो प्रकाशोन्मुख 'संयोग' कथा सङ्ग्रहभित्रका 'संयोग' र 'फ्ल्यास ब्याक' शीर्षकका फूटकर कथाले बारम्बार पढ्न आग्रह गरेजस्तो लाग्छ र दोहोऱ्याएर, तेहऱ्याएर पनि पढेको छु । ती कथामा समाज भित्रको एक किसिमको जीवन प्रतिविम्बित भएको ठानेको छु । सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका प्रतीकात्मक प्रस्तुति भएर पनि हुन सक्छ । त्यसका साथै चार दशकभन्दा बढी शिक्षण कार्यमा समर्पित भएकाले हुन सक्छ, आफ्नो मिहिनेत परेको 'नेपाली भाषाशिक्षण परिचय' नामको कृतिले बारम्बार पढ्न प्रेरित गरिरहेकाले आनन्दको अनुभूति गरेको छु ।

**साहित्यमा यहाँको विशेष रुचिको विधा कुन हो ?**

अध्ययनका क्रममा उपन्यास विधा नै मेरो रुचिभित्र पर्दछ । समाज,

संस्कृति, संस्कार, जीवन पद्धति, पर्यावरणीय प्रतिबिम्वित, आर्थिक, राजनीतिक आदि विविध पक्षको अङ्कन उपन्यासभित्रको आयाममा समेटिन्छन् । पात्रको जीवन भोगाइ तथा त्यसको साङ्गोपाङ्गो प्रस्तुतिले ज्ञात अज्ञात भूगोल भित्रको परिवेश नै प्रतिविम्बित हुने हुँदा जीवनको पूर्णाङ्गी अध्ययनले त्यतातिर आकर्षण बढेको ठानेको छु । उपन्यासमा समाजका बहुविध पक्षको ग्रहण र सम्प्रेषणका प्रचुर सम्भावना हुन्छन् । यसबाट खुला आकाशमा विचरण गरेको अनुभूति गर्न सकिन्छ र आत्मसन्तुष्टि प्राप्त हुन्छ । यद्यापि सिर्जनाका दृष्टिबाट हेर्दा कथा विधा विशेष रुचिभित्र रहेको ठानेको छु ।

**विश्वसाहित्यको परिप्रेक्ष्यमा नेपाली उपन्यासको अवस्था कस्तो छ ?**

विश्व साहित्यका सापेक्षतामा नेपाली उपन्यास सिर्जनाको प्रारम्भ नै धेरै नै पछिबाट मात्र भएको हो । कारण जे सुकै भए पनि उपन्यास सिर्जनाको चेत जतिबेलादेखि आयो र लेखनको कार्य भयो, त्यसपछि भने नेपाली उपन्यासले निकै फड्को मारेको अनुभव गरेको छु । पूर्वाभ्यासलाई छाडेर करिब नब्बे वर्षको ऐतिहासिक कालखण्डमा विश्व साहित्यमा स्थापित भएका मूलभूत प्रवृत्तिलाई अङ्गीकार गर्दै र त्यसको प्रयोग वैचित्र्यपनि पृथक् बनाउँदै जसरी उपन्यासहरू सिर्जना भए, त्यस रूपमा सन्तुष्ट हुने प्रशस्त उदाहरणहरू छन् । पूर्ण रूपको कुरा गर्दा केलाई र कुन रूपलाई भन्ने प्रश्न पनि टड्कारो रूपमा उठिहाल्छ । अग्रज उपन्यासकारहरूले आफूले भोगेको समाजको प्रतिविम्ब उतार्दै केवल त्यतिलेमात्र सन्तुष्ट नभई पश्चिमबाट प्रवर्तित र विकसित भएका धारा र प्रवृत्तिलाई पनि मौलिक साँचोमा ढाल्दै र गाल्दै खाँटी नेपालीपनबाट उपन्यासलाई विकसित गराए, त्यसैमा हामीले गौरव गर्नुपर्छ ।

रुद्रराज पाण्डेको 'रूपमती', रूपनारायण सिंहको 'भ्रमर' बाङदेलका 'मुलुक बाहिर' र ' लङ्गडाको साथी', हृदयचन्द्र सिंहका 'एक चिहान' र 'स्वास्नी मान्छे' मुक्तिनाथको 'को अछुत ?', गोठालोको 'पल्लोघरको झ्याल', विजय मल्लको 'अनुराधा', उदाहरणीय प्रतिनिधिमूलक उपन्यास मानिन्छन् । इन्द्रबहादुर राईको आगमनपछि भनें नेपाली उपन्यासले फरक मोड अङ्गीकार गऱ्यो । 'आज रमिता छ' मा प्रतिविम्बित प्रवासी नेपाली जीवनको अङ्कन तथा पृथक् संरचना र प्रवृत्तिको वरणले उचाइ प्राप्त गरेको छ । त्यस्तै पारिजातको प्रतिनिधिमूलक उपन्यास 'शिरीषको फूल', ध्रुवचन्द्र गौतमको 'अन्त्यपछिको प्रयोग र सन्देश', कोइरालाको 'सुम्निमा'को मिथकीय प्रयोग लगायतका कृति, मदनमणि दीक्षितको 'माधवी', डि.पी. अधिकारीको 'आशमाया', दौलतविक्रम विष्टको 'ज्योतिज्योति महाज्योति', ध्रुवचन्द्र गौतमकै 'अलिखित', 'अग्निदत्त+अग्निदत्त', 'फूलको आतङ्क', 'भीमसेन ४ को खोजी' आदिजस्ता उपन्यास तथा अन्य नेपाली उपन्यासकारका उपन्यासहरू नेपाली उपन्यासको विकासक्रमका मानक मानिन्छन् । यसपछि

पनि उपन्यास सिर्जनामा कलम चलिरहेकै छन् तर अघिल्लो चरणमा अङ्गीकार गरिएका मूलभूत प्रवृत्तिकै सेरो फेरोमा उपन्यास जन्मिँदा छन् । उत्तरार्द्धमा डायास्पोरिक लेखन शैलीभित्र केही खँदिला औपन्यासिक कृतिहरू पनि आएका छन् । पूर्ववर्ती चरणका उपन्यासकारले चित्रण गरेको समाज र वरण गरेको विषयको प्रस्तुतिभन्दा उत्तरार्द्धका सर्जकलाई विज्ञान र प्रविधिको सर्वसूलभ उपलब्धता छ, त्यसैले वर्तमान अवस्थामा विश्व साहित्यमा के कस्ता औपन्यासिक प्रवृत्ति र लेखन शैली विकसित भएका छन्, त्यसलाई अङ्गीकार गर्दै र मौलिकता प्रदान गर्दै अघि बढ्नुपर्ने हो । त्यसतर्फ गुणात्मक रूपमा आकृष्ट हुन सकिरहेको देखिँदैन ।

यो भयो उपन्यास सिर्जनाको नेपाली सन्दर्भको कुरा । माथि उल्लिखित प्रयोग, प्रवृत्ति र लेखनशैलीगत आधारका दृष्टिमा नेपाली उपन्यासको स्थिति कमजोर छैन । पुरस्कारको मापदण्डमात्र मानक मानिँदैन । भाषा र पहुँच पनि निर्धारक तत्त्व मानिन्छन्, यसमा हामी पछि होऔँला तर गुणात्मक परिपाकका दृष्टिले उपन्यास विधा फस्टाउँदो रूपमा रहेको छ । कतिपय उपन्यास विषय-वस्तुगत, परिवेशगत र प्रवृत्तिगत रूपमा विश्वजनीन लाग्छन् भने कतिपयले स्थानीयकरणलाई वरण गरेकै किन नहुन तिनले कुनै न कुनै सन्देश प्रवाह गरेकै छन् । सापेक्षतामा हेर्दा लघुताभास गर्नुपर्ने त कारण नै छैन भने धेरै उच्चताभास वा उच्च आकाङ्क्षा राख्नुपर्ने पनि छैन किनभने हाम्रो उपन्यास सिर्जनाको इतिहासको समयावधि केवल अठासी वर्षको मात्र रहेको छ । यस अवधिमा हामीले जे प्राप्ति गरेका छौँ त्यसैमा सन्तुष्ट हुने त होइन तर देवकोटाले ‘उडी छुनु चन्द्र एक’ भने झै निश्चित गन्तव्यको यात्राको नैरन्तर्यको अपेक्षा गर्न सकिने धेरै आधारहरू भने छन् । विश्व साहित्यको परिप्रेक्ष्यमा नेपाली उपन्यासको अवस्थाको आकलन गर्दा पश्चिमका तुलनामा पछि छौँ भन्ने लाग्दैन । कहाँको हाम्रो नौ दशकको उपन्यास यात्रा र त्यहाँको सदियौँ अगाडिदेखिको सिर्जनाको सन्दर्भ फरक त अवश्य पर्छ नै तर पाश्चात्य भूमिमा जसरी र जुन रूपमा औपन्यासिक प्रयोग, प्रवृत्ति र लेखन शैलीको विकास भयो, समयको अन्तरालमा नेपाली उपन्यासले पनि द्रुतगतिमा यात्रा तय गरेको छ भनेर निर्धक्क भएर भन्न सकिन्छ ।

राजनीतिक स्वतन्त्रता नपाएको अवस्थाबाट गुज्रिएको साहित्य सिर्जनाको उपयुक्त वातावरण राणाशासनको अन्त्यपछि मात्र प्राप्त भयो । यद्यपि त्यसभन्दा अगाडिदेखि नै नेपाली स्रष्टामा आएको सिर्जना चेतले गर्दा खँदिला खँदिला उपन्यास सिर्जना भएकैले त्यसले पृष्ठभूमिको काम गरेको पाइन्छ । प्रजातन्त्रको आगमनपछि शिक्षा प्राप्तिको खुकुलो वातावरणले पाश्चात्य जगत्ले दिएका साहित्यिक सामग्रीलाई बिस्तारै बिस्तारै ग्रहण गर्ने अवसर प्राप्त भएपछि आधुनिक नेपाली उपन्यासमा नयाँ नयाँ प्रवृत्ति भित्रिन सहयोग पुग्यो र नेपाली उपन्यासले आज गर्वसाथ आफूलाई प्रस्तुत गऱ्यो ।

नेपाली साहित्यको विकासमा पाश्चात्य साहित्यको ठूलो प्रभाव रहेको कुरा अस्वीकार गर्न सकिँदैन । फ्रान्सेली अनरे द बाल्जाकका प्रमुख कृतिहरूमा 'उजेनी ग्रादे' र 'ल पेर गोरिओ', बेलायती चार्ल्स डिकन्सका 'अलिभर ट्विस्ट', 'डेभिड कपर्फिल्ड' र 'महान् आशाहरू', गुस्ताभ फ्लोबेअरका 'मादाम बोभारी' (श्रीमती बोभारी) र 'लेदुकासियों साँतिमाँताल', (भावुकतापूर्ण शिक्षा), र जेम्स ज्वायसको 'युलिसिस' रूसी लियो टाल्सटायका 'युद्ध र शान्ति' र 'अन्ना करेनिना', मेक्सिम गोर्कीको 'आमा', फ्योदोर दस्तोएस्कीको 'अपराध र सजाय', तुर्कनेभको 'पिता र पुत्र', जर्मन डोभास मानको 'जादु पर्वत', अमेरिकाली अर्नेष्ट हेभिङ्वेको 'बूढो मान्छे र समुद्र', अल्जेरियाली अल्वेअर कामुको 'अपरिचित' आदिका औपन्यासिक कृतिले विश्वसाहित्य तथा नेपाली उपन्यास क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका खेलेकै छन् ।

**यहाँका प्रकाशित सिर्जना बारे जानकारी पाउन सकिन्छ कि ?**

विभिन्न साहित्यिक पत्रिकामा फूटकर रूपमा कथा, नियात्रा, संस्मरण तथा बालकविताहरू प्रकाशित छन् । तिनलाई बिटो बिटो बनाएर प्रकाशन गर्ने तयारीमा छु । कथा, नियात्रा र संस्मरणले निकट भविष्यमा नै प्रकाशनको उज्यालो देख्न पाउने छन् भन्ने अपेक्षा गरेको छु । विभिन्न विधासँग सम्बन्धित समालोचनात्मक कृतिलाई पनि सिर्जनाका कोटीमा राख्दा '*आधुनिक नेपाली साहित्यमा विसङ्गतिबोध* (२०६३), *केही विधा : केही समीक्षण* (२०६८), *विसङ्गतिपरक उपन्यास विश्लेषणका प्रतिमानहरू* (२०६८), *नेपाली उपन्यास : सिद्धान्त र समीक्षा* (२०६८), र *केही रचना र केही विवेचना* (२०६८) रहेका छन् ।

**समकालीन नेपाली साहित्य बारे यहाँको धारणा के छ ?**

साहित्यका सबै विधाहरू सिर्जनामा स्रष्टाहरूको रुचि बढ्दो रूपमा नै रहेको देखिन्छ । कविताका लघुत्तम रूपदेखि बृहत् रूपसम्मका सिर्जनाहरू आइरहेकै छन् । कथा र उपन्यास विधा केही बढी लोकप्रिय बनेको देखिन्छ । निबन्धमा कलम चलाउनेको सङ्ख्या पनि राम्रै छ । मेरो विचारमा एकाङ्की र नाटक विधाले जति र जुन रूपमा फड्को मार्नु पर्ने हो त्यो अपेक्षाकृत रूपमा नसकेको हो कि भन्ने लाग्दछ । समकालीन साहित्य सिर्जनाका सन्दर्भलाई नियाल्दा विधागत विविधता भए पनि सामाजिक परिवेश, राजनीतिले अख्तियार गरेको कार्यदिशा, स्वसंस्कृतिभन्दा परसंस्कृतितर्फको आकर्षण र केही मात्रामा विकर्षण पनि, कष्टपूर्ण जीवन भोगाइ, सामाजिक सांस्कृतिक मूल्य स्खलित हुनु, राष्ट्रिय परिवेश सङ्कटपूर्ण हुनु, उत्साहजनक राष्ट्रिय वातावरणमा कमी आउनु, निष्ठा र नैतिकता केवल औपचारिकतामा मात्र सीमित हुनु, मिथकीय तथा स्वैरकल्पनात्मक अभिव्यक्तिमा रुचि देखिनु, विनिर्माण/विसंरचनावादी मूल्यमान्यता अभिव्यक्तिमा प्रतिविम्बित हुनु, जीवनको एकाङ्गीपनको अनुभूति हुनु, रुग्ण सामाजिक व्यवस्थाप्रति व्यङ्ग्य तीव्र हुनु, पहेँलिएको जीवनको प्रतीकात्मक

अभिव्यक्ति हुनु, विश्वजनीनतालाई अङ्गीकार गर्दागर्दै पनि निराशाको अभिव्यक्ति पाइनु मूलभूत प्रवृत्ति मान्नुपर्छ र यिनैका सेरोफेरोमा सिर्जनाले स्थान पाएको देखिन्छ । हेर्दा राम्रो, सुडौल, सुन्दर र खँदिलो देखिए पनि शक्तिक्षीण भएजस्तो गरी हिँडाइको गतिमा तीव्रता नभई मन्दगति हुनु, वातावारण त्रासद्पूर्ण लाग्नु, भय, त्रास, डर, आन्तरिकतामा गम्भीर चोटको अनुभूति हुनु, शासकहरूको अकर्मण्य स्थितिको चित्रण गरिनु, समसामयिक जीवनका भत्कोस्को चित्रण गर्नु, पछिल्ला चरणमा साइबर संस्कृतिले उत्पन्न गरेको जीवनको विम्ब उतार्न समकालीन सिर्जनाका अभिव्यक्ति हुनु । मिथकीय पुनर्सिर्जनाको थालनीबाट नवीन कृति जन्मन पुग्नु आदि यस चरणका उपलब्धि मानिन्छन् । रोजगारीका लागि बाध्यतावश विदेशी भूमिमा जीविकोपार्जन गर्न पुग्नु र त्यहाँको संस्कृति, संस्कार, रहनसहन र वातावरणमा अर्न्तघुलित हुन नसक्दा उत्पन्न हुने एक्लो र एकाङ्गीपनको अनुभूति हुनु, जन्मेको थातथलोको संस्मरण, पूर्ववत् जीवन पद्धतिको संस्मरण, नयाँ ठाउँमा समायोजनको समस्या आदि मूल विषयसँग जोडिएर आउने मूल पक्ष हुन् । रोजीरोटीको खोजीमा भौतारिँदा अस्मिता लुटिँदाको स्थितिको प्रतीकात्मक प्रस्तुति तथा जीवनका चाहना विपरीत भएर आउने घटना परिघटना, अवसरवाद र विसर्जनवादी प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य पनि पाइन्छ । पारिवारिक विच्छेद र सांस्कृतिक मिश्रणबाट जटिलताको प्रस्तुति भएको अभिव्यक्तिले समकालीन जीवनपद्धति छाम्न सकिन्छ । परम्परित लेखनभन्दा फड्को मारेर द्वन्द्वको चापबाट उत्पन्न आन्तरिक पीडाको अभिव्यक्तिबाट जीवन क्षतविक्षत भएको उदाहरण प्रस्तुत भएको छ यद्यपि स्वैर कल्पनाका माध्यमबाट जीवनको विसङ्गत पक्षको कारुणिक चित्रणमा रुचि देखिन्छ । उत्तरआधुनिक मानिने विमिथीकरण, विधा भञ्जन, विधा मिश्रण, टुक्रे लेखन तथा सललिङ्गीयतावरणजस्ता वैपरीत्यपक्षको चित्रण पनि यस चरणका कारक मानिन्छ । जीवन जे जसरी चलेको छ र बाध्यात्मक जीवन भोगाइ कष्टकर रहेको छ भन्ने स्रष्टाको लिखित अभिव्यक्तिलाई समसामयिक ऐनाबाट दुरुस्त देख्न सकिने स्थितिलाई आत्मसात गर्नु नै पर्ने हुन्छ ।

**भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ ।**

विश्वसाहित्यकै सन्दर्भमा हेर्दा पनि स्रष्टाले आफ्ना सिर्जनाका माध्यमबाट दासता, निरङकुशता, रूढी, अन्धविश्वास, राजनीतिक, सङ्कीर्णता आदिको विरोध गर्दै जनताले बाँच्न पाउने अधिकारको सुनिश्चितता, स्वतन्त्रता, मानव-अधिकार, नागरिकहक र अधिकारको प्रत्याभूति तथा गरिबीको रेखाबाट माथि उठेर स्तरीय जीवन यापन गर्ने वातावरणको सिर्जना गर्न सचेतता अपनाएको तथ्य स्पस्ट छ । सिर्जनाका माध्यमबाट मुलुकको सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक पक्षको रूपान्तरण गर्दै सबैमा समानरूपमा शिक्षा, स्वास्थ्य र जीवीकोपार्जनको व्यवस्था हुनुपर्छ  भनेर सन्देश दिने साहित्य लेखिनुपर्दछ ।

त्यसो हुनाले वर्तमानमा जनताले भोगिरहेको सास्ती, दुःख, कष्ट, एकाङ्गीपनबाट मुक्त हुँदै मानवीयता, विश्वभातृत्वता, पारस्परिक सद्भाव, सहयोगको भावना, मित्रता कायम गर्दै सबल र सुखी र मर्यादा पूर्वक जीवन यापनका लागि उपयुक्त हुने सन्देश प्रवाह गर्ने साहित्यको सिर्जना वर्तमानको आवश्यकता रहेको देखिन्छ । साथै मान्छेका कुण्ठा, निराशा, आत्मग्लानि, एकाङ्गीपन, पृथक्ता, भय र सन्त्रास जीवनका भत्कोसहरूको विस्कुन नलागोस् भन्ने वातावरण सिर्जना गर्ने जीवनवादी दृष्टिकोण बोकेको र समतामूलक समाज स्थापना गर्ने प्रेरणा दिने साहित्य सिर्जनाको अपहिार्य आवश्यकता रहेको ठान्दछु । सामाजिक, सांस्कृतिक, राजनीतिक परिवेशबाट बाहिर गएर कोरा कल्पना मात्र गर्ने भन्दा पनि सामाजिक र सांस्कृतिक रूपमै आमूल परिवर्तन ल्याई मान्छेले मान्छे भएर बाँच्न पाउने अधिकारको सुनिश्चितताको प्रत्याभूति हुनुपर्छ र त्यसको निम्ति स्रष्टाले त्यतिकै रूपमा दायित्व बहन गर्नुपर्दछ भन्ने अपेक्षा गर्दछु ।

**साहित्यका क्षेत्रमा आफूले गर्न चाहेको तर गर्न नभ्याएका केही कार्ययोजनाहरू पनि छन् कि ?**

लामो समयसम्म प्राध्यापन कार्यमा संलग्न रहँदा अध्ययन, अध्यापन, पठन पाठन, पाठ्यक्रम परिमार्जन, निर्देशिका निर्माण, शोधपत्र तथा शोधप्रबन्धको निर्देशन आदिजस्ता कार्य व्यस्तताले र सेवा निवृत्त भइसकेपछि पनि विश्वविद्यालयको नेतृत्व वहन गर्नुपर्ने जिम्मेवारीले यथेष्ठ समयको अभाव रह्यो । कविता, कथा र उपन्याससम्बन्धी फूटकर रूपमै प्रकाशित भएका समालोचनाले कृतिका रूपमा सार्वजनिक हुन नपाएको अवस्था छ । ती समालोचनालाई सङ्ग्रहका रूपमा प्रकाशन गर्ने योजना रहेको छ । त्यसका साथै एउटा उपन्यास सुरु गरेर समय अभावका कारणले पूरा गर्न नसकेको अवस्था रहेकाले आगामी दिनमा समयको व्यवस्था मिलाएर प्रकाशन गर्ने योजना छ ।

**यहाँले जीवनलाई कसरी बुझ्नुभएको छ ? यहाँको जीवन दर्शन बारे प्रकाश पारिदिनुहुन्छ कि ?**

जीवन प्रकृतिको नियमित क्रम नै हो । जीवन भनेको जीवित हुनु वा जन्मनु, बाँच्नु वा मृत्यु वरण गर्नु मात्रै होइन । त्यस बीचमा कार्य गर्नु पनि हो । संसारमा मानिस कि त लोभले काम गर्छ कि त भय र त्रासले । भय र लोभले नै जीवितहरू जीविका गरिरहेका हुन्छन् । मानिसले पनि भय र त्रासबाट बाँच्न र लोभबाट उत्प्रेरित भएर जीविकाका लागि कार्य गर्दछन् । यो क्रम चराचरदेखि चल्दै आएको छ र चलिरहनेछ । जब मानिसमा लोभ, भय र त्रास सकिन्छ तब मानिसले काम पनि गर्दैन । मानिस त्यही कर्मकै कारणले अमरत्व प्राप्त गर्छ वा इतिहासमा बाँच्छ । अब सारमा आयौं हामी, जीवन भनेको जन्मेर कर्म गरेर बाँच्नु र भौतिक देह त्याग्नुसम्म हो । यो जीवनको क्रम भनेको अस्वाभाविक, आकस्मिक नै त होइन, यो नियमाबद्ध नै हो । नियमाबद्ध भन्दा फेरि हामी धार्मिक

वा दार्शनिकतातिर जान्छौ तर त्यो पनि होइन । नियमाबद्ध भनेको प्राकृतिक तत्त्वको नियम हो । त्यो प्राकृतिक तत्त्वको नियमलाई ईश्वर माने पनि हुन्छ नमाने पनि । मानिसको जीवन पनि यही प्राकृतिक नियमाबद्धतामा चलेका हुन्छ । अब त्यस नियमाबद्धतामा बाँच्दा फरक फरक मानिसले जीवनलाई फरक फरक आस्वादबाट बुझेका हुन्छन् । त्यसैले ती सबै फरक फरक अनुभूति नै जीवनको आस्वाद हो, त्यो पनि जीवन नै ।

**धर्म र दर्शन बारे यहाँको के कस्तो धारणा रहेको छ ? दर्शनलाई धर्मबाट अलग राखेर हेर्न सकिन्छ ?**

धर्म र दर्शनका बीचमा निकै नजिकको सम्बन्ध छ तर यी दुई भिन्न-भिन्न विषय हुन् । व्यापक तात्पर्यमा धर्म भनेको कुनै पनि जीवित वा निर्जीव पदार्थको स्वभाव, प्रवृत्ति वा आन्तरिक गुण हो भने सीमित तात्पर्यमा धर्म भनेको ईश्वरको अस्तित्वमा विश्वास राख्ने कुनै सम्प्रदाय, समूह वा त्यसले अपनाएको मान्यता/धारणाको समष्टि हो । धर्मको व्यापक तात्पर्यलाई उदाहरणद्वारा स्पष्ट पार्दा आगोको धर्म पोल्नु हो, पानीको धर्म भिजाउनु वा आर्द्र तुल्याउनु हो, औषधीको धर्म रोग निको गराउनु हो र विषको धर्म मार्नु हो तर आजभोलि धर्म भन्नासाथ यसको सीमित तात्पर्य अर्थात् कुनै सम्प्रदाय, समूह वा त्यसले अपनाएको मान्यता, विश्वास र आस्था भन्ने अर्थमा लिने गरिन्छ ।

उता दर्शन भनेको चाहिँ मान्छेले जीवन र जगत्को व्याख्या गर्नका लागि अपनाउने वा जीवन र जगत्लाई हेर्ने दृष्टिकोण हो । व्युत्पत्तिअनुसार दर्शनको 'अर्थ दृश्यते अनेन इति दर्शनम्' अर्थात् जसबाट देखिन्छ, त्यही दर्शन हो । देख्ने काम आँखाले गर्छ तर दार्शनिक तात्पर्यमा देख्ने काम आँखाले मात्र गर्दैन । यस्तो 'दर्शन' आँखाका साथसाथै अन्य इन्द्रियहरूबाट उत्पन्न अनुभवबाट पनि हुन्छ । त्यसैले 'दर्शन' भनेको कुनै व्यक्ति वा विशेष समूहको इन्द्रियजन्य (ज्ञानेन्द्रिय र कर्मेन्द्रियबाट उत्पन्न) अनुभवबाट निस्केको विचार, सोच र मानसिकता हो र यही विचार, सोच र मानसिकताको अध्ययनलाई गरिएको सैद्धान्तिकीकरण नै 'दर्शनशास्त्र' हो । हामी जसलाई दर्शनशास्त्र भन्छौं, त्यसको उद्देश्य वा अभिप्राय आँखाद्वारा सामान्य वस्तुहरूलाई देख्नुसँग होइन, बरु सूक्ष्म दृष्टिले प्रत्येक वस्तु र घटनाहरूका पछाडि लुकेको सत्यलाई देख्नुसँग छ ।

अङ्ग्रेजीमा 'दर्शन' का लागि 'फिलोसफी' शब्द प्रयुक्त हुन्छ । यो शब्द ग्रीसेली (युनानी) भाषाको 'फिलासफस' शब्दबाट बनेको हो । 'फिलासफस' शब्दको अर्थ ज्ञान र प्रेम भन्ने हुन्छ । अङ्ग्रेजीमा प्रयुक्त फिलोसफी शब्दको अर्थ चाहिँ सविस्तार मीमांसा वा विवेचना भन्ने हुन्छ ।

पूर्वीय आध्यात्मिक सन्दर्भमा वस्तुतत्त्व अर्थात् परम सत्यको निर्दोष प्रमात्मक (यथार्थपरक ज्ञान) गराउनेवाला विचार नै 'दर्शन' हो तसर्थ भनिएको छ-दृश्यते वस्तु याथात्म्य अनेन इति दर्शनम् । अर्को शब्दमा प्रमाणद्वारा आत्मा

र अनात्माको ज्ञान जसबाट हुन्छ, त्यसको नाम दर्शनशास्त्र हो । यसरी हेर्दा पूर्वमा दर्शनको अर्थ परम सत्य अर्थात् ईश्वरको ज्ञान गराउनेवाला विचारसँग रुढ हुन पुगेको र यो धर्मसँग अभिन्न रहेको प्रतीत हुन्छ तर दर्शनको मूल ध्येय परम सत्य वा ईश्वरको ज्ञान गराउनु मात्र होइन, बरु जीवन र जगत्का यावत् रहस्यको खोजी गर्नु हो, यद्यपि धर्मको लक्ष्य पनि परम सत्यको खोजी नै हो तर त्यो परम सत्यको खोजीका लागि धर्मले समेत दर्शनकै सहयोग र आश्रय लिनुपर्छ । दर्शनमा तत्त्वमीमांसा अर्थात् प्रमेय, ज्ञानमीमांसा अर्थात् प्रमाण र आचारमीमांसा अर्थात् व्यवहार यी तीन कुरा महत्त्वपूर्ण हुन्छन् । त्यसमा पनि तत्त्वमीमांसा र ज्ञानमीमांसा दर्शनका मूल विषय हुन् । धर्मको अन्तिम गन्तव्य पनि ज्ञानप्राप्ति वा आत्मसाक्षात्कार नै हो, जुन दर्शनका माध्यमले सिद्ध हुन्छ । यसरी हेर्दा धर्म बाहिरी कङ्काल हो भने दर्शन त्यसभित्रको चेतनतत्त्व वा प्राणतत्त्व हो । दर्शनको आडविना कुनै पनि धर्म पूर्ण हुँदैन यसर्थ दर्शन भनेको अत्यन्त व्यापक क्षेत्र हो र धर्म आफैमा दर्शनभित्रको एउटा विषय हो । दर्शनले ईश्वर वा परम सत्यको प्राप्तिलाई होइन, त्यसको निर्वचन वा सिद्धिलाई जोड दिने गर्छ तसर्थ धर्म र दर्शनमा थेरै समानता रहँदारहँदै पनि आधारभूत भिन्नता छ ।

दर्शनका मुख्यतः दुई भेद छन् : अध्यात्मवादी र भौतिकवादी दर्शन । यिनलाई आस्तिक र नास्तिक वा ईश्वरवादी र निरीश्वरवादी दर्शन पनि भनिन्छ । अध्यात्म, आस्तिकता र ईश्वरवाद एउटै खालका मान्यता हुन् भने भौतिकवाद, नास्तिकता र निरीश्वरवाद यिनका विपरीत दार्शनिक धारणा हुन् । स्थूल रूपमा धर्म जहिले पनि अध्यात्मवादी दर्शनसँग सम्बन्धित हुन्छ तर सूक्ष्म रूपमा चाहिँ धर्म र अध्यात्मका बीचमा केही भिन्नता पनि छ । दर्शनलाई भौगोलिक आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । यस आधारमा दर्शनका- पौरस्त्य दर्शन र पाश्चात्य दर्शन गरी दुई भेद छन् । पौरस्त्य दर्शनको मूलप्रवाह अध्यात्मवादसँग नजिक छ भने पाश्चात्य दर्शनको मूलप्रवाह भौतिकवादसँग नजिक छ ।

धर्म र दर्शनबीचको समानता र असमानता देखाउन हामी पौरस्त्य दर्शनलाई उदाहरणका रूपमा लिन सक्छौँ । पौरस्त्य दर्शनभित्र हिन्दु, बौद्ध, जैन आदि धर्मसँग सम्बन्धित अध्यात्मपरक दर्शन पनि छन् भने चार्वाकजस्ता धर्मनिरपेक्ष चरम भौतिकवादी दर्शन पनि छन् । हिन्दू धर्मभित्रै पनि वेदोऽखिलो धर्ममूलम् भन्ने मान्यताका आधारमा वेदहरूको प्रामाणिकतालाई अकाट्य ठान्ने वैदिक दर्शनहरू (साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त) एवम् वेदको प्रामाणिकतालाई अस्वीकार गर्ने चार्वाक वा लोकायत दर्शन, बौद्ध दर्शन र जैन दर्शनको समेत अस्तित्व देख्न सकिन्छ । वेदको प्रामाणिकतालाई अस्वीकार गर्ने दर्शनलाई अवैदिक दर्शन भनिन्छ । यसरी हिन्दू मान्यताभित्रै वैदिक र अवैदिक दुवैखाले दर्शनको अस्तित्व सिद्ध हुन्छ ।

छवटा वैदिक दर्शनहरू हिन्दू धर्मका मूलप्रवाह हुन् । यिनै छवटा वैदिक

दर्शनको समष्टिबाट हिन्दु धर्मको मूल कलेवर निर्माण भएको छ र यिनै दर्शनको वैचारिक आडमा यो धर्म गतिशील छ। शताब्दियौँ पहिले जब संसारका अधिकांश मानिसहरू जङ्गली र फिरन्ते अवस्थामा अज्ञानरूपी अन्धकारमा रुमल्लिइरहेका थिए, त्यतिखेर हाम्रो नेपालसहित सम्पूर्ण आर्यावर्तमा ज्ञान र चेतनाको उज्यालो जग्मगाइरहेको थियो । ज्ञानको यस्तो दीप प्रज्ज्वलित गर्ने हाम्रा मनीषीहरूले केवल सामान्य घटनाहरूको मात्र कारण खोज्दैनथे, अपितु जीवनका मूल प्रश्नहरू, जस्तैः सुखदुःख, जीवनमृत्यु र जगत्को पनि कारण खोज्थे र यसरी सत्यको खोजी गर्थे । सत्यको अन्वेषण गर्ने उनीहरूको यही जिज्ञासु प्रवृत्तिले नै पूर्वमा दर्शनको बीज रोपियो र यही बीज कालान्तरमा विशाल वटवृक्षमा परिणत भयो ।

हिन्दू धर्मको मेरुदण्डका रूपमा रहेका छवटा वैदिक दर्शनलाई साधारणले किसिमले हेर्दा के निष्कर्ष निस्किन्छ भने यो जीवन र जगत्को सत्ता तीन श्रेणीमा विभक्त छ- १. प्रकृति, २. जीव र ३. ईश्वर तर अवैदिक दर्शनहरू प्रकृति र जीवलाई स्वीकारे पनि ईश्वरको सत्ता स्वीकार्दैनन् । यसरी पौरस्त्य परम्परामै पनि धर्म र दर्शनका बीचमा कतिपय कुरामा समानता छ र कतिपय कुरा नितान्त भिन्न छन् । वस्तुतः वैदिक दर्शनका धाराहरू धर्मसँग अन्योन्याश्रित छन् भने अवैदिक दर्शनका धाराहरू धर्मसँग खासै चासो र सराकोर राख्दैनन् । त्यसैले धर्म र दर्शनलाई एउटै रूपमा बुझ्नु र व्याख्या गर्नु भनेको यिनीहरू बीचको भिन्नतालाई ठम्याउन नसक्नु हो ।

मार्क्सवादी मान्यता र चिन्तनमा विश्वास गर्ने व्यक्ति भएका नाताले म धर्म र दर्शनलाई अलग-अलग विषय हुन् भन्दछु । धर्म जनताको भावना, आस्था र विश्वाससँग जोडिएको मन वा हृदय पक्षसँग सम्बन्धित विषय हो भने दर्शन भनेको तर्क र प्रमाणमा आधारित बुद्धि वा मस्तिष्कसँग सम्बन्धित विषय हो तर एक जना व्यक्तिको समग्र व्यक्तित्वका लागि जसरी मन वा हृदय पक्ष र बुद्धि वा मस्तिष्क पक्ष दुवै आवश्यक छन्, त्यसैगरी समाजको सुसञ्चालनका लागि धर्म र दर्शन दुवै कुरा अत्यावश्यक छन् । मार्क्सवादले धर्मलाई घृणा र निषेध गर्ने होइन, बरु धर्मका नाममा हुने अन्धविश्वास, कुरीति र रुढिवादको अवज्ञा गर्छ । धर्म वैयक्तिक स्वतन्त्रता र आस्थाको कुरा हो तसर्थ यसलाई त्यसै रूपमा रहन दिनुपर्छ भन्ने मेरो मान्यता छ ।

घोराही, दाङ ।

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher . com/

# नियात्राकार रामप्रसाद पन्तसँग कमल ज्ञवालीको भलाकुसारी

विसं. २०१० पुस महिनामा गुल्मीमा जन्मिएका नियात्राकार रामप्रसाद पन्त नेपाल सरकारको निजामति सेवामा समर्पित रहेर पनि साहित्यमा रमाउने स्रष्टा हुन् । २०३९ बाटै फुटकर रचना लेखे पनि पन्तका कृति भने २०४४ विसं.मा मात्र प्रकाशित भयो । *विरानो वस्तीमा २०४४, तीन आमाका छोरा २०५७ आदि उपन्यास । वेदनाका लहरहरू २०४७, रामचन्द्र शर्मा स्मृति ग्रन्थ २०५९, तीतामीठा कुरा २०६३, रामप्रसाद पन्तका कविता २०७० आदि कविता-काव्य । शङ्कर कोइराला कृति अनुशीलन २०५८, रामचन्द्र शर्मा स्मृति ग्रन्थ आदि समालोचना । रूक्मी दिदी २०६१, सञ्झ्याल २०६२, पुष्पमञ्जरी २०६९, दाउ २०७२, मिसावट २०७९ आदि कथा-लघुकथासङ्ग्रह । उत्कृष्ट सत्ताइस व्यक्तित्व २०६५, सम्झनाका थुँगा २०६७, मेरो साठी वर्ष २०७१, उत्कृष्ट सत्ताइस नक्षत्र २०७७, आयामिक अनुभूति २०७८ संस्मरण आदि । निबन्धावली २०७९ आदि निबन्ध । जापान भ्रमणका केही सम्झना २०५८, यात्रा र अनुभूति २०६०, बाह्र पेट्रोनास टावरको सेरोफेरो २०६३, सूर्य सोह्र फन्को २०६४, पर्यन्त देश २०६६, स्मृति गङ्गाको तीरैतीर २०६८, आस्थाको धरोहर २०७०, पारामाटा किनारबाट २०७१, अविरल यात्रा २०७२, साहित्यिक यात्रा २०७३, सिक्किमदेखि सिमलासम्म २०७३, देशाटन २०७८, मेची मेरो महाकाली मेरो २०७८* आदि पन्तका महत्त्वपूर्ण कृतिहरू प्रकाशित छन् । करिब तीन दर्जनभन्दा बढी सम्मान र पुरस्कारहरूद्वारा सम्मानित नियात्राकार पन्तसँग ***वैजयन्ती*** पत्रिकाका लागि कमल ज्ञवालीद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**आफूले बाँचेको जीवन हेरेर तपाईंको जीवनप्रतिको दृष्टिकोण के हो ?**

मानव जीवन, दर्शनसँग सम्बन्धित छ, त्यसैले जीवनलाई दर्शनसँग गाँसेर जीवन दर्शन भनियो मानिसले काम गरिरहेको हुन्छ दर्शन सम्बन्धी तर ऊ स्वयम्लाई समेत थाहा हुँदैन म दर्शनसम्बन्धी काम गरिरहेको हु । यसैले दर्शन भनेको मानिसको जीवन र कार्यसँग सूक्ष्म रूपमा सम्मिश्रण भइरहेको हुन्छ । सङ्क्षेपमा भन्दा म के गर्दैछु र म के हुँ भन्ने बोध हुनु नै जीवनदर्शनको सार हो । म जीवनलाई यसै अनुरूप बुझ्छु कर्तव्य पथमा प्रवृत्त हुन्छु ।

**भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ यहाँलाई ?**

संस्कृत साहित्य भन्ने गर्दछ अरू सबै क्षेत्रमा मानिसले विजयको चाहना गर्नुपर्दछ तर जब पुत्र र चेलाको कुरा आउँछ, त्यहाँ पराजयको चाहना गर्नुपर्दछ। यस भनाइमा गम्भीर रहस्य लुकेको छ। एउटा असल पिताले पुत्रबाट पराजय चाहने र एउटा आर्दश गुरुले चेलाबाट पराजयको चाहना गरेन भने प्रगतिको बाटो बन्द हुन्छ, त्यसैले भोलिको साहित्यप्रति मेरो पनि त्यही पिता र गुरुको जस्तो चाहना छ। नवागत साहित्यकारहरूले मलाई जितुन्। आजको साहित्यलाई भोलिको साहित्यले जितोस्। भोलिको साहित्य विश्वलाई खबर दिने बनोस् र साहित्यकारको दृष्टिमा झुन्डिइरहेको नोबेल पुरस्कार पाउन सक्षम बनोस्।

**तपाईंले जीवनमा गर्नुपर्ने भनी लागेको तर गर्न नसकेको कार्य कुन हो साहित्यमा ? नसकेको कारण केही छन् कि ?**

हामीलाई ईश्वरले निरन्तर काम गरिरहन र असल काम गर्न यस धरतीमा ल्याएका हुन्। मलाई यस्तै लाग्छ र म केही न केही काम गरिरहन्छु। खाली हात बसें भने मलाई छटपटी हुन्छ र ठूलै भूल गरें भन्ने महसुस हुन्छ। कोही भन्ने गर्छन् समय कटाउन मुस्किल भयो तर म भन्ने गर्छु- मलाई समय पुगेन। मैले कतै भनेको छु- लिनुपर्ने केही थियो, दिनुपर्ने केही थियो। लिनु दिनु भन्दा पनि गर्नुपर्ने धेरै थियो। यसैले पनि मलाई काम गरेर सन्तृष्टि मिल्दैन। एकपछि अर्को काम थालिहाल्न मन लाग्छ। मलाई लाग्छ- मैले काम गरिनँ वा कामबाट सन्तुष्टि लिएँ भने म अगाडि बढ्न सक्दिनँ, त्यसैले मलाई सधैं असन्तुष्टि भइरहनुपर्छ र काम गरिरहनु पर्छ।

मैले गर्नुपर्ने काम अझै पनि कति छन् कति। एउटा मात्र भए म भन्ने थिएँ- यो काम गर्न बाँकी छ तर यति धेरै काम छन्, जुन म गणना गर्न सक्दिनँ। लेख्नुपर्ने पनि यति धेरै विषय छन् कि जसको सङ्ख्या उल्लेख गर्न म सक्दिनँ। पढ्नुपर्ने कुरा पनि यति छन् कि ती विधाहरू म औंल्याउनै सक्दिनँ, त्यसैले म भन्न सक्दिनँ- मैले यति गरें र यति गर्न बाँकी छ।

**आफूले लेखेर आफैले पढ्दा वाह ! यो त लेखें छु भनेर आनन्द लागेको रचना वा कृति कुन हो ? के कारण आनन्द लागेको होला ?**

साहित्य भनेको यस्तै चीज रहेछ जुन कुन वेला कस्तो लेखिन्छ पत्तै नहुने रहेछ। म कहिले काहीं विगतमा लेखिएका रचनाहरू पढ्छु। कुनै पढ्दा यस्तो लाग्छ- यस्तो कुरा किन लेखे हुँला ? कुनै रचना पढ्दा यस्तो लाग्छ- यस्ता कुरा कसरी लेखे हुँला ? विषयवस्तुको दृष्टिले हेर्दा मद्वारा रचित कृतिहरू आ-आफ्नो स्थान राख्दछन्। आफ्ना सन्तानलाई यो ठूलो र यो सानो वा यो विशिष्ट र यो सामान्य भन्न सकिन्न। यसको मूल्याङ्कन पाठकले गर्नुपर्छ भन्ने लाग्छ। यति हुँदाहुँदै पनि म भन्न बाध्य हुन्छु- प्रथम कृति 'बिरानो

बस्तीमा' उपन्यासलाई सम्झाउने अझै अर्को उपन्यास दिन सकेको छैन । कथाको कुरा गर्ने हो भने 'रूक्मी दिदी' पढ्दा अरू कथाहरू फिक्का लाग्छन् । बीसौं नियात्रा कृति आउँदा पनि 'स्मृति गङ्गाको तीरैतिर' बिर्सउने खालका अनुसन्धानयुक्त कृतिहरू दिन मलाई हम्मे हम्मे परिरहेको छ । यस्तो हुनुमा मेरो दृष्टिमात्र नपरेर पाठक वा समालोचकको दृष्टि परेर पनि होला ?

**तपाईंको दृष्टिमा धर्म र दर्शन भनेको के हो ? दर्शनलाई धर्मबाट अलग राखेर हेर्न सक्नु हुन्छ ?**

धर्म र दर्शन भनेका फरक कुरा हुन् । आदर्शवाद जहिले जन्म्यो, भौतिकवाद पनि त्यही वेलै जन्म्यो । समयअनुसार कसैले आदर्शवादलाई जोड दिए होलान्, कसैले भौतिक वादलाई । आदर्शवादले धर्ममा जोड दियो, भौतिकवादले जीवनदर्शनलाई जोड दियो । यी एक अर्कोको संयोजनविना चल्न सक्दैनन् । धर्म अलौकिक शक्तिसँग गाँसिएको छ भने दर्शन वस्तुगत र आत्मगत विषय नजिक छ । यसै दर्शनबाट विज्ञानको उदय भएको हो । यसैले पनि भन्न सकिन्छ- यी एक अर्कोका परिपूरक हुन्, त्यसैले त धर्म केन्द्रित जीवन दर्शनले विश्व परिलक्षित भएको छ ।

**तपाईले आफ्नो विधामा कलम चलाउँदा तपाईकै परिवारमा विचलन आएको स्थिति पनि छ कि ?**

लेखकले जे जति साम्रगीहरू लिन्छ, सामाजबाटै लिन्छ र समाजबाट लिएका कच्चा पदार्थहरूलाई परिष्कृत गरी रूपान्तर गरेर पुन समाजलाई नै दिन्छ । साहित्य समाजको दर्पण हो भनेको त्यही हो अर्थात् साहित्यले समाजको चित्रण गर्दछ र समाजमा भएका विकृति विसङ्गतिलाई सुधारात्मक कुराहरूलाई ऐनाका अगाडि प्रस्तुत गर्दछ तर साहित्यकारले समाजलाई परिमार्जन गरेर समाजलाई अर्पण गर्दा परिस्कृति एवम् सभ्य र शालीन भाष्यमा प्रस्तुति दिन्छ । त्यसैले त्यो सर्वग्राह्य, सर्वकालिक र सदा नवीन हुन्छ । भनाइको अर्थ के हो भने 'त्वदीयं वस्तु गोविन्दं तुभ्यमेव समर्पयेत' जस्तै साहित्यकारको काम समाजबाटै पदार्थ लिएर समाजलाई नै अर्पण गर्ने हो ।

यस्तो अवस्थामा समाजमा घटित भएका कतिपय कुराहरू साहित्यमा आउँदा असामाजिक मानिसका लागि कतिपय कुरा अपाच्य पनि हुन सक्छन् । त्यसैले त्यस्ता पात्रहरूले लेखकसँग असन्तुष्टि पनि व्यक्त गर्न सक्छन् । यो सामान्य कुरा हो । मैले समाजका केही विकृति र विसङ्गति औंल्याउने कुरामा त्यस्ता पात्रहरू पनि परेका होलान् र असन्तुष्टि भएका पनि होलान् तर मसँग असन्तुष्टि पोखेको वा सामाजिक, पारिवारिक विचलन आएको मेरो अनुभवमा छैन । साहित्य भनेकै सत्यम् शिवम् सुन्दरम् हो अर्थात् साहित्यको सौन्दर्य पक्षलाई इङ्गित गर्न साहित्यकार सधैं सचेत हुन्छ र हुनुपर्छ ।

**कसैको भनाइ छ तपाईंले आफ्नो दुनो सोझ्याउनु हुन्छ र अरूलाई त्यति चासो दिनुहुन्न, के यो सत्य हो ?**

म आलोचनासँग डराउने मानिस होइन तर मलाई आलोचना गर्ने मानिसले सप्रमाण भन्नुपर्‍यो तैंले यहाँनेर गल्ती गरिस् अपराध गरिस् वा बेइमान गरिस् । पछाडि कसले के भन्छ त्योसँग खासमा मलाई चासो पनि छैन र भन्नुको कुनै अर्थ पनि छैन । म राम्रो काम गर्नका लागि दायाँ बायाँ नहेरेर अगाडि बढ्ने मानिस हुँ । मैले आफ्नो लागि कहिल्यै कोहीसित केही मागिनँ र माग्दा पनि माग्दिनँ । समाजका लागि वा संस्थाका लागि केही मागेँ र त्यसैलाई दुनो सोझ्याएको ठान्नु हुन्छ भने मलाई केही भन्नु छैन । मैले मागेको छु, माग्छु र मागिरहन्छु । मैले विज्ञापन मागेँ र साहित्यका पत्रिका चलाएँ । मेरै अगुवाइमा मागेरै प्रतिष्ठानको भवन बनाइयो । दराज बनाइयो र किताब मागियो । यो काम सामूहिक रूपमा हामी सबैले गर्‍यौं । नेतृत्व लिएको नाताले मैले दुनो सोझ्याउने काम गरेँ भनेर कसैले भन्छ भने यसमा पनि मलाई केही भन्नु छैन ।

जहाँसम्म अरूको चासो नलिएको भन्ने कुरा छ, त्यसमा पनि मेरो स्पष्ट भनाइ छ, मेरो जिम्मेवारी वा मैले बोकेको दायित्व बोक्ने शक्ति र सामर्थ्य राख्ने व्यक्तिका लागि स्थान खाली छ वा हुन्छ भनी बुझ्दा अझ स्पष्ट हुन्छ, प्रश्नकर्तालाई धन्यवाद !

**नेपाली साहित्यका क्षेत्रमा दायित्व द्वैमासिक पत्रिका र दायित्व वाङ्मय प्रतिष्ठान सञ्चालन गर्ने काममा यहाँलाई परेको समस्या र त्यसले नेपाली साहित्यमा गरेको योगदानलाई कसरी लिनुभएको छ ?**

दायित्व पत्रिका कुनै ठूलो योजना बनाएर सञ्चालन गर्न थालिएको होइन । केही रहर थियो र धेरै त नेपाली साहित्यमा थोरै थौरै जति सकिन्छ योगदान गर्ने नै ध्येय थियो । २०४४ साल वैशाखको कुरा मधु विसीले कुरा उठाए त्यसमा जोडिने भए तारा कार्की । मेरो पनि केही गरौं भन्ने चाहना, कुरा मिल्यो, पत्रिका नामकरण भयो 'दायित्व' । दायित्वलाई अगाडि बढाउने सन्दर्भमा जोडिए हेमलाल न्यौपाने र ठाकुरशर्मा भण्डारी लगायत आठ दश जना साथीहरू तर ती प्रारम्भिक चरणका नामहरू आज हराउँदै गए र दायित्वलाई केही गरूँ भन्ने भावना भएका व्यक्तिहरू थपिए- यादव भट्राई केशवराज पन्त र कमल ज्ञवालीहरू ।

साहित्य लेखन वा साहित्यिक पत्रिकाको सञ्चालन भनेको भावना र संवेदनाको कुरो रहेछ । जहाँ भावनाले चिमोट्न थाल्छ र संवेदनाले सताउन थाल्छ त्यसबेला अरू सयौं समस्याले पनि उसको बाटो रोक्न सक्तैनन्, त्यसै भएर त मलाई जागिरले रोक्न सकेन, थुप्रै लाभ र अवसरहरूले पनि रोक्न सकेनन् । म साहित्यिक पत्रिका र प्रतिष्ठानको उत्थान र प्रगतिका निम्ति

काठमाडौँ छोडी जिल्ला जान चाहिनँ । दुर्गमको नम्बर परित्याग गारिदिएँ । प्रमोसनको जञ्जालले मेरो सञ्जाल माथि अतिक्रमण गर्न सकेन । परिणाम स्वरूप म जानी नजानीकन साहित्यकार बनी टोपलिएँ । मलाई एउटा सरकारी जागिरे भन्दा एउटा साहित्यकार भन्ने सामाजिक वातावरण बन्यो ।

म यसैमा रमाउन थालेँ तर दायित्व पत्रिका सञ्चालन गर्दा वा दायित्व वाङ्मय प्रतिष्ठानको नेतृत्वदायी भूमिका निर्वाह गर्दा के कति दुःख र हण्डर खाएँ होला ? केही हदसम्म त तपाईं (कमलजी) लाई पनि अवगत नै छ । यसबाहेक नेतृत्व पक्षमा रहेर भोग्नुपर्ने जिम्मेवारी र प्रतिष्ठानमा कतैबाट पनि कुनै दाग नलागोस् भनी गर्नुपर्ने चिन्ता र चासो मेरो जीवनमा थप ऊर्जाका विषयहरू बने ।

मनले सकारात्मक सोच्नु पर्दो रहेछ र केही गरेर देखाउँ भन्ने भावनाले उत्प्रेरित हुनु पर्दो रहेछ । त्यसवेला मानिसले चाहेका कुराहरू पूरा हुँदा रहेछन् । मानिस तीन प्रकारका हुन्छन् भन्ने मेरो आफ्नै सोचाई छ- एक, अप्ठ्यारो पर्छ भनेर कामै नथाल्ने मानिस । दुई, अप्ठ्यारो काम पऱ्यो भने छोडी भाग्ने मानिस । तेस्रो, जतिसुकै दुःख कष्ट परे पनि थालेको काम पूरा भएसम्म नछोड्ने मानिस । मलाई यस्तै तेस्रो नम्बरको मानिस मनपर्छ र म पनि त्यसै मार्गमा लाग्ने प्रयास गर्छु । साहित्य लेखन मेरो कर्तव्य हो, संस्था सञ्चालन मेरो कर्तव्य हो । यस कर्तव्यलाई योगदान ठान्ने हो भने बेग्लै कुरा । नत्र म आफूलाई खाली हात राख्न मन पराउँदिन यो मेरो मानवीय स्वभाव हो । यसै भएर आफ्नो कर्तव्यलाई मैले योगदान गरेको ठान्दिनँ । काम गर्दा दुःख कष्ट झेल्ने मेरो स्वभाव छ । मैले जे गरेँ वा जे गर्दै आएँ यी सबै मेरा स्वाभाविक प्रक्रिया हो भनी ठान्दछु ।

**नेपाली साहित्यको क्षेत्रमा आधुनिक कालको प्रारम्भ भएदेखि वर्तमान समय आइपुग्दा साहित्यमा देखिएको आरोह अवरोह कस्तो लाग्छ ?**

नेपाली साहित्यका आधुनिक कालमा प्रवेश गराउनेहरूको नाम लिँदा त्रिमूर्तिको नाम अगाडि सार्नुपर्ने हुन्छ- कविशिरोमणि लेखनाथ पौड्याल, नाटक सम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटा । यी व्यक्तिहरू भनेका आधुनिक नेपाली साहित्यका त्रिमूर्ति मात्र नभएर त्रिदेव (ब्रह्मा, विष्णु र महेश) नै हुन् । यी त्रिमूर्तिलाई नेपाली साहित्यबाट हटाउने हो भने नेपाली साहित्यको रूप स्वरूप वा तत्त्व केही बाँकी रहँदैन ।

यिनैका समकालीन भनौँ या आज पुस्ताका साहित्यकारको योगदान पनि बिर्सिनसक्नुको छ । युगकवि सिद्धिचरण श्रेष्ठ, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, गोविन्द गोठाले, विजय मल्ल, पारिजात, गोपालप्रसाद रिमाल, भूपि शेरचन, माधव घिमिरे, सत्यमोहन जोशी, केदारमान व्यथित, शङ्कर लामिछाने,

भैरव अर्याल, मोहन कोइराला, शङ्कर कोइराला, हरिभक्त कटुवाल जस्ता अनेकौं मूर्धन्य साहित्यकारहरूले नेपाली साहित्यको घर निर्माण गर्ने कुरामा थपेका एक एक इँटाहरू गरिमा र महिमा योग्य छन् । यद्यपि नेपाली साहित्यको गति वर्तमानसँग आइपुग्दा विश्व सञ्चारण गरिसकेको अवस्था छ र नेपाली भाषा साहित्यले विश्व साहित्य बजारमा आफ्नो उपस्थिीति देखाएको छ तर पनि देवकोटेली साहित्यले स्थापित गरेको नेपाली भाषा साहित्यको गरिमा र महिमासँग अझै पनि तुलना गर्न सकिने अवस्था भने भइसकेको छैन । देवकोटाको त्यो स्वच्छन्दतावादी काव्यधारा, कविशिरोमणिको कल्यासिकल काव्यचेतना र नाट्य सम्राट्ले नेपाली साहित्यमा भित्र्याएको सेक्सपियरीयन नाट्यकला त्यस वेलाका युगान्तकार पाइला हुन् । अहिलेको साहित्य जगत्ले सोच्नुपर्ने वेला छ- त्यो शाकुन्तला वा युवाहरू अब लेख्न सकिन्छ कि सकिँदैन सेक्सपियर सम्झाउने ती नाटकहरू अब लेखिन्छन् कि लेखिँदैनन् र मञ्चन गरिन्छन् कि गरिँदैनन् ? त्यो परिस्कृत लेखनाथीय युग काव्य अब जन्मन्छ कि जन्मदैन ?

एउटा कुरा पक्का हो आज साहित्यकारहरूको वृद्धि भइरहेछ, साहित्यक कृतिहरू जन्मिरहेका छन् । यसरी दैनिक प्रकाशित भइरहने किताकहरू सङ्कलन गरेर समालोचना गर्ने समालोचकहरू कहाँ उपलब्ध हुन सक्लान् र ? त्यसै भए पनि वर्तमान साहित्यको उचित मूल्याङ्कन हुन सकेको छैन र त्यो सम्भव पनि छैन । प्रतिदिन पाँच छका दरले प्रकाशित भइरहने किताबहरू एकत्रित गर्न र त्यसको उचित मूल्याङ्कन हुनका लागि एउटा बृहत्तर संस्था स्थापना हुनुपर्छ र त्यसको संरक्षण सरकारले लिनुपर्छ । तब मात्र सम्भव हुन सक्छ नेपाली साहित्यको उचित मूल्याङ्कन । यसरी तटस्थ मूल्याङ्कन गर्ने हो भने आधुनिक नेपाली साहित्यको वर्तमान पुस्ता पनि आफूलाई दह्रो गरी उभ्याउन सक्छ भन्ने मेरो दृष्टिकोण छ । हामी आशावादी हुनुपर्छ नेपाली साहित्य विभिन्न आरोह अवरोह पार गर्दै अगाडि बढिरहेको र बढी नै रहनेछ ।

ä ã

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् ।**

**web : www.shabdarthaprakashan.com/ www.nepalipublisher.com**

# समालोचक प्रा.डा. लक्ष्मणप्रसाद गौतमसँग डा. ज्ञानु अधिकारीको जिज्ञासा

नेपाली समालोचनाका क्षेत्रमा प्रा.डा. लक्ष्मणप्रसाद गौतम वस्तुवादी समालोचकका रूपमा चिनिनुहुन्छ । २०४० को दशकको अन्त्यदेखि समालोचनालेखनमा लाग्नुभएका उहाँ त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्राध्यापक हुनुहुन्छ । उहाँका *आधुनिक नेपाली छन्दकवितामा युगीन यथार्थ* (२०७८), *लघुकथाको रचनाविधान* (२०७२), *चितवनको साहित्यिक रूपरेखा* (२०७२), *कविताको सैद्धान्तिक विमर्श* (२०६९), *नेपाली कथाको इतिहास* (सह-२०६९), *राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता* (२०६८), *उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप* (२०६८), *समकालीन नेपाली कविताका प्रवृत्ति* (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना* (२०६६), *नोबेल पुरस्कार विजेता साहित्यकार* (सह-२०६२), *विज्ञान शब्दकोश* (सह-२०६०, कोशग्रन्थ), *समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण* (२०६०), *सान्दर्भिक समालोचना* (२०५७), *चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण* (२०५२), *नन्दको काव्यिक परिवेश* (२०५२) लगायतका समालोचनाकृति प्रकाशित छन् भने *ऊहापोह* (२०७४) कथासङ्ग्रह र दुईदर्जन सम्पादित कृति पनि प्रकाशित छन् । करिब चारदर्जन जति सम्मान तथा पुरस्कारद्वारा सम्मानित समालोचक प्राडा. गौतमसँग ***वैजयन्ती*** पत्रिकाका लागि साहित्यकार ज्ञानु अधिकारीद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**एउटा समालोचकका आँखाले हेर्दा नेपाली साहित्यलाई कस्तो देख्नुभएको छ ?**

कस्तो व्यापक तर अमूर्त प्रश्न गर्नुभयो त ! लिखित नेपाली साहित्यको इतिहास करिब साढेदुईसय वर्षको छ र यस अवधिमा नेपाली साहित्यका विभिन्न विधाउपविधाको जुन किसिमले विकास भएको छ, त्यो सन्तोषप्रद नै देखिन्छ । नेपाली साहित्यका कृतिहरूलाई विश्वसाहित्यसँग जोडेर हेर्दा प्रायः नोबेल पुरस्कार प्राप्त कृतिहरूसँग दाँजेर हेर्ने गरिन्छ । यस दृष्टिले नोबेल पुरस्कार पाएका कृतिहरू जत्तिकै स्तरीय कृतिहरू लेखनाथ पौड्यालदेखि नै लेखिएका छन् र हालसम्म त्यस्ता कृतिहरूको सङ्ख्या अत्यन्त कम होलान् तर छन् । अहिलेको साहित्यले त झन् विश्वसाहित्यमा पछिल्लो समयमा विकसित नवीन प्रवृत्तिलाई पनि आत्मसात् गरेको देखिन्छ । यो प्राप्तिपूर्ण कुरा हो तर प्रविधिको

सुलभताले होला पछिल्लो समयमा कृतिप्रकाशनको सङ्ख्यात्मक वृद्धि अत्यधिक छ र त्यसका तुलनामा गुणात्मक वृद्धिदर अत्यन्त कम छ ।

**नेपाली साहित्यको वर्तमान लेखनप्रति यहाँको दृष्टिकोण ?**

नेपाली साहित्यको वर्तमान लेखनभन्दा पनि म वर्तमान लेखनको मूल प्रवाहको कुरा गर्छु । समग्र वर्तमान लेखनको कुरा गर्ने हो भने यसको सङ्ख्यात्मक वृद्धि र गुणात्मकताको ग्राफ धेरै तलमाथि पर्छ । तथापि सङ्ख्यामात्र मूलप्रवाह होइन, मूलप्रवाह धान्ने गुणात्मकताले हो, त्यो सन्तोषजनक छ । चामलभन्दा कनिका र भुस धेरै हुनुलाई अस्वाभाविक मान्न सकिन्न । वर्तमान लेखन भनेर मैले यहाँ २०६० को दशकयताको दुईदशकको साहित्यको कुरा गर्दैछु । यस दृष्टिले अहिलेको साहित्य बहुत्वमय अर्थात् बहुलवादी प्रवृत्तिको छ । लैङ्गिक, क्षेत्रीय, जातीय, सीमान्तीय, दलित आदिका पहिचानका कुरा साहित्यमा आउनु, केन्द्रभङ्गका कुराहरू आउनु, सबैभन्दा ठूलो कुरा साहित्यमा अन्तर्विषकताको व्यापकता बढ्दै जानु, प्रतिरोधी स्वरहरू सशक्त भएर आउनु, साइबर संस्कृतिको व्यापक प्रभाव बढ्दै जानु, पर्यावरणीय चेतना, उत्तरआधुनिक चेतना, नारीवादी चेतना, विनिर्माणिक चेतना र अन्य प्रयोगशीलताका र मानवीय सम्बन्धहरूका पुनर्व्याख्याबारे पनि आजका कृतिहरूमा व्यापक विमर्श हुनु वर्तमान नेपाली साहित्यका मूलप्राप्ति र विशेषता हुन् । यिनै विशेषताहरू र अन्य विभिन्न कतिपय विशेषताहरूका साथ वर्तमान नेपाली साहित्य गतिशील छ । यी कुराहरू अघि मैले भनेका चामलका कुरा हुन् । कनिका र भुस निफन्न केलाउनतिर म लागिनँ है ।

**यहाँका समालोचनाकृति अरूका भन्दा फरक भएको पाइन्छ, यसबारे यहाँको धारणा ?**

आफ्ना समालोचनाबारे म आफै के टिप्पणी गरूँ र ? फरक देखिदिनुभयो, त्यसका लागि धन्यवाद । अहिलेलाई यत्ति भनूँ- समालोचनामा मलाई अरूले बनाएको राजमार्गमा हिँड्नुभन्दा आफैले झाडी फाँडेर हिँड्न मन लाग्छ । सकेसम्म अरूले प्रायः नछोएका विषयमा कलम चलाउन रुचाउँछु । मेरा समालोचनाबारे मूल्याङ्कन गर्ने जिम्मा पाठकको हो ।

**यहाँ त सर्जक पनि, समालोचक व्यक्ति कसरी सर्जक हुनुभयो ?**

समालोचनाभित्र पनि सृजना हुन्छ नि ! अघि मैले भनें नि समालोचना पुनःसृजना हो भनेर । हरेक व्यक्तिभित्र सर्जक लुकेको हुन्छ र मेरा सृजनाहरू पनि त्यसरी नै आएका छन् । मेरो लेखनयात्रा सृजनाबाट नै अगाडि बढेको हो । करिब पाँचदर्जन कविता र डेढदर्जनजति निबन्ध विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । एउटा *'ऊहापोह'* कथासङ्ग्रह पनि साङ्ग्रिला बुक्सबाट प्रकाशित छ । कथाचाहिँ धेरै पछि लेख्न थालेको हुँ र त्यही कृति नै पहिलो आयो । कुनै

आन्तरिक रहस्यमयी शक्तिले मलाई कथा लेख्न उत्प्रेरित गरिरह्यो र त्यसैको परिणाम स्वरूप *'ऊहापोह'* जन्म्यो । हेरौँ निबन्धसङ्ग्रह आउँछ कि कुनै दिन, तर पनि मलाई के लाग्छ भने मेरा सृजनाहरू मेरा समालोचनाका सहउत्पादन (बाई प्रोडक्ट) हुन् ।

**नेपाली सृजनात्मक साहित्यका लागि समालोचना कत्तिको जरुरी छ ?**

यस सम्बन्धमा महाकवि देवकोटाको एउटा अभिव्यक्ति भन्न मन लाग्यो । समालोचनाका सम्बन्धमा उनले भनेका छन्- *'समालोचनाले साहित्यलाई चिलाएको ठाउँमा ठुङ मारिदिन्छ ।'* यही एक वाक्य पर्याप्त छ सृजनात्मक साहित्यमा समालोचनाको आवश्यकता र महत्त्व बुझाउन । त्यसो त समालोचना पनि साहित्य नै हो र यसलाई त म सृजनामाथिको पुनःसृजना (Recreation) भन्छु । स्वस्थ समालोचना स्वस्थ सृजनाका लागि औषधी हो । अस्वस्थ भइदियो भने त घातक भइहाल्छ फेरि ।

**आफूले बाँचेको जीवन हेरेर तपाईंको जीवनप्रतिको दृष्टिकोण केकस्तो लाग्छ ?**

मैले बाँचेको अतीतको जीवन सङ्घर्षपूर्ण नै थियो । अनेक भाव र अभाव, सुख-दुःख, हर्ष-विष्मात आदिका आरोह-अवरोह पार गर्दै जीवन जसरी समयअनुसार चल्नुपर्थ्यो, तदनुरूप चल्यो । अतीतको मेरो जीवन जेजस्तो थियो, जेजसरी बाँचेँ, त्यो मेरो धरातल हो, त्यही धरातलमा उभिएर म अहिलेको ठाउँमा आएको हुँ । यसकारण पनि आजसम्म मैले बाँचेको जीवन हेर्दा जीवन भनेको त सुख-दुःख, हर्ष-विष्मात, पीडा-खुसी, सफलता-असफलता, उकाली-ओराली आदि सबैको कोलाज विम्ब र इन्द्रेणी रङजस्तै रहेछ । आखिर जीवन भन्नु यिनै विविध भोगाइ र अनुभूति नै रहेछन् ।

**जीवनदर्शन के हो ?**

दर्शनको अर्थ हेर्नु वा दृष्टिकोण हो र जीवनदर्शन भनेको मेरा विचारमा आफैले आफैलाई हेर्नु, आफैले आफैलाई खोज्नु र आफैले आफैलाई पाउनु हो । यसलाई जीवनप्रतिको दृष्टिकोणभन्दा पनि जीवनभोगाइबाट प्राप्त अनुभूतिहरूको पुञ्ज भन्न रुचाउँछु म । दर्शनले म को हुँ ? म के हुँ ? भन्ने प्रश्नको उत्तर खोज्न सिकाउँछ । मैले पनि जीवनदर्शनमा यही खोजीको रहस्य पाउँछु ।

**भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ यहाँलाई ?**

भोलिको नेपाली साहित्यको कुरा गर्दा हिजो र आजको नेपाली साहित्यलाई पनि सङ्केत गर्नुपर्ने हुन्छ । हिजो अर्थात् प्राथमिक र माध्यमिक कालीन नेपाली साहित्यमा एउटा आदर्श, नैतिकता, समाज, जीवन र अनुभूतिका आयामहरू

थिए र केही रूपमा तत्कालीन समाज थियो । आधुनिक नेपाली साहित्यलाई आजको साहित्य मान्दा यसले जीवन, समय, समाज र विश्व-परिवेशलाई सम्बोधन गरेको देखिन्छ । भोलिको साहित्य कस्तो हुन्छ ? यसबारेमा अहिले नै भन्नु एउटा अनुकल्पना मात्र हो । अब तपाईंको प्रश्न 'कस्तो होस् भन्ने लाग्छ ?' भन्ने जटिल प्रश्नतिर लाग्छु । यो दृष्टिकोण सार्विक मूल्यको होला नहोला तर त्यो मेरो दृष्टिकोण त हो नि ! म चाहन्छु भोलिको साहित्यले मान्छेको चिन्तन, चेतना, विचार र धारणाको पुनर्व्याख्या गरोस् । जीवन बाँच्ने कला सिकाओस्, सुखलाई प्रेम गर्न सिकाउने तत्त्वहरू धेरै छन्, हुन्छन्, दुःखलाई पनि प्रेम गर्न सिकाओस् । समाज, समय र मान्छे यस्तो छ भन्ने सन्दर्भमा धेरै कुराहरू आए, यस्तो हुनुपर्छ भन्ने आदर्शका कुराहरू पनि धेरै आए तर मान्छेको चेतनाको परिष्कार गर्ने हुनुपर्छ भन्ने कुरा खासै आएजस्तो लागेन, त्यसकारण भोलिको साहित्य मान्छेको चिन्तन, चेतना र दृष्टिकोणमा परिवर्तन ल्याउने खालको होस्, आफ्नो देश, भाषा, सभ्यता र संस्कृतिलाई माया गर्न प्रेरित गर्ने खालको होस् भन्ने मेरो चाहना छ ।

**जीवनमा गर्नुपर्ने भनी लागेको तर गर्न नसकेको कार्य कुन हो साहित्यमा ?**

ओहो ! यसको सूची त लामो हुन्छ हल्का तरिकाले सोच्ने हो भने तर सोचेजति गर्न सकिँदैन, तथापि नेपाली साहित्यमा अहिलेसम्म नभएका गहन अनुसन्धान गर्नुपर्ने कुरा निकै छन्, तथापि मलाई अतिशय काम गर्न मन लागेका चार पाँचओटा विषय छन्, तिनमा काम गर्न मन छ, हेरौं समय र परिस्थितिले के भन्छ । योयो काम गर्न मन लागेको छ भनेर विषय नै त अहिले नभनौं क्यारे ! अँ यी चार पाँचओटामध्ये एउटा विषयचाहिँ भन्छु, त्यो के भने नेपाली समालोचनामा सिद्धान्तको एउटा यस्तो बृहत् ग्रन्थ तयार पारुँ, जसमा साहित्यका नवीनतम र प्रमुख सिद्धान्तहरू समेटियून् । यस्तो प्रकृतिको काम गर्नैपर्ने भन्ने लागेको छ । यस्तो काम एक्लै सम्भव देखेको छैन । त्यो पनि हेरौं समयले कता डोर्‍याउँछ । अनेक नयाँ काम गर्न मन त छ तर गर्न सकिएको छैन ।

**गर्न नसकेका कारण केही छन् कि ?**

अरू खासै कुनै कारण छैनन्, एउटा कारण हो समयाभाव । अतिशय व्यस्तताका कारण समय दिन सकेको छैन । बगिरहेको समयलाई छोप्न सकें भने र शरीरले साथ दियो भने केही गर्न मन छ समालोचनाका क्षेत्रमा ।

**आफैले लेखेर आफैले पढ्दा वाह ! यो त लेखेछु भनेर आनन्द लागेको रचना वा कृति कुन हो तपाईंको ?**

ओहो ! कति जटिल प्रश्न ? आफ्नै रचना वा कृतिलाई कसरी 'वाह !'

भनूँ ? तर तपाईंले आनन्द लागेको भन्ने पदावली थप्नुभएको हुँदा अलि सजिलो भएको छ मलाई । यसक्रममा भन्नुपर्दा म दुई तीनवटा कृतिको नाम लिन सक्छु । *'समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण'* (२०६०), *'समकालीन नेपाली कविताका प्रवृत्ति'* (२०६६) र *'लघुकथाको रचनाविधान'* (२०७२) जस्ता समालोचना कृतिबाट म बढी सन्तुष्ट छु । *'जगदम्बा बृहत् नेपाली साहित्यको इतिहास'* अन्तर्गत मैले ६ वर्षको निरन्तर परिश्रमबाट साढेतीन लाख शब्दको *'आधुनिक नेपाली कविताको इतिहास'* लेखेर बुझाएको छु र यसबाट पनि म सन्तुष्ट छु । सृजनामा कथासङ्ग्रह, फुटकर कविता र निबन्ध छन् तापनि 'पुस्तकमा ध्यानस्थ छु म' शीर्षकको निबन्ध मलाई बढी प्रिय लाग्छ ।

**के कारण ती कृतिले आनन्द लागेको होला ?**

यसलाई क्रमशः भन्न चाहेँ । मैले *'समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण'* लेख्नुपूर्व यस विषयमा एउटा पनि पुस्तक थिएन र अहिलेसम्म पनि छैन । विम्बका बारेमा लेखिएको नेपाली साहित्यकै पहिलो पुस्तक भएकाले आनन्द लागेको छ । *'समकालीन नेपाली कविताका प्रवृत्ति'* मेरो विद्यावारिधि शोधप्रबन्धमा आधारित तर परिमार्जित पुस्तक हो । यस विषयको यो पनि नेपाली साहित्यमा पहिलो ग्रन्थ भएकाले आनन्द लागेको छ भने लघुकथाको विशुद्ध सैद्धान्तिक पुस्तकका दृष्टिले 'लघुकथाको रचनाविधान' पहिलो हो र यसबाट पनि आनन्द लागेको छ । निबन्धमा 'पुस्तकमा ध्यानस्थ छु' मा जति म अरू रचनामा पोखिन सकेको छैन, यसर्थ यो निबन्ध मलाई बढी मन पर्छ ।

**यहाँका दृष्टिमा धर्म र दर्शन के हो ? दर्शनलाई धर्मबाट अलग राखेर हेर्न सकिन्छ ?**

धर्म र दर्शन फरक कुरा हुन् । हामी धर्म शब्दको अङ्ग्रेजी रूपान्तर रिलिजन भन्छौं तर धर्म शब्दले जति बृहत्, व्यापक र गम्भीर अर्थ बोकेको हुन्छ, रिलिजन शब्दले त्यो गहिरो अर्थ बोक्दैन । दर्शन भनेर हामी पूर्व र पश्चिमका केही स्थापित दर्शनको कुरा गर्छौं, त्यतिले धर्म र दर्शन परिभाषित हुन सक्दैन । धर्मलाई धारण गर्ने चीज मानिन्छ । संस्कृतमा 'धारणात् धर्ममित्याहु' अर्थात् जसलाई धारण गरिन्छ, त्यो नै धर्म हो । दर्शन भनेको जीवन र जगत्लाई अझ भनौं आफैलाई, विश्वब्रह्माण्डलाई प्रमाण र तर्कद्वारा बुझ्ने ज्ञानशास्त्र हो । धर्म धारण गरिने हुनाले यो मान्छेको रगतसँग नै गाँसिएर आएको हुन्छ, त्यसकारण धर्म मान्छेको आस्था र विश्वाससँग जोडिएको कुरा हो भने दर्शन विचार, चिन्तन र तर्कसँग जोडिएको कुरा हो । यति हुँदाहुँदै पनि धर्म र दर्शनका बीच परिपूरक सम्बन्ध पनि छ र सापेक्ष-निरपेक्ष सम्बन्ध पनि छ । पूर्वीय दर्शनका सन्दर्भमा भन्नुपर्दा हिन्दू सनातन धर्मको आदिस्रोतग्रन्थ पनि वेद भएको र पूर्वीय षड्दर्शनको आदिस्रोत पनि वेद नै भएकाले धर्मसँग दर्शन जोडिएको हो ।

बौद्धदर्शनमा पनि बुद्धोपदेशलाई बौद्धधर्मसँग जोडिएकाले धर्म र दर्शन एउटै हुन् जस्तो भ्रम परेको हो । अरू धर्म र दर्शनमा पनि यस्तो स्थिति देखिन्छ । अझ यसरी बुझौं धर्म आत्मा, शरीर र मन हो भने दर्शन मष्तिष्क हो ।

**यहाँको लेखनका प्रारम्भिक दिनहरू कस्ता थिए ?**

मेरो लेखनको आरम्भ सोह्र वर्षको उमेरदेखि भएको हो । त्यति बेला म प्रवेशिकामा पढदै थिएँ । प्रकाशनको सर्वसुलभता थिएन । कुनै पत्रिकामा एउटा रचना छापिनु ठूलो कुरा हुन्थ्यो र एक महिनासम्म चर्चाको विषय हुन्थ्यो । यस्तो परिस्थितिमा २०३६ को *'नयाँ पुकार'* पत्रिकामा मेरो 'मातृभूमि' शीर्षकको कविता प्रकाशित भएको हो । त्यस समयदेखि अहिलेसम्म निरन्तर लेखिरहेको छु । मेरो पहिलो पुस्तक पाठ्यसामग्रीसँग सम्बन्धित थियो र त्यो २०४६ मा प्रकाशित भएको हो भने मेरो समालोचना यात्राचाहिँ २०४८ देखि सुरु भएको हो ।

**लेखक भएर बाँच्न कत्तिको सजिलो रहेछ ?**

आर्थिक रूपमा भन्नुभएको हो भने नेपालमा लेखेकै भरमा बाँच्ने स्थिति अत्यन्त कम छ र थोरै सङ्ख्याका लेखक मात्र लेखनले बाँचेको अवस्था छ । अझ त्यसमा पनि मैले लेख्ने मुख्य विधा समालोचना भएकाले यस विधाका पाठक स्वतः नै कम हुन्छन् । अझ त्यसमा पनि मेरा धेरैजसो पुस्तकले दोस्रो तेस्रो संस्करणको अनुहार देखेका छन् । राम्रै समालोचनाका पुस्तक पनि पहिलो संस्करणमै सीमित रहेका अवस्थामा समालोचना लेखेर लेखक भएर बाँच्न गाह्रो छ । नून, तरकारी पुग्छ, यथार्थ यही हो । आख्यानको बजारचाहिँ थोरैमात्र भए पनि सन्तोषजनक छ । आत्मसन्तुष्टिका रूपमा भन्नुभएको हो भने म त अत्यन्त खुसी छु । अरू भएर बाँच्नुभन्दा लेखक भएर बाँच्नु धेरै सजिलो । लेखक भएर बाँच्न पाउँदा आत्मिक रूपमा खुसी छु, सजिलो लागेको छ ।

**एउटा सफल लेखक बन्नका लागि के गर्नुपर्ला ? आफ्ना अनुभव केही छन् कि ?**

पहिलो कुरा त यहीँ प्रश्न आउँछ, सफल लेखक कस्तालाई भन्ने ? चर्चित लेखक सफल हो कि प्रतिष्ठित लेखक सफल हो ? यस कुरालाई गम्भीरतापूर्वक मनन गर्नुपर्छ । अहिले जमाना विज्ञापनको छ । जो जति चर्चित भयो, 'सेलिब्रेटी' भयो, उसैलाई सफल मान्ने आम प्रवृत्ति छ । म यसमा आंशिक सत्यता मात्र देख्छु । चर्चा क्षणिक हुन्छ, त्यसले इतिहास निर्माण गर्दैन । प्रतिष्ठित लेखक चर्चा चाहँदैन । यी दुईका बीचको भिन्नता कसले पर्गेल्ने ? त्यो पर्गेल्ने भनेको सचेत पाठक *(सबै पाठक सचेत हुँदैनन्)* र हाम्रो सरकारी साहित्य निकाय प्रज्ञा-प्रतिष्ठानले हो । चर्चित साहित्यकार बन्न के गर्नुपर्छ, त्यो तपाईं

बुझिहाल्नुहुन्छ तर प्रतिष्ठित लेखक बन्न चाहिने पहिलो कुरा त लेखनमा साधना र समर्पण नै हो। प्रतिभा आफ्नो ठाउँमा छ। प्रतिभालाई तेजिलो बनाउने काम साधना र समर्पणले गर्छ। दोस्रो कुरा हार्दिक र बौद्धिक दुवै किसिमका पाठकको भोक मेटाउने र तरङ्गित पार्ने कृति हुनुपर्छ। अरू लेखकले लेखेकोभन्दा फरक विषय र फरक शैलीमा लेख्न सक्यो भने त्यो लेखक सफल हुन्छ। 'फलानो पुस्तक यति महिनामै यति प्रति बिक्यो' भन्ने कुरा मात्र मापनको आधार हुँदैन। अहिले पनि लेखनाथ, देवकोटा, विपी, पारिजात आदि नै किन सबैभन्दा बढी पढिन्छन् ? यस प्रश्नमा मनन गर्नुपर्छ। तेस्रो कुरा कुनै पनि लेखकका रचना वा कृतिले कुनै नवीन विचार, चिन्तन र दृष्टिकोण दिनुपर्छ। त्यो दिन नसक्ने लेखकले इतिहासमा पृथक् स्थान लिन सक्दैन। यसबारे मेरो अनुभव भन्नुहुन्छ भने अरू कुरा मेरो लेखनका सम्बन्धमा मैले भन्ने होइन, पाठकले भन्ने हो। म यत्ति मात्र भन्न सक्छु- साहित्यप्रति, लेखनप्रति म प्रतिबद्ध छु र साधना एवम् समर्पण पनि छ। अहिलेलाई यत्ति भनुँ।

**यहाँको साहित्यिक सक्रियताका पछाडि के छ त्यस्तो रहस्य ?**

कुनै रहस्य छैन, विश्वविद्यालयका आफ्नो कर्तव्यभित्रका यावत् काम, सार्वजनिक व्यक्ति भएकाले तदनुरूप आइपर्ने काम र केही पारिवारिक सामाजिक कामहरूबाट बचेको समय कत्ति पनि दुरुपयोग गर्दिनँ। अरू कामहरूको चाप नभएका बेला त्यो समय पनि अध्ययन-लेखनमा नै जान्छ। यसै कारणले पनि सक्रियता देखिएको होला। यदि ईश्वरले आएर एउटा मात्र वरदान माग भन्ने हो भने म समय माग्छु। यसबारे अहिले यत्ति भनौं।

ट्याङ्ला, कीर्तिपुर।

ä ã

**गीत, गजल, म्युजिक भिडियो, विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन्।
1 . https://www.youtube.com/Shabdartha Music SM/
2 . https://www.youtube.com/Shabdartha Prakashan/

# आख्यानकार सुलोचना मानन्धर धितालसँग हंसा कुर्मीको कुराकानी

विसं. २०११ फागुन महिनामा काठमाडौँमा जन्मिएकी आख्यानकार सुलोचना मानन्धर नेपाली, चिनियाँ, नेवारी तीनै भाषामा राम्रो दखल राख्ने स्रष्टा हुन् । प्राध्यापन पेशामा रमाउने स्रष्टा सुलोचनाले विसं. २०३२ देखि नै साहित्यको विविध निबन्ध, नाटक, कथा, कविता विधामा कलम चलाएकी छन् । *कर्मयां भोग थैगछु २०३३, झ्यारखाना २०५६, अबुया लुमन्ति २०५९, जीवनया जः २०६९, तुंता (नेवारी चलचित्रको कथा लेखन)* आदि नेपाल भाषाका र *इतिहासका पानाहरू २०६०, अनुभूतिका थोपाहरू २०६०, अनुभूतिका थोपाहरू (श्रव्यदृश्य) २०६१, तेजोऽसी २०६५, अर्को गोलार्द्धका मनहरू २०६८* आदि नेपाली भाषाका साथ *चिनियाँ भाषा सिक्ने तरिका*समेत प्रकाशित छन् । करिब दुई दर्जनभन्दा बढी सम्मान र पुरस्कारहरूद्वारा सम्मानित आख्यानकार मानन्धरसँग ***वैजयन्ती*** पत्रिकाका लागि हंसा कुर्मीद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ :

**आफूले बाँचेको जीवन हेरेर तपाईंको जीवन दर्शन के हो ?**

आफ्नै जीवन बारे सोच्दा लाग्छ, आफैसँग प्रश्नु गर्छु, 'के हो जीवन ?' सङ्क्षिप्तमा भन्नुपर्दा यो त एउटा अमूल्य पाइनसक्नु उपहार हो समयको । सृष्टिमा सबैभन्दा सुन्दर र श्रेष्ठ 'मानव जीवन' यसलाई विभिन्न नाम र दृष्टिले हेर्न सकिन्छ । वर्तमानमा बसी जीवनलाई हेर्दा, मेरो जीवन दर्शनमा-जीवन भन्नु नै 'वर्तमान' मात्र हो । विगत त अब मसँग छैन, भविष्य भन्नु जो जन्मेकै छैन । यो वर्तमान पनि हिजोको कर्मले जन्माएको हो । जस्तो कर्ममा बाँचें म त्यसैको परिणाम/फल आज पाइरहेछु । यसको अर्थ विगत छैन भन्न पनि मिल्दैन तर अब मसँग छैन । विगतमा पुगेर कुनै कर्म सच्याउँछु भन्न पनि सक्दिनँ । हिजोको कर्मले दिएको सुख या दुःख अनुभूति आज गर्नु नै छ । आजको पवित्र क्षण नै हो जीवन ।

**भोलिको नेपाली साहित्य कस्तो होस् भन्ने लाग्छ यहाँलाई ?**

भोलिको बारे आजै बताउन अलि अप्ठ्यारो छ । आजको समय परिस्थिति हिजो जस्तो छैन । यो परिवर्तनशील समयको कुरा गर्दा ज्ञान विज्ञानकै कुरा, जीवनको कुरामा अनुमानै गर्न नसकिने घटना, दुर्घटनाहरू भइरहेका हुन्छन् । विभिन्न क्षेत्रमा, विश्वकै विभिन्न भागमा सुख-दुःख दुवै पक्षका परिवर्तन भई नै

रहेको कुराले साहित्यमा मात्र यस्तै हुनुपर्छ र होस् भन्न म सक्दिनँ । यद्यपि साहित्यका समाजको ऐना मात्र होइन मार्गदर्शक/नक्शा जस्तो होस् भन्ने चाहन्छु । प्रश्नकै जबाफ दिन पर्दा मलाई लागिरहेको कुरा हो । साहित्यले जहिले पनि पृथ्वी र पृथ्वीमा भएको सबै प्राणीहरूप्रति प्रेम/करुणा/सद्भाव विकास गर्ने मार्गदर्शनको काम गरोस् भन्ने लाग्छ । जबसम्म मान्छेले मान्छेलाई प्रेम गर्दैन, समृद्धिको निम्ति प्रयत्न गर्दैन, त्यस्तो साहित्य क्षणिक रमाइलो भए पनि अल्पकालीन हुन्छ र समयले त्यसको अर्थ पनि बुझ्दैन ।

**तपाईंले जीवनमा गर्नुपर्ने भनी लागेको तर गर्न नसकेको कार्य कुन हो साहित्यमा ? नसकेको कारण केही छन् कि ?**

जीवन र जगत्को कुरा भन्नु सीमाविहीन छ । जुन बेला जहाँ उभिएर हेरिन्छ- ठाउँ र समयअनुसार नै जीवनका रङ्गहरू दृश्यहरू फरकफरक देखिन्छन् । विभिन्न काल परिस्थिति उमेरकै कुरा गर्दा हिजो सोचिएका कतिपय कुराहरू आज अर्थविहीन जस्तो पनि लाग्छ । इच्छा, आवश्यकता पनि परिवर्तन भइरहेछ ।

कुनै बेला गर्नुपर्ने, लेख्नुपर्ने भन्ने लागेको धेरै कुराहरू अरूका कलमबाट पनि लेखिसकेका छन् । अरूले लेखी नै सकेका विषयहरूमा म प्रवेश गर्न चाहँदिन । नाम र पात्र फरक भएमा धेरै कथा, उपन्यास उस्तै लाग्ने उदाहरणहरू धेरै छन् । कुनै बेला वर्गीय, लैङ्गिक र जातिय भेदभाव समाजमा नहोस् भनेर कलम चलाएँ । आफै पनि अगाडि बढेँ । अहिले धेरै युवाहरू त्यो विषयमा लागेको देख्छु । सन्तोष पनि लाग्छ । कहिलेकहिले अर्कै मोड लिइदिए हुने भन्ने आशा पनि जाग्छ । तत्कालै लेख्नुपर्ने जस्तो धेरै कुराहरू एकजना महिला स्तम्भकारको रूपमा विभिन्न पत्रपत्रिकामा उही बेरा लेखी पनि सकेँ जस्तो लाग्छ । मैले जीवनमा धेरै काम गरेको क्षेत्र भनेकै 'लेखन' अक्षर यात्रा नै हो । देशमा मात्र होइन, विदेशमा बस्दा पनि लेखेको छु । विदेशकै पत्रपत्रिकामा अनुवाद भएर छापिएका छन् । अब उत्तरार्द्धमा पुग्दै गरेको समयमा यो प्रश्नलाई हेर्दा- आफैलाई भन्न गाह्रो भइरहेको छ । 'सम्पूर्ण आकाश' स्तम्भमा सम्पूर्ण नभए पनि धेरै विषयमा छोइसकेँ जस्तो लाग्छ र पनि अहिले जीवनको उत्तरार्द्ध लेख्न सकेको छैन भन्ने लाग्छ । नारीकै विषयमा अझै केही लेख्न बाँकी छ कि भन्ने पनि लाग्छ । जातिय भेदभावको अन्त्यको निम्ति अझै-अझै कलम निर्खान बाँकी रह्यो कि भन्ने पनि लाग्छ । नसेको कारण खोज्दा आफ्नै आलस्यपन देख्छु कहिलेकाहीँ, अरूलाई दोष छैन ।

**आफूले लेखेर आफैले पढ्दा वाह ! यस्तो लेखेँ छु भनेर आनन्द लागेको रचना वा कृति कुन हो तपाईंको ? के कारण त्यसले आनन्द लागेको होला ?**

आफैले लेखेर आफैलाई 'वाह के लेखेँ छु !' भन्ने जस्तो लागेको छैन ।

अरू कसैले भनेपछि मात्र 'ए यस्तो पनि लेखिएछ' भन्ने लाग्छ । लामो समय कविता प्रकाशन गरिनँ । जब मेरो अप्रकाशित पहिलो पाण्डुलिपि कवितासङ्ग्रह राजनैतिक कारणले इनारमा खस्न पुग्यो । निकै समयपछि कवि मञ्जुल मेरो घरमा पुग्दा, मेरो अप्रकाशित कविता डायरीबाट पढेर सुनाएँ । उहाँले चित्त दुख्ने गरी गाली गर्नुभयो- 'यस्तो कविता पनि लुकाएर राख्ने हो ?' भनेर ।

कविको मुखबाट सुनेपछि- ' ए मैले राम्रै लेखेको रहेछु....' भन्ने भयो । सन् २००३ मा 'अनुभूतिका थोपाहरू' नाम दिएर कवितासङ्ग्रह निकालेँ । इनारमा खसिसकेका कवितालाई बिर्सिदिएँ । अनुभूतिका थोपाहरू पुस्तकमा मात्र होइन त्यो बेला नै श्रव्यदृश्य भिसिडीमा पनि भयो र अन्तर्राष्ट्रिय जगत्मा पनि पुग्यो र २००४ मा बर्लिनमा मनोनित भयो । २००५ मा न्यूयोर्कमा पुरस्कार '१० हजार' डलर दिने कुरा पनि भयो । पुरस्कार थाप्न भनेर मान्छे पनि गयो तर हरायो । कहिल्यै फर्केर आएन पुरस्कार र पैसा बोकेर । दिक्क लाग्यो मान्छेसँग । धेरै खुसी पनि छैन, दुःखी पनि छैन । स्वान्त सुखायको निम्ति पनि धेरै लेखेँ । त्यसैले आफ्नै रचनाप्रति 'वाह' भन्नु पनि छैन । 'के लेखे छु, हत्तेरिका भन्नु पनि छैन । जे जे लेखेँ, कहिले कहिले कर्म ठानेर लेखेँ । कहिले मनको बह पोखाएँ । कहिले प्रेम पनि बाँडे हुँला लेखेर । लेखुञ्जेल आनन्द लाग्छ । ध्यानमग्न भई लेखेको बेला ध्यानमै रहेको जस्तो पनि लाग्छ । 'वर्तमान' तत्कालमा रही लेखन कर्म गर्नु पनि मज्जै लाग्थ्यो । अहिले पनि लेखनमा रमाउँछु ।

**धर्म र दर्शन के हो तपाईंको दृष्टिमा ? दर्शनलाई धर्मबाट अलग राखेर हेर्न सक्नुहुन्छ ?**

'धर्म दर्शन' भन्नाले यस्ते हो र हुनुपर्छ भनी व्याख्या गर्न सक्दिनँ तथापि अङ्ग्रेजीमा यसलाई 'रेलिजन' निश्चित विश्व दृष्टिकोणअनुसार केही माथि अथवा कसैमाथि श्रद्धा, आस्था राखी गरिने- शील, कर्मकाण्ड, परम्परा, संस्कृति सबैको योगलाई धर्म भनिन्छ । अर्को पुण्यकर्म गर्नुलाई पनि धर्म नै भनिन्छ तर यसमा पनि आ-आफ्नो दृष्टिअनुसार फरक पनि हुन्छ । जस्तो कि पशु बलिलाई कसैले धर्म मान्छन् त कसैले पाप । मेरो सोचाइमा धर्मको अर्थ कुनै कुरामा अन्तर्निहित नैसर्गिक प्रकृति स्वभाव हो । जस्तो पानीको धर्म माथिबाट तल ओल्र्नु हो, बग्नु हो ।

बौद्ध शब्दावलीमा कुनै पनि हामीले देख्ने घटित घटनाहरू, अस्तित्वको हरेक कुराहरूको प्रवृत्ति स्वभाव अन्तर्निहित गुणअनुसार नै फरक हुन्छ । कर्मअनुसारको परिणाम हुन्छ भन्ने कुरामा जोड हुन्छ । यस अर्थमा धर्म र दर्शन बीचमा फरक हुन्छ । कहिले कहिले पर्यायवाची शब्दमा प्रयोग हुन्छ । म अलि बढी बौद्ध दर्शनबाट प्रभावित छु, बौद्ध दर्शनमा 'मान्छेको जीवन पनि आफ्नै

कर्मअनुसार भएको हो' भन्ने दर्शनलाई मान्छु । बौद्ध दर्शनमा 'अष्टाङ्गिक मार्ग' लाई प्रमुख मानिन्छ । यसमा दृष्टि, सम्यक दृष्टिलाई पहिलो स्थानमा राखिएको छ । दृष्टि सही भएन भने जीवन भ्रममा (मिथ्यामा) बाँच्नुपर्छ । त्यसपछि उसका सबै कर्महरू त्यसैको प्रभावअनुसार मिथ्यादृष्टिले प्रभावित पाप या धर्म पनि यसै अनुसार हुन्छ । यो कुराको स्पष्ट व्याख्या गर्न सजिलो छैन, प्रश्न नै आइसकेपछि आफूलाई लागेको कुराको मात्र सरल जबाफ हो ।

**साहित्यमा मन छुने विधा कुनलाई मान्नु हुन्छ ?**

